वर्ष : १४, अंक : ४२, काठमाडौं, २०७५ माघ २५ गते शुक्रबार 8 February 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००|- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## सभामुखलाई फोरमको ज्ञापनपत्र

काठमाडौं । सत्तारूढ संघीय समाजवादी फोरम नेपालले पार्टीका प्रतिनिधिसभाका सांसद हरिनारायणप्रसाद रौनियारको निलम्बन तत्काल फुकुवा गर्न माग गर्दै सभामुख कृष्णबहादुर महरालाई ज्ञापन पत्र बुझाएको छ । उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम, नेपालले पार्टीका पर्सा क्षेत्र नम्बर ३ का प्रतिनिधिसभाका सांसद रौनियारलाई संविधान र प्रतिनिधिसभा नियमावली विपरीत निलम्बन गरिएको निष्कर्ष निकाल्दै तत्काल फुकुवा गर्न माग गर्दै बुधबार सभामुख महरालाई ज्ञापन पत्र बुझाएको हो । सांसद रौनियार प्रमुख रहेको पप्पु कन्सट्रक्सन प्रालि कालोसूचीमा परेपछि संघीय संसद सचिवालयले गएको असोज १९ गते सांसद रौनियारलाई निलम्बन गरेको थियो । सो निलम्बन संविधान र प्रतिनिधिसभा नियमवली विपरीत रहेकाले सांसद रौनियारको निलम्बन तत्काल फुकुवा गरी संसदीय गतिविधिमा सहभागी गराउन माग गर्दै सभामुख महरालाई ज्ञापन पत्र बुझाइएको संसदीय समाजवादी फोरम, नेपालका महासचिव रामसहाय प्रसाद यादवले जानकारी दिए । संघीय समाजवादी फोरम, नेपालको गएको माघ १८ गते बसेको पार्टी संसदीय दलको बैठकले संविधान र प्रतिनिधिसभा नियमावली विपरीत पार्टीका सांसद रौनियारलाई संघीय संसद सचिवालयले निलम्बन गरेको ठहर गर्दै तत्काल फुकुवा गर्न सभामुख महरालाई ज्ञापन पत्र बुझाउने निर्णय गरेको थियो । त्यसै निर्णय अनुसार पार्टीले बुधबार त्यससम्बन्धमा सभामुख महराको ध्यानाकर्षण गराएको हो ।

## "वार्ता गर्न गठबन्धन तयार"

काठमाडौं । राज्यबाट उचित र उपयुक्त वातावरण निर्माण गरिए स्वतन्त्र मधेश गठबन्धनले वार्ता र सम्वाद गर्न तयार रहेको गठबन्धनका प्रवक्ता अब्दुल खानले जनाएका छन् । शान्तिपूर्ण मार्गद्वारा आन्दोलनरत स्वतन्त्र मधेश गठबन्धनले नेपाल सरकारसँग वार्ता तथा सम्वादमा जान तयार हुँदा सरकारबाट बेवास्ता गरिनु दुःखद रहेको प्रवक्ता खानले विज्ञप्तिमार्फत् जनाएका छन् । शान्तिपूर्ण मार्गबाट विचलित नभईकन मधेशको पूर्ण हक अधिकारका लागि आवाज उठाइरहेको स्वतन्त्र मधेश गठबन्धन नेपाल सरकारसँग वार्ता र सम्वाद गर्न तयार हुँदाहुँदै पनि नेपाल सरकारको तर्फबाट गठन गरिएको वार्ता समितिले गठबन्धनसँग वार्ता गरेको थिएन । यसप्रति गठबन्धनको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । 'मुलुकको उन्नति र दिगो विकासका लागि हामी जटिलभन्दा जटिल समस्या समाधान गरी लोकतन्त्र र संघीय प्रणालीलाई जोगाउन तयार रहेको' प्रवक्ता खानले जनाएका छन् ।

# राजपा नेताहरूको दोहोरो रणनीति

## केन्द्रमा सत्तासँग साँठगाँठ, कार्यकर्तालाई आन्दोलनका लागि तयार रहन निर्देशन

**मधेशवाणी डेस्क**

काठमाडौं । राजपा नेपाल अहिले दुविधाग्रस्त अवस्थामा रहेको पार्टीका नेताहरूको पछिल्लो भनाइबाट पुष्टि भइरहेको छ । उसले केन्द्रमा संघीय सरकारसँग विभिन्न मुद्दामा सहकार्य गर्न खोजिरहेको छ भने तल्लो तहमा कार्यकर्तालाई आन्दोलनका लागि उस्काइरहेको छ । राजपाका केन्द्रीयस्तरका नेताहरू प्रधानमन्त्री केपी ओलीसँग गोप्य भेटघाट गरी आफ्नो 'सेफल्यान्डिङ' गर्न चाहिरहेका छन् ।

किनकी अब राजनीतिक मुद्दाभन्दा पनि विकासमा केन्द्रित हुनुपर्ने आवाज प्रदेश २ भित्र जोडदार रूपमा उठिरहेको पाइन्छ । आफ्नै हातमा डाडूपन्यू रहेको प्रदेश २ मा काम गरेर देखाउनुपर्ने चुनौती दुवै मधेशी दल राजपा र संघीय समाजवादी फोरमलाई छ । त्यसका लागि केन्द्रमा सत्तासीन वाम गठबन्धन, खासगरी प्रधानमन्त्री ओलीसँग सम्बन्ध सुधार्दा फोरम र राजपालाई फाइदा हुने आकलन गरिएका छन् ।

यद्यपि विगतका आफ्ना मुद्दामा नेकपासँग 'लतारिएर गएको' भन्ने सम्भावित आरोप लाग्नसक्ने भयले उसलाई प्रधानमन्त्री ओलीसँग धेरै हिमचिम नबढाउन दबाब परिरहेको एकथरी ठान्छन् । शायद, संविधान संशोधनविना ओली नेतृत्वको सरकारमा सहभागी नहुने उसको अडान भने अहिले पनि कायमै छ ।

राजपा अहिले पनि मधेशका जनताको मनोभावना विपरीत काम गरिरहेको छ । उसलाई आफूले उठाउँदै आएको मुद्दालाई लागू गराउन र संस्थागत गर्न ठूलो जिम्मेवारी छ तर पार्टी भित्रको आन्तरिक द्वन्द्वले पार्टी कमजोर बन्दै गइरहेको छ ।

किनभने चक्रीय प्रणालीअनुसार हरेक दुई महिनामा संयोजक परिवर्तन गर्ने राजपा नेपालको विधानमा उल्लेख छ । जसअनुसार छवटा अलग-अलग पार्टीबाट राजपा नेपालमा समेटिएका नेताहरूको एकपटक जसरी पनि संयोजक बन्ने स्वार्थका कारण महाधिवेशनको तयारी प्राथमिकतामै परेको छैन । जसरी पनि नेतृत्व आफ्नो पोल्टामा कसरी ल्याउने प्रतिस्पर्धाका कारण शीर्ष नेताहरूबीच नै मनमुटावको स्थिति छ ।

हरेक पाँच वर्षमा महाधिवेशन गर्नुपर्ने संवैधानिक व्यवस्था छ । त्योभन्दा अघि बढेर राजपा नेपालको विधानमा दुई वर्षमै महाधिवेशन गर्ने लेखिएको छ । एक वर्षभित्र गर्ने भनिएको महाधिवेशनका लागि राजपा गठनको डेढ वर्ष बितिसक्दा पनि कुनै तयारी छैन । कबोल गरेको एक वर्षमा महाधिवेशन गर्न नसक्दा निर्वाचन आयोगले राजपालाई स्मरण पत्र थमाइसकेको छ । राजपाले भने आन्तरिक व्यवस्थापन हुन नसकेको जवाफ फर्काउँदै आएको छ । क्षेत्रीय र जिल्ला अधिवेशन तर परको कुरा, वडा कमिटीसमेत गठन



गर्न नसकेको राजपाका नेताहरू भने वैशाखमै महाधिवेशन सम्पन्न गर्ने दाबी गर्न छाडेका छैनन् ।

चक्रीय प्रणालीअनुसार जिल्ला तहमा पनि दुई महिनामै नेतृत्व परिवर्तन हुने हुँदा त्यसको असर महाधिवेशनमा पर्नेछ । अलग अलग पार्टीबाट राजपामा आएका नेताहरूलाई तल्लो तहमै संगठन निर्माण गर्न चुनौती छ । छ वटा अलग अलग पार्टीवाट राजपामा समेटिएका नेताहरूको नेतृत्व लिने प्रतिस्पर्धाका कारण वैशाखमा गर्ने भनिएको महाधिवेशनमा अन्योल देखिएको छ ।

**तयार रहन कार्यकर्तालाई निर्देशन**

रौतहटमा राजपा नेपालका अध्यक्ष मण्डलका चारजनाले संविधान संशोधनको पक्षमा अभिमत जाहेर गरेका छन् । जिल्लाको चन्द्रपुरमा क्षेत्रीय पार्टी कार्यालयको उद्घाटन गर्ने क्रममा राजपाको अध्यक्षमण्डलका चार सदस्यले संविधान संशोधन अनिवार्य रहेको बताउँदै सरकारले संविधान संशोधन नगरे आन्दोलनको लागि तयार रहन कार्यकर्ताहरूलाई निर्देशन दिए ।

राजपा अध्यक्ष मण्डलका संयोजक महेन्द्र राय यादवले संविधान संशोधन अपरिहार्य रहेको उल्लेख गर्दै वर्तमान संविधानले मधेशी, आदिवासी जनजाति, मुस्लिम, महिला तथा सीमान्तकृत वर्गलाई उपेक्षित गरेको बताउँदै संयोजक यादवले समानताको लागि संविधान संशोधन अपरिहार्य रहेको स्पष्ट पारे । संयोजक यादवले उनीहरूको आर्थिक, सामाजिक तथा भाषिक समानताको लागि संविधान संशोधन एकमात्र विकल्प भएको जिकिर पनि गरे । नेता यादवले शताब्दियौँदेखि मधेशमा उपेक्षित भएर बसेका विभिन्न जातजाती र वर्गको सम्मानका लागि राजपा नेपाल आन्दोलित रहँदै आएको बताउँदै संविधान संशोधन नभए पुनः आन्दोलनको लागि तयार रहन कार्यकर्तालाई निर्देशन दिए ।

यस्तै, अध्यक्ष मण्डलका सदस्य महन्थ ठाकुरले विपक्षीको कुरो सुन्दै नसुन्ने सरकार अलोकतान्त्रिक भइसकेको आरोप लगाए । सरकारले लोकतान्त्रिक स्वतन्त्रतालाई निषेध गरेर अघि बढेको आरोप लगाउँदै नेता ठाकुरले जनताको अधिकार कुण्ठित हुने अवस्था आएको समेत आरोप लगाए । नेपालको जीवनमार्ग मधेश भएकोले संघीय सरकारबाट मधेश उपेक्षित हुँदा देशको जीवनमार्ग नै प्रभावित भएको तर्क नेता ठाकुरले गरे । अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले नेपाल सबै नेपालीको हुनुपर्नेमा नेपाल सबै नेपालीको नभएको आरोप लगाए । अध्यक्ष मण्डलका अर्का सदस्य अनिल झाले जनताको अधिकार नहुन्जेल राजपा नेपाल संघर्षमा रहने बताए । नेता झाले पहाडी समुदायको भविष्य प्रदेश २ मा रहेकाले राजपा नेपालमा जोडिन आह्वान पनि गरे ।

## नेपाल-भारत वाणिज्य सन्धी सहसचिवस्तर बैठक

काठमाडौं । नेपाल र भारतको १० वर्ष पुरानो वाणिज्य सन्धीको पुनरावलोकनका लागि सहसचिवस्तरीय बैठक पोखरामा सुरू भएको छ । नेपालले भारतीय बजारमा सामानहरू लैजान कसरी सजह बनाउने, भन्सार दर, यातायातलगायतका विषयमा छलफल भइरहेको छ । यस्तै, भन्सार शुल्क जसमा नेपालले कृषिजन्य बस्तुको भन्सार छुट माग्ने, बस्तु जुन नेपालबाट भारत निर्यात हुन्छ त्यसमा छुट माग्ने, रेलमार्ग विस्तार जलमार्गको प्रवेशमा सहजताको विषयलाई उठान गर्ने लगायतका विषयमा छलफलको अजेन्डा तोकिएको छ । सन् २००९ मा भएको सन्धी पुनारावलोकनको लागि यसअघि नेपाल र भारतबीच दिल्लीमा



गत अगस्टमा वार्ता भएको थियो । सन्धी पुनरावलोकनका लागि भारतीय पक्ष सकारात्मक देखिएको छ । सह-सचिवस्तरीय बैठकमा नेपालको तर्फबाट ९ र भारतका तर्फबाट ७ जना गरि १६ जनाको छलफलमा सहभागी छन् ।




**समय सन्दर्भ**

जयकृष्ण गोइत



# नेपाली शासनबाट यसरी मुक्त भएको थियो 'तराई'

**कम्पनीका प्रतिनिधि र नेपालका प्रतिनिधिबीच केही महिनासम्म कैयौं पटक संन्धि वार्ता भए । नेपालले तिस्टादेखि मेचीसम्म तथा महाकालीदेखि सतलजसम्मको भूभाग युद्ध अपराधमा कम्पनीलाई सुम्पियो ।**

नेपालमा पढिने-पढाइने र चर्चामा रहेकोका इतिहासका सामग्री अनुसार नेपालको पहिलो शाह वंशीय राजा पृथ्वीनारायण शाहले आफ्नो जीवनकालमा ब्रिटिश विरोधी सशस्त्र सन्यासी विद्रोह दमन तथा प्रतिवर्ष भित्री तराईको तिरो वापत हात्ती र बाहिर तराईको तिरो वापत नगद रकम बुझाउने शर्तमा तराई प्रदेशको जमिन्दारी ब्रिटिश ईष्ट इण्डिया कम्पनीबाट लिएका थिए ।

इतिहासको घटनाक्रममा राजा पृथ्वीनारायण शाह, राजा प्रतापसिंह शाह, बालक राजा रणबहादुर शाहका नायब महारानी राजेन्द्रलक्ष्मी देवी शाह र नायब राजकुमार बहादुर शाहको ब्रिटिशप्रतिको मित्रवत् र व्यवहारपरक नीति उनीहरूपछिका नेपालका भाई भारदारहरूका लागि बढी अग्राह्य र अरूचिकर बन्न पुग्यो । संसारको जङ्गे मैदानमा ब्रिटिशका ज्यानी दुश्मन भइरहेका फ्रान्सका सेनापति र विशेषज्ञलाई नेपालमा झिकाई ब्रिटिश सैनिकसित युद्ध क्षेत्रमा मुकाबिला गर्नका निम्ति नेपाली फौजलाई तालिम जनरल भीमसेन थापाले गराए । भारतीय उपमहाद्वीपमा बेलायत र फ्रान्सको द्वन्द्व चलिरहेको बेला नेपाल फ्रान्सको पक्षमा लागे ।

नेपाल विस्तार अभियानलाई सन् १७८९ मा तिस्टा नदीदेखि पूर्व बढनबाट सिक्किमी र भूटानी सेना, सन् १७९२ मा वर्तमान उत्तरी सीमादेखि अगाडि बढनबाट तिब्बती र चीनी सेना, सन् १८०९ मा सतलजदेखि पश्चिम बढनबाट काँगडाली र सिख सैन्य वलले रोकेको थियो ।

तर, दक्षिणमा नेपालको कम्पनी क्षेत्रमा आक्रमण, झडप, लुट, आगजनी आदि जारी नै रह्यो । मुजफ्फरपुर डिस्ट्रिक्ट गजेटियर अनुसार सन् १८१३ सम्ममा नेपाली फौजले तिरहुतको लगभग २०० गाउँहरूलाई कब्जामा लिएका थिए भने अनेक गाउँमा सम्पति लुटेर आगो लगाएका थिए । ११ मार्च, १८१४ मा कम्पनी सरकारका गभर्नर जनरल लार्ड मर्कविस आफ हेस्टिडले नेपाल दरबारलाई चेतावनीपूर्ण एउटा पत्र पठाए । गभर्नरको चेताबनी पत्र पाएर भीमसेन थापाले भारदारी सभा बोलाएर युद्ध गर्ने निर्णय लिए । सन् १७९२ को वेत्रावती-सन्धि अनुसार नेपालले सैनिक सहयोगको लागि चीनलाई पत्र पठाए । अब नेपाल र कम्पनीबीच युद्ध अपरिहार्य हुन गयो । तर ला'र्ड हेस्टिंग्सको सामू दुईवटा कठिनाई थियो । पहिलो त ला'र्ड हेस्टिंग्स चाहन्थ्यो कि युद्ध घोषणा गर्नुभन्दा पूर्व नेपालमा व्यापार गरिराखेका ब्रिटिश नागरिकहरूलाई पूँजीसहित नेपालबाट फिर्ता बोलाउने, दोस्रो यदि युद्ध लामो समयसम्म चल्यो भने निकै खर्चको आवश्यक्ता हुने भएकाले त्यसको पनि प्रबन्ध गरि हाल्ने । त्यसबेला कम्पनी सरकारको

*बाँकी पृष्ठ २ मा*

 सम्पादकीय 

# कुचो समाउँदैमा सफाइ हुन्छ ?

प्रदेश २ को सरकारले आठैवटा जिल्लामा मुख्यमन्त्री स्वच्छता अभियान सुरू गरेको छ। मुख्यमन्त्री मो.लालबाबु राउतले वीरगञ्जबाट यो अभियानको थालनी गरेका हुन्। स्वच्छता अभियान किन आवश्यक छ भन्ने प्रश्नको जवाफ सजिलो छ। किनभने स्वच्छ वातावणबाटै नै हामी स्वस्थ्य रहन सक्छौं। तर प्रदेश २ को स्वच्छताको अवस्था हेर्ने हो भने कहालीलाग्दो छ। प्रदेश २ को खासगरी बारा र पर्साका राजमार्ग क्षेत्रमा तीव्र औद्योगीकरणका कारण वायु प्रदूषण र अन्य औद्योगिक फोहोरमैला विसर्जन निरन्तर वृद्धि भइरहेको छ। फोहोरका कारण सबैजसो नदीनाला ढल बन्ने अवस्थामा छन्।

मुख्यमन्त्रीले सफाइ अभियान थाल्दा उनका समर्थक तथा अधिकारीहरूले ताली बजाएर कार्यक्रमको स्वागत गरेका थिए तर यो स्वच्छता अभियानलाई कसरी प्रभावकारी बनाउने दिशामा कसैको ध्यान गएको देखिदैन। किनभने सफाइ अभियान सफल तुल्याउन र वाचालाई प्रतिबद्धतामा बदल्ने कार्य सहज छैन। उद्योगधन्दाले निकाल्ने वायु र अन्य प्रदूषणको निगरानी भएको छैन भने प्रदेश २ मा पर्ने सिर्सिया, वागमती, कमला र लालबकैया जस्ता नदीनाला खुल्ला ढलमा परिणत भइरहेका छन्।

नेपालको कानुनमा नदीनालामा पनि झोल तथा ठोस फोहोर फाल्न वर्जित छ। तर प्रदेश २ मा कुनै रोकटोक छैन। कानुन लागू भएको छैन।

प्रदेश २ का आठवटै जिल्लाका पोखरीहरूको संरक्षण, सरसफाइका तथा सौन्दर्यीकरणका लागि टेन्डर आह्वान गरिसकिएको छ। सबै जिल्लामा दुईवटाको दरले सुलभ शौचालयका लागि प्रक्रिया अगाडि बढाइएको छ। वृक्षरोपण कार्यक्रम, स्वच्छ खानेपानीका लागि व्यवस्थापन र खासगरी दलित बस्तीमा स्वच्छता तथा सरसफाइ अपनाउने खालको कार्यक्रम शुरूवात पनि भएको छ।

**तर व्यापक रूपमा बढेको प्रदूषण नियन्त्रण गर्ने कार्य सबैभन्दा ठूलो चुनौती हो। अर्को चुनौती पूरै प्रदेशलाई खुला दिसामुक्त गर्नु हो।**

तर व्यापक रूपमा बढेको प्रदूषण नियन्त्रण गर्ने कार्य सबैभन्दा ठूलो चुनौती हो। अर्को चुनौती पूरै प्रदेशलाई खुला दिसामुक्त गर्नु हो। प्रदेश सरकारले अभियान थाल्नुअघि प्रदेश २ का महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँ नगरपालिकालाई ध्वनि र प्लास्टिकजन्य पदार्थबाट मुक्त गराउने अभियान थाल्नु जरूरी छ। कतिपय ठाउँमा हर्न समेत निषेध गरिएको थियो तर त्यो लागू हुन सकेको छैन। यसले प्रदेश सरकारको काम प्रभावकारी भइनरहेको थाहा हुन्छ। कुनै पनि नगरमा फोहर व्यवस्थापनका लागि निश्चित स्थान छैन। फोहोरमैला व्यवस्थापनका लागि निर्माणाधीन डम्प साइट काम वर्षौंदेखि रोकिएको छ।

फोहोरलाई वैज्ञानिक किसिमले व्यवस्थापन नगरिएका कारण प्रदेश २ का सबै नगर क्षेत्र दुर्गन्धित र प्रदूषित छ। प्रदेशमा रहेका साना तथा ठूला उद्योगहरूबाट निस्किने धुलो, धुवाँ र ठोस तथा रसायनिक फोहोरले वातारणलाई प्रदूषित बनाउँदै आएको छ। तर त्यसको अनुगमन र सजायको अभावमा फोहर तथा प्रदूषण नियन्त्रण हुन सकेको छैन।

वीरगन्ज, सिमरा, जीतपुर, छातापिपरा, परवानीपुर लगायत बारा तथा पर्सा कोरीडरमा स्थापना भएका उद्योगहरूले वातावरणमा नकारात्मक असर परिरहेको छ। रसायनयुक्त प्रदूषित तरल पदार्थ उद्योगले सिधै नदीमा मिसाउने गरेका छन्। त्यसका कारण जल प्रदूषण बढेको र माछा भ्यागुता जस्ता जलचरहरू समेत मर्ने गरेका छन्। विश्व स्वास्थ्य सङ्गठनले तय गरेको मापदण्ड अनुसार प्रतिलिटर पानीमा पाँच सय मिलिग्रामभन्दा बढी ठोस वस्तु भेटिए त्यो पानी प्रदूषित हुन्छ।

विगतमा सिर्सिया नदी स्वच्छ र सफा थियो। तर छाला र घ्यू लगायत विभिन्न उद्योगको रसायनयुक्त दूषित पानी खसाल्नाले नदी तथा पोखरी प्रदूषित बन्दै गइरहेकोप्रति सम्बन्धित निकायले यसमा कुनै चासो दिएका छैनन्।

पूरै वातावरण नै प्रदूषित हुन थालेको कारण मानिस, जनावर र चराचुरूङ्गीको स्वास्थ्यमा प्रतिकूल असर पर्न थालेको छ। प्रदूषणको मारमा नदी किनारका बासिन्दा रहेका छन्। पशु चौपायामा समेत विभिन्न किसिमको रोगको संक्रमण देखिने गरेको छ।

विगत समयमा थुप्रै पटक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टोलीले उद्योगहरूबाट निस्किने प्रदूषणले वातावरण नै बिगारेको भन्दै प्रतिवेदन सार्वजनिक गरे पनि स्थानीय सरकार गठनको डेढ वर्ष बितिसक्दा प्रदूषण नियन्त्रणका लागि ठोस कदम चाल्न नसकेको छैन। यस्तो अवस्थामा मुख्यमन्त्री स्वच्छता अभियान नामले जति राम्रो भए पनि काम भने प्रभावकारी हुनेमा आशंका गर्न सकिन्छ।

## सातोको सात बात


राजनीतिक स्थिरताको लागि पार्टी एकिकरण जरूरी छ, पार्टी एकताको काम आगामी फगुनको पहिलो सातासम्म टुङ्गो लाग्नेछ। सरकारको काम वाहीर त्यती नदेखिए पनि युगान्तकारी काम भइरहेको छ। **पुष्पकमल दाहाल, अध्यक्ष नेपाल कम्युनिष्ट पार्टी**


पूजीँवाद र साम्यवाद दुवैको सिङ भाचिएको छ। अव यी दुवै वादको पक्ष लागेर अघि बढ्न सकिदैन। अव हामी न्याय पूर्ण समाज, आर्थिक सम्मृद्धि र वैज्ञानिक लोकतन्त्रको बाटोमा अघि बढ्नुपर्छ। **डा.बाबुराम भट्टराई, संयोजक नयाँ शक्ति पार्टी नेपाल**


सरकार बहुमतले नै चलाउने हो, संसदमा निर्णय बहुमतले नै गर्ने हो, बहुमतले निर्णय गर्न पाइदैन हामीले भनेका छैनौं तर प्रतिपक्षको विरोध हुँदा हुँदै बहुमतको दम्भले मात्र सरकार चल्दैन पाँच वर्षलाई शासन चलाउने जिम्मेवारी पाएको वर्तमान सरकार सच्चिएर अगाडी बढ्न जरूरी छ। **विश्वप्रकाश शर्मा, प्रवक्ता, नेपाली कांग्रेस**


कुनै पनि देशको आन्तरिक मामिलामा बाह्य हस्तक्षेप हुन हुँदैन, कुनैपनि देशमा कुनै प्रकारको समस्या पैदा भएमा त्यसै देशका जनताले स्वतन्त्रतापूर्वक शान्तिपूर्ण बाटोबाट समाधान गर्नुपर्छ। विश्वशान्ति, समझदारी र समृद्धिको पक्षमा हामी सधै लाग्नुपर्छ। **विष्णुप्रसाद पौडेल, महासचिव, नेपाल कम्युनिष्ट पार्टी**


अहिले देश टुक्राउने र पुरानै राज्य व्यवस्था फर्काउन चाहनेहरू सक्रिय छन्, उनीहरूबाट हामी सचेत हुनुपर्छ। सरकारले अघि सारेको समृद्ध नेपाल, सुखी नेपाली अवधारण अनुसार देशको विकास र सुशासनका निम्ती सबै जनताले एक ढिका भएर सरकारलाई सहयोग गर्नुपर्छ। रामबहादुर थापा, गृहमन्त्री


अबको चार वर्षको अवधिमा देशभित्रका सबै गाउँपालिकालाई कालोपत्रे सडक सञ्जालले जोड्ने गरी सरकारले कामकाज अगाडी बढाएको छ। हुलाकी राजमार्गको निर्माण सँगै मधेशमा विकासका गतिविधिहरूले तिव्रता पाउने छ। **रघुविर महासेठ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री**


हामी रचानात्मक प्रतिपक्षको भूमिकामा थियौं र छौं। हामी जिम्मेवार प्रतिपक्ष बन्छौं तर प्रतिपक्षले उठाएका विषयमा सरकार जिम्मेवार भएन। प्रतिपक्ष दलका नेतालाई जालझेलमा राखेर आयोगमा अध्यक्ष सिफारिस भएका छन्। यस्ता निर्णय नसच्याए हामी पुनः आन्दोलनमा जान बाध्य हुनेछौं। **गगन थापा, सांसद, नेपाली कांग्रेस**

# टैगोरको शान्ति निकेतनबाट देशतिर नियाल्दा


जेपी गुप्ता

अनसनमा मरेकाहरूको शृङ्खला लामो छ। बीपी कोइराला २९ वा २१ दिनसम्म अनसन बस्नु भयो। शताब्दिऔं सम्मका लागि तिरस्कारका पात्र बनाइएका तत्कालीन राणा प्रधानमन्त्रीले उहाँलाई रिहा गरिदियो। तर, आयरल्याण्डको मागका लागि संसार मै लामो समयसम्म अनसन बसेका बबी सैंड्स अनसनरत् नै मरे। राणा शासन बढी जनअपेक्षालाई कदर गर्ने थिए कि मार्गरेट थ्याचरको बेलायत यस बारे छलफल हुँदै गर्ला।

महात्मा गान्धीको सफलताका आंकलन गर्ने अध्येताहरू भन्छन् यदि गान्धीको लडाई कानूनी राज्यका प्रणेता वा पक्षपोषक ब्रिटिससँग नभएको भए गान्धी किमार्थ पनि सफल हुने थिएनन्। सन् १९६८ मा बीपीले बाराणसीको राजघाटमा आयोजित सम्मेलन 'गान्धीज्म एण्ड एशियन च्यालेन्ज' मा विश्वभरका शान्तिवादी अहिंसक नेताहरूको सामुन्ने भन्नु भएको थियो। 'गान्धीको सफलताको धेरै श्रेय बेलायती कानूनी राज्यको मान्यता र मानव अधिकारका प्रति बेलायतको प्रतिवद्धतालाई जान्छ। नेपालमा त राजा महेन्द्रको शासनमा हरेक रात धेरै गान्धीहरूको भ्रुण हत्या हुन्छ।' त्यही गएर बबी सैंड्स अनसनरत् मरें।

ओसामा बिन लादेन मारिए। अमेरिकनले उनको मृत देह समुद्रमा फालि दिए। दफन गरिने ठाउँमा हरेक बर्ष मेला न लागून भनेर त्यसो गरियो। तर, बबी सैंड्सको मुद्दा मरेको छैन। आयरल्याण्डको स्वाधिनताको मांग झनझन् बढदो छ।

सवाल राज्यले कसलाई कसरी, कुन रंगमा रंगाई दिएको हुन्छ-सबैले तिनलाई त्यसै रंगमा लत्तपतिएको ठान्दैन भने हो। अहिले मेरो सरोकार डा. गोविन्द केसीको अनसनबारे हो। डा. केसीको मांगलाई जनस्तरले आत्मसात गरेको छ। त्यसलाई जायज ठानेको छ। जनताको यस अवधारणालाई राज्यको ब्याख्याले अन्यत्र मोड्न सक्दैन। वर्तमान प्रधानमन्त्रीले यत्ति मात्र बुझिदिए हुन्छ।

सुशीला कार्कीलाई माओवादीले न्यायाधीश बनाए। तर, एमालेले सधैं सुशीलालाई बोकेर हिंडे। सुशीला न्यायको आडम्बरमा काँग्रेसको छाला काढ्न चाहन्थिइन्। एमालेलाई मन पर्थ्यो। उही सुशीलालाई अहिले नागरिक समाजको नेता हुनु परेको छ। उनले डा. केसीलाई समर्थन गरेकी छिन-यो कुरा नेकपालाई मन नपर्नु स्वभाविकै हो।

यस्तो लोभीपापीको खेल


डा.गोविन्द केसी

भइरहन्छ। प्रधानमन्त्री ओली तक्षणका यस्ता कुराहरूमा पर्नुहुन्न। मैले माथि भने-बबी सैंड्स अनसनरत् मरे। तर उनले उठाएको मुद्दा मरेको छैन। भोली डा. केसी पनि मर्न सक्छन्। निःसन्देह उनको मृत्युबारे प्रधानमन्त्री ओलीले कुनै ज्यान मुद्दा बेहोर्नु पर्दैन। तर, डा. केसीले उठाएका सवालहरूमा आफ्नो कल्याण देख्ने जनताका भरोसा मर्नेछ। डा. केसीको देह मर्नेछ, तर उनमा आफ्नो कल्याणको आशय देख्नेहरूको भरोसा मर्नेछ। त्यो घडी प्रधानमन्त्रीका लागि सुखद हुने छैन। गाउँघरका हाट बजारमा बौलहा मजनुहरूलाई स-साना केटाकेटी बच्चाहरूले गिज्याउँदै लख्ट्ने गरे झैं

प्रधानमन्त्री ओली आम जनताको च्याँग्रा लखेट्याईमा पर्नु हुनेछ। आउने चुनावमा हरेक मतदाताको छोपिएको अनुहारमा डा. केसीको मुखुण्डोको सामना गर्नु पर्ने हुन्छ।

प्रधानमन्त्री ओलीलाई दक्षिण एशियाकी एक राजनेताका बिलौना बताउन चाहन्छु। बेनजीर भुट्टो, उनको सामन्ति पारिवारिक पृष्ठभूमीका बारेमा भनी रहनु पर्दैन। उनी भ्रष्ट छिन् भने सर्वत्र प्रचार भयो।

विरोधीहरूले खुब उचाले यस सवाललाई। एक भारतीय टेलिभिजन पत्रकारसँगको अन्तर्वार्तामा उनले वेदना साथ भनी-'म पुस्तैनी परम्परा अनुसार कासको गिलासमा पानी पिउँथे।' सबैलाई थाहा थियो कि बेनजीर घरमा रहँदा काँसको गिलासमै पानी पिऊछिन् भनेर। विभिन्न अवसरमा मैले भेंटघाट गरिरहँदा काँसको गिलास समाती बसेको फोटोहरू अखवारहरूमा छापिएको हुन्थ्यो। यही फोटोलाई देखाएर विरोधीहरूले हल्ला फिँजाए-बेनजीर त यौन शक्ति बढाउन सुनको झोल बनाइएको पानी पो पिऊने गर्छिन र पो त दुनियाँले थाहा नपाउन भनेर काँसको गिलालमा हालेर पिऊने

> भोली डा. केसी पनि मर्न सक्छन्। निःसन्देह उनको मृत्युबारे प्रधानमन्त्री ओलीले कुनै ज्यान मुद्दा बेहोर्नु पर्दैन। तर, डा. केसीले उठाएका सवालहरूमा आफ्नो कल्याण देख्ने जनताका भरोसा मर्नेछ। डा. केसीको देह मर्नेछ, तर उनमा आफ्नो कल्याणको आशय देख्नेहरूको भरोसा मर्नेछ।

गर्छिन्।' बेनजीरले भनेकी थिईन-जनताले यस्ता बेहुदा कुरालाई पत्याएर मलाई प्रश्न गर्ने गर्थे– 'मेहतर्मा आप तो सोनेका सोरबा पिती हैं !'

यस्तो हुन्छ-प्रचारका अगाडी पराधिन जनता। डा. केसी मर्न सक्छन्। उनले मृत्यु मै प्रारब्ध देखेको हुन सक्छ तर यस पछि हुने भरोसाको मृत्युले आशाहरूको लाश थप्याथप्ने छ सर !

## नेपाली शासनबाट...

आर्थिक अवस्था पनि राम्रो थिएन, उसको हुन्डी बाह्र प्रतिशत बट्टामा मात्र बजारमा बिक्री हुन्थयो। अतः नेपालसित युद्धको निम्ति आवश्यक धनको खोजीमा ला'र्ड हेस्टिंग्स कलकत्ताबाट लखनऊ पुगे। अवधको नवाब वजीर गाजीउदीन हैदरबाट नगद अढाई करोड रूपैया कर्जा लिए। त्यसपछि ला'र्ड हैस्टिंग्सले विस्तृत सैन्य योजना तयार पारी लखनऊबाट नै १ नबम्बर १८१४ मा नेपालसँग युद्धको घोषणा गरे।

औपनिवेशिक उत्पीडनको विरूद्ध विद्रोह गर्नु औपनिवेशिक उत्पीडनमा परेका जनसमुदायको नैसर्गिक र जन्मसिद्ध अधिकार एवं कर्तव्यको सर्वमान्य सिद्धान्त अनुसार नेपाली चरम औपनिवेशिक उत्पीडनका शिकार तराईबासीहरूले नेपाली शासनको विरूद्ध विद्रोह गरेर आफ्नो शत्रुको शत्रु मित्र हुने मान्यता अनुरूप ब्रिटिश ईष्ट इण्डिया कम्पनीसँग मिलेर नेपालको साथ सशस्त्र युद्ध लडे। युद्धमा नेपाल पराजित भए।

युद्ध विरामपछि २८ मई, १८१५ का दिन नेपालले आवश्यक अधिकार-पत्रका साथ राजगुरू गजराज मिश्रलाई कम्पनी सरकारका प्रतिनिधि मेजर पेरिस ब्राँडशाँसँग सन्धि वार्ता गर्न सुगौली पठाए। कम्पनीका प्रतिनिधि र नेपालका प्रतिनिधिबीच केही महिनासम्म कैयौं पटक संन्धि वार्ता भए। नेपालले तिस्टादेखि मेचीसम्म तथा महाकालीदेखि सतलजसम्मको भूभाग युद्ध अपराधमा कम्पनीलाई सुम्पियो। कम्पनीले नेपाललाई प्रतिवर्ष तिरो तिर्न शर्तमा दिएको मेचीदेखि महाकालीसम्मको तराई समेत फिर्ता लिए। सिक्किमसँगको विवादमा नेपालले कम्पनी सरकारको निर्णय मान्नु पर्ने, ब्रिटिश सरकारको अनुमति बिना कुनै यूरोपियन वा अमेरिकनलाई आफ्नो कुनै विभागमा भर्ना न गर्न सक्ने, काठमाडौंमा ब्रिटिश स्थायी प्रतिनिधि (रेजिडेण्ट) राख्नु पर्ने शर्त पनि नेपालले स्वीकारे।

नेपाल सरकारको आम्दानीको मुख्य साधन नै तराई थियो र नेपालको अधिकांश सरदारहरू र भारदारहरूका जागिर पनि तराईमै थिए। अतः कम्पनी सरकारले मेचीदेखि महाकालीसम्मका तराई फिर्ता लिएपछि नेपाललाई ठूलो आर्थिक समस्या उत्पन्न हुने भए। नेपाल पक्षको पटक-पटकको अनुनय-विनयपछि कम्पनी सरकारले नेपालका सरदारहरू र भारदारहरूको पेन्शनको लागि दुई लाख रूपैया सालाना दिने सहमत भए।

यसरी सन्धि वार्ता पश्चात सुगौलीमा तयार पारिएको प्रस्तावित सन्धि-पत्रमा २८ नवम्बर, १८१५ का दिन राजगुरू गजराज मिश्रले हस्ताक्षर गरिदिए। त्यस्तै २ दिसम्बर, १८१५का दिन ब्राँडशाँले पनि सही गरि दिए। यस दिनदेखि पन्ध्र दिनभित्रै नेपालका राजाको स्वीकृतिको लागि गजराज मिश्र सन्धि-पत्र लिएर काठमाडौं आए। नेपालका राजाको स्वीकृति पछि ब्राडशा' मार्फत यस उपर बीस दिन भित्रै वा सम्भव भए यस भन्दा पनि शीघ्र नै गभर्नरको स्वीकृत लिइने थिए।

अन्तिम शर्त अनुसार निश्चित समयभित्र नेपालले सन्धि-पत्र स्वीकृत गरेन। तराई त्यागनुको सट्टा कम्पनीसँग पुनः युद्ध लडने निर्णयमा नेपाल दरवार पुग्यो। नेपालले प्रस्तावित सुगौली संधिको सन्दर्भमा मौन बसेर भावी युद्धको पूर्व तैयारीमा लाग्यो। ल्हासास्थित चीनियाँ अम्बान (राजनीति प्रतिनिधि)द्वारा सैनिक सहायता-पत्र बीजिंग पठाएको खबर नेपाल दरवारमा प्राप्त भयो। यस खबरबाट चिनिया सैनिक सहायताप्रति आश्वस्त नेपाल दरवार प्रस्तावित सन्धि-पत्रलाई उपेक्षा गरेर राजधानी काठमाडौंको प्रवेश मार्गको सुरक्षामा लाग्यो।

नेपालीहरूको षड्यन्त्रपूर्ण धोखेबाजीको जानकारी पाउनासाथ यसपाली पनि अवधका नवाव गाजीउदीन हैदरबाट नगद एक करोड रूपैया कर्ज लिए। सन् १८१६, फरवरीको प्रारम्भिक सप्ताहमा मेजर आक्टरलोनीको नेतृत्वमा बीस हजार फौजको दल भिच्छाखोरी (हाल अमलेखगञ्ज)को बाटो हुँदै काठमाडौं कब्जा गर्न पठाए।

सन् १८१६, फरवरी २७ का दिन मकवानपुरगढीमा र फरवरी २९ का दिन हरिहरपुरगढीमा भएको पुनरावर्तित युद्धमा पनि नेपाल पराजित भए।

मकवानपुरगढी र हरिहरपुरगढीको युद्धमा विजयी भई हेटौंडामा सैन्य शिविर खडा गरि जनरल आक्टरलोनीले काठमाडौं हान्ने बढदै आइरहेको समाचार पाउन साथ उत्ताउलो सैन्यवादको नीतिबाट सम्पूर्ण समाप्त हुन लागेको नेपाललाई जे-जति हुन्छ बचाउनको लागि नेपाल दरवारले प्रस्तावित सुगौली-सन्धि स्वीकार गर्नु नै श्रेयस्कार ठान्यो। अन्ततः ३ मार्च, १८१६ का दिन नेपाल दरवारद्वारा सुगौलीको प्रस्तावित सन्धि-पत्रमाथि स्वीकृतिको लालमोहर सदर गरियो। ४ मार्च, १८१६ का दिन अप्राहान २:३० बजे गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले नेपाल दरवारद्वारा लालमोहर सहित स्वीकृत भएको सन्धि-पत्र हेटौंडाको सैनिक छाउनीमा हाजिर भएर आक्टरलोनीलाई बुझाए। शर्तानुसार नेपाल सरकारले उक्त सन्धि १५ दिन मै स्वीकार नगरी आफ्नो बेइमानी देखाए वापत चन्द्रशेखर उपाध्यायलाई साह्रै अपमानजनक व्यवहार सहनु पर्‍यो। यसरी युद्धमा पुनः विजयी भएकोले आक्टरलोनीले गजराज मिश्र र चन्द्रशेखर उपाध्यायलाई स्पष्ट भने कि नेपालीहरूले सुगौलीवाला सन्धि-पत्र मात्र स्वीकार गरेर छुट्टी पाउने छैनन्। पुनरावर्तित युद्धको बढावामा कम्पनी फौज जहाँसम्म बढन सक्यो, त्यो भू-भाग पनि अब उनीहरूको अधिकार क्षेत्रभित्र हुनु पर्दछ। पराजित र लाचार नेपालीहरूले यस कुरामा पनि नाई नास्ति गर्ने ठाउँ पाएनन्।

तर, नेपालमाथिको पूर्ण आधिपत्यबाट ब्रिटिश ईष्ट इण्डिया कम्पनी अधीनस्त भूभागको सीमाना तिब्बतको पठारसँग जोडिने हुनाले कम्पनी अधीनस्त भूभागको सम्पूर्ण सामरिक परिवेश नै फरक पृष्ठभूमिमा परिभाषित हुन जाने कुरामा ब्रिटिशहरू सतर्क थियो। त्यसैले कम्पनी अधीनस्त भूभाग र चीनको सीमामा तिब्बत पछि दोस्रो लहरका बफर (मध्यवर्ती) राज्यहरूको भूमिकामा काश्मिर, सिक्किम, भूटान, उत्तरपूर्वी सीमाप्रान्तसँग नेपाल पनि रहिरहोस भन्ने सोचाईमा ब्रिटिशहरू दृढ थिए। त्यसैले दुबै पक्षबीच सन्धि-पत्र आदान-प्रदान भयो। आक्टरलोनीले पछि नियमानुसार अर्को मानिस नखटिएसम्मको निम्ति लेफ्टिनेनट ब्वायलुलाई ब्रिटिश रेजिडेन्टको हैसियतले काठमाडौं पठाए।

४ मर्च, १८१६ नेपालको राज दरवारद्वारा लालमोहर सदर सुगौलीको सन्धि-पत्र ब्रिटिशलाई सुम्पिएपछि वैधानिक रूपमा नेपाली शासनबाट हाम्रो मातृभूमि मेचीदेखि महाकालीसम्मका 'तराई' मुक्त भएको दिन हो। हाम्रो महान् वीर पूर्खाले सशस्त्र युद्ध लडेर हाम्रो मातृभूमि 'तराई' नेपाली शासनबाट मुक्त हुने ४ मार्च इतिहासमा गौरवशाली दिन हो।

*(गोइतको फेसबुक वालबाट साभार)*

# सशस्त्र संघर्ष हाम्रो अन्तिम विकल्प हो



सत्यनारायण मण्डल
उपाध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल

भन्छन् नि, 'मरता क्या नहीं करता'। मान्छे मर्न लाग्यो भने जे पनि गर्न उ उद्दत हुन्छ। त्यो स्थिति अहिलेसम्म आइसकेको छैन। हामीले सशस्त्र संघर्षको विकल्प रोज्ने बेला आइसकेको छैन।

**० राजपा नेपाल अहिले के गर्दैछ ?**

– हामी परिस्थितिको शिकार भएका छौं। राजपाले बारम्बार संशोधनको कुरा गर्दागर्दै पनि यो दुई तिहाई बहुमतको सरकारले सुनिरहेको छैन। तर, राजपाले अहिलेसम्म यो सरकारलाई समर्थन किन गरिरहेको छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। हामी अनुरोध गर्न चाहन्छु कि हामीसँग विकल्प सीमित छ। एकतर्फ विभिन्न आन्दोलनहरूमा सयभन्दा बढी सपूतले सहादत प्राप्त गरिसके तर पनि हाम्रा मागहरू सम्बोधन हुन सकेको छैन। हामीले शान्तिपूर्ण आन्दोलन गर्ने एकातिर छ भने अर्कोतिर सशस्त्र संघर्ष गर्नुपर्छ। किनभने हामीले शान्तिपूर्ण आन्दोलन जुन गरिरहेका छौं, त्यसमा पनि राज्यसत्ताले हामीमाथि टाउको र छातीमा गोली हानी रहेकै छ। त्यसैले हाम्रो अर्को विकल्प सशस्त्र संघर्ष हो। त्यसबाट सबभन्दा बढी खतरा के छ भने लाखौं जनताको मृत्यु हुनसक्छ, जनसंहार हुनसक्छ र त्यसको परिणाम विकराल हुनसक्छ। त्यस्तो स्थिति नआओस् भनेर यो सरकारलाई हामीले समर्थन गरेर आग्रह गरिरहेका छौं कि हाम्रा मागहरूप्रति गम्भीर होऊन्। मधेश पनि यही देशको महत्वपूर्ण अंग हो र मधेशी यहाँका नागरिक हुन्।

**० तपाईंहरूले सशस्त्र संघर्षको आह्वान गर्दा जनताले साथ दिन्छन् ?**

– सशस्त्र संघर्षको विकल्प त हाम्रो अन्तिम कुरा हो। भन्छन् नि, 'मरता क्या नहीं करता'। मान्छे मर्न लाग्यो भने जे पनि गर्न उ उद्दत हुन्छ। त्यो स्थिति अहिलेसम्म आइसकेको छैन। हामीले सशस्त्र संघर्षको विकल्प रोज्ने बेला आइसकेको छैन। हामीले त अहिले पनि शान्तिपूर्ण आन्दोलन गरेर वार्ताको टेबुलमा बसेर मधेशमैत्री संविधान संशोधन गराउन हामी चाहेका छौं। जहाँसम्म कुरा छ जनताको साथ, यो त मधेशका जनताको चाहना हुन्छ अनि मात्रै त्यो कुरा हुन्छ। डेढ करोड मधेशी जनताको चाहनाबमोजिम नै त्यो हुने हो। तर, त्यो हाम्रो अन्तिम हतियार हो, अन्तिम हतियार एक्कासी प्रयोग गरिनु हुँदैन। हामी अहिले पनि विश्वस्त छौं कि यो दुई तिहाईको सरकारले मधेशमैत्री संविधान संशोधन गर्ला र नेपालका तीन करोड जनता हातेमालो गरेर विकास र समृद्धिको यात्रामा अगाडि बढ्छ। यो हाम्रो आकांक्षा हो।

**० प्रधानमन्त्री केपी शर्मा ओलीले त आवश्यकता र औचित्यको आधारमा संविधान संशोधन हुन्छ भन्नुहुन्छ नि ?**

– प्रधानमन्त्री केपी शर्मा ओलीलाई म आग्रह गर्न चाहन्छु कि नेपाली शब्दकोषको पाना पल्टाओस्। त्यसमा हेर्न आग्रह गर्छु कि आवश्यकता र औचित्यको अर्थ के हुन्छ। भर्खरै सिरहामा उहाँको भ्रमण भएको थियो। त्यहाँका जनताले के भने, त्यहाँको आवश्यकता के छ भन्ने कुरा उहाँले थाहा पाइसक्नुभएको छ। थाहा पाएर पनि उहाँले बुझ पचाउनु हुन्छ भने यसको परिणाम भयानक हुनसन्छ। त्यो बुझ पचाउने काम गर्नु हुँदैन। संविधान संशोधन मधेशका लागि मात्र होइन, सम्पूर्ण राष्ट्र हितका लागि आवश्यकता र औचित्य दुइटै छ। संविधान संशोधन नभएसम्म यो संविधानप्रति नेपालका सम्पूर्ण नागरिकले अपनत्व ग्रहण गर्न सक्दैन। यो औचित्य र आवश्यकता पनि हो। यदि यो सरकारले औचित्य र आवश्यकता बुझेको छैन भने मधेशका जनतासँग प्रत्यक्ष सम्वाद गरोस्, अनि यो सरकारले बुझ्छ।

**० अब तपाईंहरूले के गर्ने ?**

– राजपा नेपाल गम्भीररूपमा विचार विमर्श गरिरहेकोछ। यदि यो दुई तिहाईको सरकारले मधेशको औचित्य र आवश्यकता बुझेन भने हामीले त्यसको विकल्पबारे गहन छलफल गरिरहेका छौं। अध्यक्षमण्डलको बैठक हुन गइरहेको छ, त्यो बैठकमा व्यापक छलफल भइ हामी कुनै न कुनै निष्कर्षमा पुग्छौं।

**० समर्थन फिर्ता लिने कुरा कहाँ गयो ?**

– हामी अहिलेसम्म समर्थन किन फिर्ता नलिएको भन्ने स्पष्ट छ। हामीलाई मधेशमैत्री संविधान संशोधन चाहिन्छ। त्यहीं संविधान संशोधनका लागि यो दुई तिहाईको सरकारलाई समर्थन गरेका हौं। हाम्रा अध्यक्षमण्डलका नेताहरू प्रधानमन्त्री भेट्दा पटक-पटक भन्नुहुन्छ कि केही पर्खनुस्, संविधान संशोधन गर्छौं। त्यसकारणले मात्रै हामी पर्खिरहेका छौं। यदि संविधान संशोधन भएन भने हाम्रो विकल्प सीमित छ, हामी सोझै सडक संघर्षमा जान्छौं। त्यो सडक संघर्ष सशस्त्र संघर्ष पनि हुनसक्छ। त्यो अन्तिम हतियार छ। त्यस्तो स्थिति नआओस् भनेर मात्रै हामी यो सरकारलाई समर्थन गरी आफ्ना माग पूरा गराउन दबाब दिइरहेका छौं। प्रधानमन्त्रीले हामीलाई स्पष्टरूपमा भनिदिओस् कि संविधान संशोधन हुँदैन। तर, संशोधन गर्छौं भन्ने आश्वासन दिइरहेकोले हामी पर्खेका हौं। हामी यो देशमा पुनः अशान्ति, द्वन्द्व चाहेका छैनौं। सडक संघर्ष हुने वित्तिकै देशले पुनः ठूलो क्षति व्यहोर्न सक्छ।

**० संघीय समाजवादी फोरम नेपालसँग एकताको कुरा पनि गरिरहनुभएको छ, यस विषयमा के भइरहेको छ ?**

– यदि फोरम नेपालले वास्तवमै राजपा नेपालसँग एकीकरण चाहेको छ भने चाँडोभन्दा चाँडो राजपा नेपालमा त्यसको प्रस्ताव पठाओस्। त्यसपश्चात् राजपा नेपालले पनि एकीकरणको सम्बन्धमा आवश्यक कदम चाल्नेछ। फोरम नेपाल र राजपा नेपालबीच एकीकरण भई एउटा वैकल्पिक शक्ति निर्माण गरी यो देशका सम्पूर्ण उत्पीडित तथा उपेक्षित समुदायका लागि अगाडि आउनुपर्छ।

> यदि फोरम नेपालले वास्तवमै राजपा नेपालसँग एकीकरण चाहेको छ भने चाँडोभन्दा चाँडो राजपा नेपालमा त्यसको प्रस्ताव पठाओस्। त्यसपश्चात् राजपा नेपालले पनि एकीकरणको सम्बन्धमा आवश्यक कदम चाल्नेछ।

**० फोरमसँग राजपा नेपालको एकीकरण सम्भव छ ?**

– एकदम सम्भव छ। राजपा र फोरमको विधानको सार एउटै हो, मधेशको अधिकार सुनिश्चित गराउने। समानुपातिक समावेशिताको आधारमा यो देशका तीन करोड जनता समानरूपमा यो संविधानले व्यवहार गर्ने अधिकारका लागि फोरम र राजपाको आकांक्षा, इच्छा एउटै भएको हुनाले एकीकरण हुन नसक्ने कुरै छैन।

**० तर, राजपा र फोरमको बाटो फरक-फरक छ नि ?**

– सोचाइमा मात्रै फरक छ। राजपाले यो सरकारलाई समर्थन गरेको छ र फोरम नेपाल सरकारमै सहभागी छ। फोरम नेपाल एक स्टेप अगाडि बढेको छ। तर, समर्थन त यो सरकारलाई राजपाले पनि गरेको छ नि त। फोरमले यो सरकारमै गई संशोधनको वातावरण तयार गराउने र राजपाले समर्थन गरेर संशोधनका लागि वातावरण तयार गर्छ। यस हिसावले राजपा र फोरमको उद्देश्य एउटै छ। दुवैको गन्तव्य संविधान नै छ र त्यो पनि मधेशको हकहितका लागि गन्तव्य एउटै भएकोले यसमा शंका लिनुपर्ने कुनै गुन्जाइस छैन। हामीसँग जुन बेला एकीकरण हुन्छ त्यो बेला फोरम सरकारबाट बाहिर आउँछ, हामी समर्थन फिर्ता लिन्छौं।

**० जसरी अहिले फोरम सरकारमा सहभागी छ, यो अवस्थामा एकीकरण हुनसक्दैन ?**

– जब एकीकरणका लागि वार्ता कमिटी बस्छ, त्यो वार्ता कमिटीको पहिलो बैठकमा नै पहिलो प्रस्ताव हुन्छ कि फोरम सरकारबाट बाहिर आओस् र राजपाले समर्थन फिर्ता लिन्छ। जबसम्म सरकारबाट फिर्ता हुँदैन फोरम नेपाल र राजपाले समर्थन फिर्ता लिँदैन तबसम्म एकीकरण हुने कुरै आउँदैन। यो कुरा पहिलो बैठकमा नै हुन्छ। कि त हामीले भनेअनुसार यो दुई तिहाईको सरकारले संशोधन गर्नुपर्‍यो। यदि संशोधन गर्दैन भने एकीकरणको वार्ता टुंगो लाग्नुभन्दा पहिले फोरम नेपाल सरकारबाट बाहिर आउनुपर्छ र राजपाले पनि समर्थन फिर्ता लिनुपर्छ।

**० राजपा नेपालले आफ्नो प्रथम महाधिवेशनको तयारी कसरी गरिरहेको छ ?**

– हाम्रो महाधिवेशनको तिथि निर्धारित छ, आगामी बैशाख ७, ८ र ९ गते। हाम्रो महाधिवेशन गत वर्ष नै गर्नुपर्ने थियो। तर, नेपालको संविधानको धारा २६९ मा स्पष्टरूपमा लेखिएको छ कि पाँच वर्षभित्र महाधिवेशनको कार्यक्रम सुरू गर्नुपर्ने। त्यो सुविधा हामीसँग छ। त्यसैले हामी कोशिस गरिरहेका छौं कि आगामी बैशाखमा महाधिवेशन सम्पन्न गर्ने। त्यसैले, महाधिवेशनका लागि त्यति आत्तिनु पर्दैन।

# स्वतन्त्र राजनीतिक समूह "पर्ख र हेर"को अवस्थामा छ

जबसम्म हामीले उठाएका मागहरूलाई ठूला दलहरूले आफ्नो एजेन्डा बनाउँदैन तबसम्म समाधान हुने अवस्था देखिँदैन। त्यसैले हामीले नेकपा रोजेका हौं। किनकि यी समस्याहरू समाधान गर्ने शक्ति जोसँग छ उसैले गर्न सक्छ।



पशुपति दयाल मिश्र
नेता, स्वतन्त्र राजनीतिक समूह

**० काठमाडौंमा हालै स्वतन्त्र राजनीतिक समूहको भेला सकिएको छ। भेलापछि के हुँदैछ ?**

– काठमाडौं भेलाबाट मुख्यतः तीनवटा निष्कर्ष निकालिएको थियो। जसमध्ये संगठन विस्तार पनि एक थियो। सोहीअनुसार स्वतन्त्र राजनीतिक समूहले विभिन्न ठाउँमा संगठन विस्तारलाई तीव्रता दिएको छ।

**० सो भेलाबाट तपाईंहरूले नेकपामा प्रवेश गर्ने भन्ने पनि थियो, किन ढिलाइ भइरहेको छ ?**

– हामीले नेकपासँग केही सैद्धान्तिक कुराहरू राखेका छौं। त्यस सन्दर्भमा छलफल पनि भयो। तर, नेकपा नेतृत्वकै सरकार भएकोले कार्य व्यस्तता र हामी पनि संगठन विस्तारमा लागेकोले नेकपामा प्रवेश गर्ने विषय ठोस निष्कर्षमा पुग्न सकिएको छैन। हाम्रा समूहका संयोजक हृदयेश त्रिपाठी, वृजेश गुप्ताले प्रवेश गर्ने कुरामा वार्ता गरिरहनुभएको छ। हामीले मधेशका समस्यालाई कसरी समाधान गर्ने, सरकारको धारणा के छ लगायतका कुरामा स्पष्टता खोजिरहेका छौं। तर, हाम्रा सैद्धान्तिक कुराहरूप्रति अहिलेसम्म नेकपाका नेताहरूले प्रष्ट धारणा ल्याउन सकेका छैनन्।

**० भनेपछि नेकपाले तपाईंहरूलाई पार्टीमा ल्याउन खासै चासो देखाएको छैन ?**

– नेकपाका नेताहरू हामीलाई पार्टीमा प्रवेश गराउन इच्छुक त छन् तर हाम्रा मुद्दाहरूमा उनीहरूको तदारूकता देखिएको छैन। हाम्रा मुद्दाहरू सम्बोधन गर्ने ठोस प्रतिबद्धता आयो भने हामी समायोजन पनि हुनसक्छौं। त्यसैले हामी अहिले आफ्ना संगठन विस्तारमा छौं। हाम्रो माग पूरा भयो भने नेकपामा प्रवेश गर्छौं, होइन भने नयाँ पार्टी गठन गरेर पनि जान सक्छौं।

**० अहिलेसम्म नेकपा तपाईंहरूको मागप्रति सकारात्मक छैन ?**

– कुरामा धेरै सकारात्मक छ तर, कार्यान्वयनमा गम्भीरता देखिएको छैन। उनीहरूले कुरा गर्दा यो वास्तविक समस्या हो, यसलाई समाधान गर्नुपर्छ भन्छन्। तर, त्यसलाई जसरी कार्यान्वयन गर्नुपर्ने हो, त्यसरी देखिएको छैन।

**० त्यसो भए नेकपाका नेताहरूको बोली र व्यवहारमा समानता छैन ?**

– अहिलेसम्म त त्यस्तै देखिएको छ।

**० नेकपाको व्यवहार यस्तै रहिरह्यो भने राजनीतिक दल खोल्नुहुन्छ ?**

– हाम्रो अन्तिम विकल्प नै त्यही हो। नेकपा हाम्रा मागहरूप्रति गम्भीर देखिएन भने नयाँ राजनीतिक दलको रूपमा परिणत हुनसक्छ।

**० मधेशकेन्द्रित दलहरू पनि सरकारप्रति असन्तुष्ट छन्, यस्तो अवस्थामा नेकपाले मधेशको समस्या समाधान गर्नेमा कसरी विश्वास गर्नुहुन्छ ?**

– नेकपाका नेताहरू इमान्दारिताका साथ प्रस्तुत नभएकोले नै हामी अहिलेसम्म नेकपामा समावेश भएका छैनौं। नेकपामाथि विश्वास भएको भए हामी नेकपामा गइसक्थ्यौं। नेकपाले हामीलाई पदीय दायित्व दिन तयार छ, मागहरू सम्बोधन हुन्छ भनिरहेको छ। तर, कार्यान्वयन पक्षमा तदारूकता नदेखिएकोले त हामी समायोजन हुन चाहेका छैनौं। त्यसकारणले हामीले हेरिरहेका छौं कि हामीले राखेका कुराहरू कसरी कार्यान्वयन हुन्छ। हामी चाहन्छौं कि मधेशमा नेकपाको राम्रो अवस्था हुनुपर्‍यो, मधेशी जनताले नेकपामाथि विश्वास गर्ने वातावरण बन्नुपर्‍यो। तर, कार्यान्वयन नै नदेखिएपछि नेकपामा जानुको कुनै अर्थ छैन। त्यसकारणले हामीले अब स्वतन्त्र राजनीतिक समूहकै रूपमा अहिले अगाडि बढिरहेका छौं। तर, नेकपामा प्रवेश गर्न र हाम्रा मागहरू सम्बोधन गराउन अहिले पनि वार्ता जारी नै छ।

**० तपाईंहरूले के कस्ता एजेन्डाहरू राख्नुभएको छ, जुन नेकपाले पूरा गर्न सकिरहेको छैन ?**

– देशमा विद्यमान शोषण, दमन, उत्पीडनहरू छन् त्यसलाई समाधान गर्नुपर्‍यो। संघीयताको सार्थक कार्यान्वयन दिशामा अगाडि बढ्नुपर्‍यो। अहिले पनि संघीयतालाई कमजोर बनाएर विफल गर्ने षड्यन्त्रहरू हुँदैछ। संघीयतालाई बलियो बनाउनुपर्‍यो, संविधानमा आवश्यक संशोधन हुनुपर्‍यो। समानुपातिक समावेशिताको सिद्धान्त लागू गर्नुपर्‍यो। सरकारले एकतर्फीरूपले नियुक्तिहरू गरिरहेको छ, त्यसलाई संविधानअनुसार समावेशी तरिकाले गर्नुपर्‍यो। नागरिकता समस्या छलफलमा त गइसकेको छ तर अझै पनि कार्यान्वयनमा समस्या देखिएको छ। यस्तै, किसानका समस्याहरू पनि हामीले राखेका छौं। यी लगायतका एजेन्डाहरू हामीले नेकपाका नेतृत्वलाई बुझाएका छौं। यी विषयहरूमा नेकपाका नेताहरू सकारात्मक भए मात्र हामी समावेश हुन सक्छौं।

**० तपाईंहरूले उठाउनुभएका मागहरू त तपाईंहरूको पूर्वपार्टी राजपा नेपालले पनि उठाउँदै आएको छ, किन राजपा परित्याग गर्नुभयो र नेकपा रोज्दै हुनुहुन्छ ?**

– जबसम्म हामीले उठाएका मागहरूलाई ठूला दलहरूले आफ्नो एजेन्डा बनाउँदैन तबसम्म समाधान हुने अवस्था देखिँदैन। त्यसैले हामीले नेकपा रोजेका हौं। किनकि यी समस्याहरू समाधान गर्ने शक्ति जोसँग छ उसैले गर्न सक्छ। एजेन्डा उठाउने कुरा एउटा हो र कार्यान्वयन गर्ने कुरा अर्को हो। नेकपासँग सम्झौता हुँदा पनि हामीले भनेका थियौं कि हामी सबै मिलेर गयौं भने यी समस्याहरू समाधान हुनसक्छ। त्यसमा उनीहरूले सकारात्मक कुरा गरेका हुन। अहिले पनि नेकपाका नेताहरूले सकारात्मक रहेको र समस्याहरू समाधान गर्ने प्रतिबद्धता जनाउँदै आएका छन् तर कार्यान्वयन पक्ष फितलो देखिएको छ। जहाँसम्म राजपाको कुरा छ, राजपा वा फोरम एक्लैले मधेशका समस्या समाधान गर्नसक्ने स्थितिमा छैनन। अहिले दुई तिहाईको सरकार छ, चाह्यो भने तुरून्त समाधान गर्न सकिन्छ।

**० राजपामै रहेर सरकारलाई दबाब दिने अवस्था थिएन ?**

– राजपामै रहेर सरकारलाई दबाब दिने अवस्था त थियो तर, त्यसभित्र विभिन्न विवादहरू अहिले पनि देखिन्छ। राजपाका नेताहरूले प्रदेश १, ५ र ७ सँग गरेको व्यवहारका कारण हामी त्यसमा रहने अवस्था भएन। स्थानीय निर्वाचनमा पनि राजपाका नेताहरूले प्रदेश २ मा भाग लिए तर, अन्य प्रदेशमा बहिष्कार गरे। यस्ता विभिन्न कुराहरू छन्, जसमा हाम्रो असन्तुष्टि रह्यो। राजपाका नेताहरू प्रदेश २ मै सीमित देखिए।

**० प्रधानमन्त्री केपी शर्मा ओलीले आवश्यक्ता र औचित्यको आधारमा संविधान संशोधन हुने भनिरहनु भएको छ, तपाईंहरूको धारणा के छ ?**

– हामीले पनि बारम्बार भनिरहेका छौं कि संशोधन गर्नुपर्ने आवश्यक बुँदाहरू संशोधन हुनुपर्‍यो। तर, आवश्यक्ता के हो भन्ने कुराको निर्क्योल त सरकारले गर्नुपर्‍यो नि। आवश्यक्ता र औचित्य सरकारले स्पष्ट पार्नुपर्‍यो। या त संविधानमा संशोधनको आवश्यक्ता छैन भनेर भन्नुपर्‍यो। स्वीकार पनि गर्ने तर त्यसलाई कार्यान्वयन पनि नगर्ने, भनेपछि यो दोहोरो चरित्र देखाएर हुँदैन। स्पष्ट पारेर जानुपर्छ। संविधानमा यति धेरै संशोधनको आवश्यक्ता छ कि भएन भने यसलाई कार्यान्वयन गर्न पनि अप्ठ्याराहरू आइरहेका छन्। बिना संशोधन देश चलाउन पनि गाह्रो छ।

**० भनेपछि, संविधान संशोधनभन्दा पहिले तपाईंहरूको नेकपामा जाने सम्भावना छ ?**

– संशोधन गर्छौं भनिरहेका छन्, तर त्यसका लागि कुन हिसावले हामीलाई विश्वास दिलाउनु पर्छ त्यस विषयमा नै छलफल भइरहेको छैन। हाम्रा एजेन्डाबारे केही कामहरू गरेर देखाउनुपर्‍यो। पार्टीको नीति निर्माण गर्दा पनि मधेश पक्षीय कुराहरू राख्नुपर्‍यो, सरकारले पनि त्यस्ता निर्णयहरू गर्नुपर्‍यो। यो सरकारले मधेशको पक्षमा काम गर्छ भन्ने कुराको विश्वास भयो भने मात्रै नेकपामा समायोजन हुन्छौं।

**० तपाईंहरूको पूर्वपार्टी राजपा नेपालको भूमिकालाई कसरी हेरिरहनुभएको छ ?**

– राजपा नेपालको प्रभावकारिता खास गरेर प्रदेश २ मा मात्रै छ। अन्य प्रदेशहरूमा त्यति प्रभावकारी नै छैन। प्रदेश २ मा फोरमसँग मिलेर सरकार चलाइरहेको छ। यता, संघीय सरकारमाथि पनि दबाब दिइरहेको छ तर, कार्यान्वयन कतिको होला त्यो त भविष्यले नै बताउँछ। सरकारबाट समर्थन फिर्ता लिने कुरा धेरै पहिलादेखि राजपाले गरिरहेको छ तर अहिलेसम्म कुरामा मात्रै सीमित छ।

**० जसरी तपाईंहरूले राजपा प्रदेश २ मा मात्रै सीमित भयो भन्ने आरोप लगाउनुहुन्छ, तपाईंहरू पनि प्रदेश ५ मै सीमित हुनुभयो नि ?**

– हामी त अहिले एउटा राजनीतिक समूह मात्रै हो, त्यसैले हामीले सुरूवात प्रदेश ५ बाट गरेका छौं। परिस्थितिवश हामीले यो राजनीतिक समूह गठन गरेका थियौं। यदि यो समूह पार्टीको रूप लियो भने सबै प्रदेशमा हाम्रो उपस्थिति रहन्छ, तर अहिलेसम्म हामी पार्टी घोषणा गरिसकेका छैनौं। अहिले हामी प्रदेश ५ मै केन्द्रित छौं, अन्य प्रदेशमा संगठन पनि विस्तार भएको छैन।

**० नयाँ पार्टी गठनको सन्दर्भमा के हुँदैछ ?**

– स्वतन्त्र राजनीतिक समूहलाई पार्टीको रूपमा गठन गर्ने पनि हाम्रो विकल्प मध्येको एक हो। त्यसका अहिले हामी कुनै गृहकार्य गरेका छैनौं। व्यापक छलफल हुनुपर्छ, हतारमा त पार्टी घोषणा हुँदैन, केही समय लाग्छ। यदि नेकपासँग हाम्रो सकारात्मक कुरा भएन भने अन्तिम विकल्प पार्टी गठन नै हो।

**० मधेशमा वैकल्पिक शक्तिको आवश्यक्ता देख्नु हुन्छ ?**

– कुनै चीजको आवश्यक्ता । महसुस भएर नै उत्पादन हुने हो। मधेशले यदि वैकल्पिक शक्ति महसुस गर्छ भने हामी त्यही हिसावले अगाडि बढ्छौं। तर, हामी चाहन्छौं कि अहिलेको दुई तिहाई बहुमतको सरकारले नै मधेशको समस्याहरू समाधान गरोस्।

***(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)***

# भेनेजुएला प्रकरण र अमेरिकाविरूद्ध उभिएको नेपाल



सन्तोष मेहता

हालै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र नेपाल सरकारले भेजुएलाको संस्थापन पक्षमा आफ्नो वक्तव्य दिदा विश्व राजनीति माझ नेपालको अडानले तरंगित तुल्याइदिएको छ। भेनेजुएलामा भएको के हो, किन अमेरिका जस्ता देशहरू संस्थापनको विपक्षमा उभिए अनि नेपाल सरकारले किन भेनेजुएला प्रकरणमा हाथ हालेको होला आदि सबै बुझ्न पहिला भेनेजुएलमा भएको के हो बुझ्नु आवश्यक छ।

भेनेजुएलामा यतिखेर दुईवटा सत्ता चलिरहेको छ। गत चुनावमा धाँधली भएको भन्दै विपक्षी नेता हुवान गोइदोले आफूलाई राष्ट्रपति घोषणा गरे। उनी ३५ वर्षका मात्र छन्। जसलाई अमेरिका लगायतका देशहरूले समर्थन गरेको छ। वर्तमान राष्ट्रपति निकोलस माडुरो विरूद्ध जनताहरू सडकमा उत्रिएका छन्। आन्दोलनको नेतृत्व विपक्षी नेता खुआन गोइदोले गरेका छन्। गोइदो भेनेजुएलाको राष्ट्रियसभा अध्यक्ष हुन्। उनले सरकारविरूद्ध अवज्ञा आन्दोलन सुरू गर्न आह्वान गरेका थिए। चरम आर्थिक संकटबाट गुज्रिरहेको भेनेजुएलाको राजनीतिक घटनाक्रमबारे विश्वका शक्ति राष्ट्रहरू दुई खेमामा ध्रुवीकरण भइरहेका छन्। खाद्यान्न, इन्धन, औषधि लगायतका आधारभूत सामानको अभाव भएपछि लाखौं मानिस दैनिक सडकमा उत्रिएका छन्। सरकारविरोधी यी प्रदर्शनका क्रममा आफूलाई राष्ट्रपति घोषणा गरेका हुवान गुवाइदो र धाँधलीपूर्ण भनिएको गत वर्षको चुनावबाट राष्ट्रपति बनेका निकोलस मडुरोको पक्षमा विभिन्न देशहरू शीतयुद्धकालमाझैं रूस र अमेरिकाको क्याम्पमा बाँडिएका छन्।

भेनेजुइलाका जनता पछिल्लो आधा दशकदेखि चरम आर्थिक संकटसँग जुझिरहेका छन्। त्यो संकट कुनै प्राकृतिक विपत्ति वा बाह्य हस्तक्षेपले आएको होइन, सरकारले लिएको नीतिले निम्त्याएको हो। १९९२ मा सैनिक कू असफल भएपछि आत्मसमर्पण गरेका चाभेज १९९८ को चुनावमा राष्ट्रपति निर्वाचित भए। राष्ट्रपति निर्वाचित भएका चाभेजले नयाँ संविधान लागू गरे। त्योसँगै उनले भेनेजुएलालाई समाजवादी राज्यको रूपमा रूपान्तरण गर्दै लगे। सात वर्षपछि चाभेजले भूमिसुधार घोषणा गरे। ठूला जमिनदारीको जमिन गरिबहरूलाई बाँडे। तेल कम्पनीलाई कब्जा गरेर तेल खानी राष्ट्रियकरण गरे भने बैंक अफ भेनेजुएला, तेल वितरक कम्पनी र पेट्रोल पम्प पनि सरकारले नै लियो। सेनाले व्यापक भ्रष्टाचार गर्‍यो। कुशासन र भ्रष्टाचारले देशको अर्थतन्त्र थिलोथिलो भयो। अहिले भेनेजुएलाको अर्थतन्त्र यसरी बिग्रिएको छ कि अन्तर्राष्ट्रिय मुद्रा कोषले यो वर्ष मुद्रास्फिति १ करोड प्रतिशत हुने अपेक्षा गरेको छ। भेनेजुएलाको सरकारले ढुकुटीको सुन बेचेर भएपनि आवश्यक रकमको जोहो गरिरहेका छन्। राष्ट्रपति निकोलस मडुरोको शासनमा भेनेजुएला निरंकुशतातर्फ बढिरहेको अवस्थामा गुइदोले सुस्त रहेको विपक्षी आन्दोलनलाई पुनर्जागृत गरेका छन्। भेनेजुअलामा लोकतन्त्र पुनर्बहाली गर्न सकिन्छ भनी उनले धेरैमा विश्वास जगाएका छन्। गुइदो औद्योगिक इन्जिनियर हुन् र पपुलर विल दलका सांसद पनि। सन् २०१८ को जनवरीमा विपक्षीहरूको बाहुल्य रहेको संसद् नेसनल एसेम्बलीमा उनी विपक्षीहरूको नेता बने। भेनेजुएलाको संविधानबमोजिम देशमा शक्ति शुन्यताको स्थिति आएमा नेसनल एसेम्बलीको नेता राष्ट्रपति बन्छन्। सन् २०१८ को मे महिनामा मडुरोले चुनावमा धाँधली गरेर जितेकाले शुन्यताको स्थिति आएको भनी गुइदो दाबी गर्छन्। विपक्षीहरूले उक्त निर्वाचन बहिष्कार गरेको र चुनावमा धाँधली भएको भनी दाबी गरिएकाले मतदानलाई अवैध मान्नेको संख्या पनि ठूलै छ। चुनावपछि अमेरिका र युरोपेली संघले भेनेजुएलामा नाकाबन्दी लगाए अनि दक्षिण अमेरिकाका १४ मुलुकले आआफ्ना राजदूत फिर्ता बोलाए। भेनेजुएलाका सुरक्षा फौजले अपराध नियन्त्रण गर्ने निहुँमा सयौं गैरन्यायिक हत्या गरेको संयुक्त राष्ट्रसङ्घको एउटा प्रतिवेदनले जनाएको छ। राष्ट्रसङ्घका मानवाधिकार निकायका प्रमुखले त्यस्ता हत्याका निम्ति कसैलाई कारबाही नगरिएको बताएका छन्। राष्ट्रसङ्घको प्रतिवेदनमा सुरक्षा फौजले गरिबहरूको बस्तीमा छिरेर खासगरी युवकहरूलाई गोली हानी मार्ने गरेको र त्यसलाई झडपमा मारिएकोजस्तो देखाउने गरेको उल्लेख छ। राष्ट्रसङ्घका मानवाधिकार निकायका प्रमुख जेइद राद अल हुसेनले सो देशमा कानुनको शासन लगभग नरहेको बताएका छन्। त्यहाँ हाल लामो समयदेखि राजनीतिक तथा आर्थिक सङ्कट रहेको छ। गत वर्ष त्यहाँ भएका सरकारविरोधी प्रदर्शनहरूका क्रममा भएका झडपमा दर्जनौं मारिएका थिए। राष्ट्रसङ्घका अनुसार सन् २०१५ को जुलाई देखि २०१७ को मार्चको बीचमा त्यहाँ पाँच सयभन्दा धेरैको हत्या गरिएको छ। अपराध न्यूनीकरण गर्ने निहुँमा तिनको गैरन्यायिक हत्या भएको उसले उल्लेख गरेको छ। यस्तो विषम परिस्थितिमा लोकतान्त्रिक र मानवअधिकार पक्षधर राष्ट्रहरू त्यस पक्षमा उभिनु स्वाभाविक हो। अमेरिका युरोप लगायतका राष्ट्रहरू जो सदैव विश्वमा शान्ति, लोकतन्त्र र मानव अधिकारका प्रवर्द्धन एव विकासको निम्ति आफना नागरिकबाट लिएका करबाट करौडो अरबौ खर्च गर्छन के उनीहरू भेनेजुएलामा लोकतान्त्रिक एवम् मानव अधिकार हनन भइरहँदा टुलुटुलु हेरेर बस्नुपदर्थ्यो। आजको विश्वमा लोकतन्त्र र मानव अधिकार जस्ता विषय पनि आन्तरिक हुन्छ र ! यो विषय त विश्वब्यापी हो।

नेपालमै पटक पटक भएको लोकतान्त्रिक आन्दोलनमा छिमेकी लगायत बाह्य जगतको समर्थन हामीले प्राप्त गर्दै आएको सत्य हो। नेपाली जनताले एक दशकअघि मात्र शान्तिपूर्ण प्रदर्शनमार्फत् राजतन्त्रलाई घुँडा टेकाएका र त्यसमा बाह्य समर्थन र सहयोग प्राप्त भएको इतिहास छ। आन्दोलनबाटै आएको नेपाल सरकारले अहिले भेनेजुएलामा भइरहेको लोकतान्त्रिक आन्दोलन एवम् राजनीतिक उथलपुथललाई विदेशी हस्तक्षेप भन्दै वक्तव्य निकाल्नु कति मुनासिब हो ? नेपालको परराष्ट्र नीतिका प्रमुख तत्वहरूमध्ये असंलग्नता एक प्रमुख हो। तर अहिले असंलग्नता छोडेर अमेरिकाको विरोध र भेनेजुएलाको निरंकुश सरकारको समर्थन अझ त्यसमा पनि एउटा पार्टीको नेताको समर्थनमा उभिनाले नेपालको असंलग्नतामा नै ठूलो प्रश्न उठ्ने स्थिति आएको छ।

खासगरी नेकपाको सरकार बनेदेखि नेपालको छिमेकी लगायत लोकतान्त्रिक मुलुकसँग निरन्तर सम्बन्धमा उतार चढाव आउदै छ। गत २०१८ को डेसेम्बरको तेस्रो हप्ता नेपालका परराष्ट्र मन्त्रीले अमेरिकाको भ्रमण गर्नुअघि भनेका थिए- अमेरिकाले नेपाललाई भारतको चस्माले नहेरोस् भन्न जाँदैछु। जबकि अमेरिकाको दक्षिण एसिया हेर्ने दृष्किोण नै अर्को लोकतान्त्रिक मुलुक भारतीय दृष्टिकोणले हो। तर परराष्ट्रमन्त्रीको अमेरिका भ्रमणका अन्त्यमा अमेरिकाले त्यसको ठिक उल्टो भन्यो-नेपाल अमेरिकाको भारत-प्रशान्त क्षेत्रीय रणनीति (इन्डो-प्यासिफिक स्टर्याटेजी) को अङ्ग हो र अझ यस रणनीतिमा नेपालको त केन्द्रीय स्थान छ ! अनि नेपालका परराष्ट्रमन्त्रीले नेपाल आएपछि यसको खण्डन गर्नुभयो र नेपाल कसैको रणनीतिको अङ्ग हुन सक्तैन भन्नुभयो। वास्तबमा परराष्ट्रमन्त्रीको उक्त वक्तव्य अमेरिका र भारतलाई एकसाथ चुनौती दिएको थियो। त्यस वक्तव्यले नेपाल-अमेरिका सम्बन्ध, नेपाल-भारत सम्बन्धमा असर त परेकै थियो तर सत्तारूढ नेकपाका अध्यक्ष प्रचण्डले दिएको भेनेजुएलासम्बन्धी कडा वक्तव्यले नेपाल-अमेरिका सम्बन्धलाई सन् २०१५ को महाभूकम्पले नेपालमा धेरै नराम्रो क्षति पुर्‍याएजस्तै क्षति पुर्‍याएको छ।

यो वक्तव्य अनावश्यक, अपरिपक्व र नेपालको राष्ट्रिय हितलाई हानी गर्ने खालको छ। सीधा र साधारण प्रश्न छ-नेपाललाई अमेरिकासितको सम्बन्ध महत्वपूर्ण छ कि भेनेजुएलासितको? अमेरिकामा कति नेपाली बस्छन? भेनेजुएलामा कति? परराष्ट्र सम्बन्धको मुख्य उद्देश्य भनेको आफ्नो राष्ट्रिय हितको सम्वर्धन र संरक्षण गर्नु हो। नेपालले सोच्नुपर्छ-विश्वशक्ति अमेरिकालाई चिढ्याएर हामीले आफ्नो राष्ट्रिय हितलाई कसरी सम्वर्धन गर्न सक्छौं?

नेपाल-अमेरिका कूटनीतिक सम्बन्ध सन् १९४७ अप्रिल २५ तारिखका दिन स्थापना भएको हो। दोस्रो विश्वयुद्ध समाप्त भएपछि नेपाल र अमेरिकाले एक-अर्काको महत्व बुझेर यो कूटनीतिक सम्बन्ध स्थापना गरेका हुन्। यो ऐतिहासिक सन्दर्भ र महत्वलाई हामीले अहिले पनि गहिरिएर बुझ्नुपर्छ। अमेरिका नेपालको ठूलो दातृराष्ट्र हो। कूटनीतिक सम्बन्ध स्थापना भएदेखि अमेरिकाले औलो उन्मूलनदेखि स्वास्थ्य, शिक्षा, जनसङ्ख्या, वातावरण, प्रजातन्त्र, मानवाधिकार, प्राकृतिक प्रकोपसम्म अनेक क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको छ। सुरूदेखि आजसम्म नेपाललाई अमेरिकी सहयोग क्रमिक रूपमा वृद्धि भइरहेको छ। कुनै वर्ष पनि त्यो घटेको छैन, बढिरहेकै छ। हाल आएर त अमेरिकाले मिलेनियम च्यालेन्ज कर्पोरेशनअन्तर्गत 'नेपाल कम्प्याक्ट' कार्यक्रम चलाएको छ। त्यसका लागि पाँच वर्षमा नेपालको ऊर्जाक्षेत्र, क्षेत्रीय ऊर्जासञ्जालमा सुधार र परिवहनमा हुने खर्चमा नियन्त्रण गर्न सहयोग पुर्‍याउने उद्देश्यले ५० करोड अमेरिकी डलर सहायता छुट्ट्याएको छ। झण्डै तीनलाख नेपालीहरू अमेरिकामा छन्। अमेरिका नेपालमा सबैभन्दा बढी रेमिट्यान्स पठाउनेमा पहिलो देश पनि हो। आर्थिक वर्ष २०७४/७५ मा अमेरिकाबाट एक खर्ब ७० अर्ब रूपैयाँ रेमिट्यान्स नेपाल गएको छ। यसअघि खाडी मुलुकबाट सबैभन्दा बढी रेमिट्यान्स नेपाल जान्थ्यो भन्ने भ्रम थियो। अमेरिकी डलरको भाउ उच्च बिन्दुमा पुग्नु र नेपालीको संख्या बढ्नुले रेमिटेन्सको ठूलो स्रोत मुलुक अमेरिका भएको छ। यसले नेपालमा आर्थिक वृद्धि, निजी क्षेत्रमा लगानी र रोजगारीका अवसर सिर्जना गर्न सहयोग हुने आशा गरिएको छ। नेपालको निम्ति समस्या रहेको झन्डै एक लाख भुटानी शरणार्थी पनि अमेरिकाले त लगेर राखिदिएको छ।

अर्को हाम्रो निम्ति बुझ्नुपर्ने के हो भने बिगतको शताब्दीमा पाकिस्तान र अमेरिका बीचको सम्बन्धको आयाममा फेरिएको तस्बिर महत्वपूर्ण कुरा हो। एकातिर अमेरिका-भारत सम्बन्ध नजिकिन थाल्यो भने अर्कातिर पाकिस्तान-चीन सम्बन्ध नजिकिन थाल्यो। चीनले गरेको अद्भूत आर्थिक उन्नतिले यस परिवर्तनलाई झन् तीव्रता प्रदान गरेको हो। अहिले आएर अमेरिका-पाकिस्तान सम्बन्ध निकै सीमित भएको देखिन्छ। सँगसँगै पाकिस्तानमा चीनको लगानी बढ्दो क्रममा छ। चीन-पाकिस्तान आर्थिक गल्ली (करिडोर) र ग्वादर बन्दरगाहको निर्माणमा चीनको लगानी त्यसका ठोस उदाहरण हुन्। पाकिस्तानको सिको गरेर के नेपालले पनि नेपाल-अमेरिका सम्बन्ध र नेपाल-भारत सम्बन्धलाई बाध्यताको स्तरमा सीमित राखेर अघि बढ्न सक्ने धृष्टता गर्न सक्छ ? या कतै नेपालको कम्युनिस्ट सरकार पाकिस्तानकै पथ त पछ्यायाई रहेको छैन। यदि सरकारको यस्तो कुटनीतिक रणनीति हो भने यो नेपाल जस्तो मुलुकको निम्ति ठूलो घातक हुनेछ। कतै चीनको उक्साहटमा दुई तिहाइको कम्युनिस्ट नेतृत्वको नेपाल सरकारले त यस्तो षड्यन्त्र गरिरहेको छैन। यस गम्भीर परिस्थितिमा लोकतान्त्रिक पार्टीहरू गोलबद्ध हुनु आवश्यक छ। सरकारको यो घातक रणनीति समयमै सच्याउन लगाउनु पर्दछ। यो हामी सम्पूर्ण नेपालीको निम्ति ठूलो चुनौती हो।

कूटनीतिको व्यावहारिक पक्षलाई नजरअन्दाज गरेर 'समदूरी' या 'समसामीप्य'को सुगा रटाइले मात्र के यस चुनौतीलाई भेट्छ? अमेरिकाले नेपाललाई 'मिलेनियम च्यालेन्ज कम्प्याक्ट' अन्तर्गत सहयोग पुर्‍याउने उद्देश्यले ५० करोड अमेरिकी डलर सहायता जो छुट्ट्याएको छ त्यो हाललाई स्थगित गरि दिने निर्णय गर्‍यो भने त्यो चाहिँ गम्भीर हुनेछ। अमेरिका संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को स्थायी र सर्वाधिक प्रभावशाली सदस्य राष्ट्र हो। उसले नेपालले शान्ति सेनामा दिइरहेको योगदान घटाउने भन्न थाल्यो भने त्यो झन् गम्भीर कुरा हुनेछ। त्यसलाई रोक्न कसैले सक्नेछैन। अमेरिका विश्वको कूटनीतिमा एक्लै हिँडेको हुँदैन। उसका धेरै मित्रराष्ट्रहरू छन्, अन्तर्राष्ट्रिय संस्था र सङ्गठन छन्। तिनीहरूमार्फत् पनि उसले नेपाल सरकारमाथि ठूलो दबाव दिन सक्छ।

विश्व परिस्थितिमा अमेरिका र भारत जस्ता सामरिक र आर्थिक रूपले शक्तिशाली मित्र राष्ट्रहरूसँग राम्रो सम्बन्ध राख्ने र नेपालको विकासका लागि ती सम्बन्धको सक्दो उपयोग गर्ने तर शक्तिशाली राष्ट्रहरू बीचको कुनै पनि खिचातानीमा नपर्ने नीति नेपालको हित अनुकूल हो। अहिलेको सरकारले भने उत्ताउलो भएर शक्तिराष्ट्रहरूबीचको रणनीतिक स्वार्थको द्वन्द्वमा अनावश्यक रूपमा पक्ष लिने र आफ्नो मुलुकको आर्थिक र अन्य हित कमजोर पार्ने काम गरेको छ। समयमै चेत खुलेको उत्तम हुनेछ।

*(मेहता, राजपा नेपालका प्रवक्ता हुन्।)*

> अहिलेको सरकारले भने उत्ताउलो भएर शक्तिराष्ट्रहरूबीचको रणनीतिक स्वार्थको द्वन्द्वमा अनावश्यक रूपमा पक्ष लिने र आफ्नो मुलुकको आर्थिक र अन्य हित कमजोर पार्ने काम गरेको छ। समयमै चेत खुलेको उत्तम हुनेछ।

## मधेश अपडेट

### प्रदेशको नाम तथा राजधानी तोक्न शुभकामना

जनकपुरधाम। प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले प्रदेशको नाम, भाषा तथा राजधानी अहिलेसम्म नतोकिएकोले प्रदेश सभाबाट शीघ्र निर्णय गर्नका लागि शुभकामना दिएका छन्। प्रदेश नं. २ को प्रदेश सभाको पहिलो वार्षिकोत्सव समारोहलाई उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन्। साथै उनले संघीयता पश्चात पहिलो पटक स्थापित प्रदेश सभाले पहिलो वर्ष पूरा गरेकोमा शुभकामना तथा उत्तरोत्तर प्रगतिको कामना समेत गरेका छन्। सो कार्यक्रममा बोल्दै मुख्यमन्त्री मो.लाल बाबु राउत गद्दीले कर्मचारी अभावले प्रदेशको कार्य गर्न कठिनाई भइरहेको बताएका थिए। त्यस्तै, उक्त कार्यक्रममा बोल्दै आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले प्रदेशमा कानुन निर्माण गर्नका लागि सबै दलको सहयोग प्राप्त भईरहेको विचार प्रस्तुत गरे। खेल, रक्तदान, बृक्षारोपण जस्ता ३ दिवसीय कार्यक्रम गरी प्रदेश सभाले पहिलो वार्षिकोत्सव मनाएको छ। उक्त कार्यक्रममा भलिबल तथा ब्याडमिन्टन खेलमा प्रथम, द्वितीय तथा तृत्तीय हुने मन्त्री तथा कर्मचारी खेलाडीहरूलाई प्रमाणपत्रका साथै ट्रफी प्रदान गरिएको थियो।

### "प्रदेशलाई नै प्राविधिक शिक्षाको हव बनाइने"

जनकपुरधाम। मुख्यमन्त्री लालबाबु राउतले अगामी आर्थिक वर्ष भित्र प्रत्येक पालिकामा एक एक प्राविधिक शिक्षालयको स्थापना गरिने बताएका छन्। प्याब्सन प्रदेश अधिवेशनको आज वर्दिबासमा उद्घाटन गर्दै मुख्यमन्त्री राउतले प्रदेशलाई नै प्राविधिक शिक्षाको हव बनाउने योजना अनुरूप प्रत्येक पालिकामा एक एक प्राविधिक शिक्षालय स्थापना गरिने उल्लेख गरे। उच्च शिक्षा प्रदेश सरकारको मातहत हुने स्पष्ट व्यवस्था रहेपनि संघीय सरकारले सिटीईभिटीलाई प्रदेशलाई हस्तान्तरण गर्न आनाकानी गरि रहेको गुनासो गर्दै उनले भने, 'संविधानले प्रदत गरेको अधिकार प्रयोग गर्न हामीलाई कसैले रोक्न सक्दैन। प्राविधिक शिक्षा सम्बन्धि ऐन हामीले तयार गरि सकेका छौ, एक साता भित्र प्रदेश सभामा जान्छ।' ऐन पारित भए लगतै प्राविधिक शिक्षालय स्थापनाको क्रम शुरू हुने उनको कथन थियो। सम्बन्धित निकायको अस्पष्ट नीतिकै कारण मुलुकले शिक्षा लगायतको क्षेत्रमा प्रगति गर्न नसकेको उल्लेख गर्दै उनले प्रदेश सरकार अव त्यस्तो हुन दिने उल्लेख गरे। संस्थागत विद्यालयले मुलुकको शिक्षा क्षेत्रमा ठूलो योगदान दिएको उल्लेख गर्दै उनले नयाँ नीति संस्थागत विद्यालयलाई धाराशायी गर्ने नभई व्यवस्थित गर्ने खालको हुनु पर्ने बताए।

### "सडकमा बहस गर्ने विषय होइन"

चन्द्रकान्त खनाल,रूपन्देही। प्रदेश नम्बर ५ प्रदेश सभाको पहिलो बैठक बसेको दिन प्रदेशसभा दिवस मनाएको छ। माघ २१ गतेको दिनलाई प्रदेशसभा दिवसको रूपमा औपचारिक कार्यक्रम गरी मनाएको हो। कार्यक्रममा बोल्दै प्रदेश प्रमुख उमाकान्त झाले पूर्वाधार, जनशक्ति अभावको बाबजुत प्रदेशसभाले गरेको कार्यको मूल्यांकन गर्नुपर्ने बताए। उनले प्रदेशमा संरचना स्थापना गर्नका लागि नै केही समय लागेको भन्दै अभावको बाजबुत गरिएको कार्यहरू सन्तोषजनक रहेको बताएका छन्। कार्यक्रममा बोल्दै मुख्यमन्त्री शंकर पोखरेलले अभावको बाबजुत प्रदेश सरकारले धेरै काम गरेको बताए। उनले प्रदेशको राजधानी र नामको विषयमा बाहिर सडकमा बहस गर्ने विषय नभएको समेत बताए। राजधानी कहाँ बनाउनेभन्दा पनि कस्तो बनाउने भन्ने विषयमा सोच्न आवश्यक रहेको भन्दै मुख्यमन्त्री पोखरेले भावी सन्ततिका लागि पनि नमुनाको रूपमा राजधानी बनाउनुपर्ने बताएका छन्। कार्यक्रममा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता बलदेव शर्मा पोखरेलले सरकारले १६ वटा विधेयक बनाउनु बाहेक अन्य कुनै पनि काम गर्न नसकेको बताए।

### "नगरपालिका विकासमा यूटर्न लिएको छ"

रौतहट। गरूडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीले नगरपालिकाले विकासको कार्यमा यूटर्न लिएको बताएका छन्। नगर प्रमुख र उपप्रमुखविच रहेको असमझदारी अन्त्य भएपछि विकासको कार्यको बाटो खुलेको हो। दुई फरक राजनीतिक दलबाट निर्वाचित प्रमुख र उपप्रमुखबीच विगत केही दिनदेखि कायम रहेको आन्तरिक विवाद समाधान गराउन सफल भएका उपसचिव पन्थीले अब गरूडा नगरपालिका विकासको क्षेत्रमा यूटर्न गरेको दाबी गरेका छन्। सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै प्रमुख प्रशासकीय अधिकृत पन्थीले दुवै जनाको बीचमा ६ बुँदे सहमति भएको जानकारी दिए। सहमतिले आर्थिक, सामाजिक, भौतिक विकासको ढोका खुलेको उनको तर्क रहेको छ। नगर प्रमुख इन्नु राय यादव र उपप्रमुख रंगीला देवी जायसवालबीच अधिकार सम्बन्धी विषयलाई लिएर भएको विवाद सार्वजानिक रूप लिएपछि विकासका कार्यहरू प्रभावित बनेका थिए। मेयरले एकलौटी रूपमा काम गर्न थालेको र भएको अधिकारलाई कुण्ठित गरेको भन्दै उपप्रमुखले खोजवीन शुरू गरेपछि आन्तरिक मनमुटाव बढेको थियो।

### महानगरपालिकाप्रति खानको आक्रोश

वीरगन्ज। प्रदेश नं.२ को शान मुस्लिम समुदायबाट आएकी जन्नत खानले वीरगन्ज महानरगपालिकाको विरोध गरेकी छन्। नेपाल आईडल शिजन २ को प्रतिस्पर्धामा छनौट भएकी जन्नत खानले सडक दुर्घटनाबाट बच्न र बचाउनका लागि वीरगन्ज महानरगपालिकाका मेयर र वडा नं.२४ रमगढवाका अध्यक्षको ध्यान केन्द्रित गराएकी छन्। सुख्खा बन्दर्गाहबाट पावर हाउसतर्फ आउने मुख्य सडकको बीचमा ३ मिटर लामो र एक मिटर चौडाई भएको सडक खाल्टोमा परिणत भएको सो खाल्टोमा हालसम्म दर्जनौ सवारी साधन दुर्घटना र दुई दर्जनभन्दा बढी यात्रु र चालकहरू दुर्घटनामा परि घाइते भएको रामगढवाका स्थानीयहरूले बताएका छन्। यसै सन्दर्भमा समाजमा सेवा पुर्‍याउने जाँगर राखेकी जन्नत खानले वर्षौदेखि सडक टुटेको अवस्थालाई यथाशीघ्र निर्माण वा सिमेन्टको प्लेट बनाई त्यो स्थानमा राखि दिएमा दुर्घटनाबाट जोगिन सकिने बताएकी छन्।

### स्मार्ट कृषि गाउँ कार्यक्रमको शुभारम्भ

रूपन्देही। प्रदेश नं ५ सरकारले प्रदेशका ५२ निर्वाचन क्षेत्रमा स्थापना गरिने स्मार्ट कृषि गाउँको प्रारम्भ गरेको छ। प्रदेश सरकारले आज रूपन्देहीको देवदह-९ बुद्धनगरबाट पहिलो स्मार्ट कृषि गाउँ कार्यक्रमको शुभारम्भ गरेको हो। परम्परागत खेती प्रणालीलाई बदलेर आधुनिक र व्यावसायिकीकरण गर्दै समृद्धिको प्रस्थानविन्दु मानेको प्रदेश सरकारले ५२ स्मार्ट गाउँ छनोट गरेको छ। प्रदेश सरकारले ५२ वटै निर्वाचन क्षेत्रमा सो कार्यक्रम सञ्चालन गर्नका लागि आव २०७५/७६ मा रू २६ करोड विनियोजन गरेको छ। हरेक क्षेत्रमा रू ५० लाख छुटचाइएको छ।

### विराटनगरबाट पनि श्रम स्वीकृति

विराटनगर। वैदेशिक रोजगारसँग सम्बन्धित सेवालाई विकेन्द्रित गर्दै लगेको सरकारले बुधाबारदेखि प्रदेश नं १ को अस्थायी राजधानी विराटनगरबाट पनि श्रम स्वीकृति प्रदान गरिरहेको छ। विराटनगरस्थित श्रम तथा रोजगार कार्यालयबाट तत्कालका लागि पुनः श्रम स्वीकृतिलगायतका सेवा प्रदान गरिरहेको छ। श्रम कार्यालयबाट प्रारम्भिक चरणमा पुनः श्रम स्वीकृति प्रदान गर्ने, वैदेशिक रोजगारीसम्बन्धी इजाजत पाएका संस्था र तालीम एवं अभिमुखीकरण संस्थाको अनुगमन तथा नियमन गरिनेछ।

### मदरसा समस्या समाधानका लागि ज्ञापन

कपिलवस्तु। कपिलवस्तुको कृष्णनगर नगरपालिकामा रहेका मदरसाको समस्या समाधानका लागि मेयरलाई ज्ञापनपत्र बुझाइएको छ। मुस्लिम अगुवाहरूले नगरप्रमुख रजत प्रताप शाहलाई ज्ञापन पत्र बुझाएका हुन्। नगरप्रमुख शाहले नगरपालिका भित्र रहेको समुदायिक बिद्यालय र मदरसाहरूमा सुधार गर्न पहल भइरहेको जानकारी दिए। उनले शिक्षा क्षेत्रमा लगानीको अवश्यक्ता पहिचान गरिसकेसम्म पूर्ण सहयोग गर्न तयार रहेको आश्वासन दिए।

### नेपालगन्जमा फोरमको निर्वाचन स्थगित

नेपालगञ्ज। संघीय समाजवादी फोरम नेपाल बाँकेको नेपालगञ्जमा वडास्तरीय समिति गठनका लागि हुने भनिएको निर्वाचन स्थगित भएको छ। कार्य व्यस्तताका कारण अर्को निर्वाचन कार्यक्रम प्रकाशित नहुन्जेलसम्मका लागि सरेको फोरम नेपाल बाँकेका सचिव बदरूद्दुजा खाँले बताएका छन्। नेपालगञ्ज उपमहानगरपालिका वडा नं ७ मा वडा समिति गठनका लागि हुने भनिएको निर्वाचन कार्यक्रममा विवादसमेत उत्पन्न भएको थियो। गठन प्रक्रियामा स्थानीय अगुवा नेता तथा अध्यक्षका दावेदारद्वय हर्कबहादुर गुरूङ र फिरोज खानबीच विवाद बढेपछि दुवै पक्षले विरोधसमेत गरेका थिए। अध्यक्षका दावेदार हर्क बहादुर गुरूङले फिरोज खानको क्रियाशील सदस्यतामा नाम समेत नरहेकोले समितिको अध्यक्षमा रहन नपाउने बताउँदै आएका छन्, भने फिरोज खानले गुरूङको विरोध गर्दै आएका छन्।

## पर्यटकीय साइनो

काठमाडौं। पोखरासँगको पर्यटनमा साझेदारी गर्ने उद्देश्यले भारतको उत्तरपूर्वी विभिन्न राज्यको प्रवर्द्धनात्मक भ्रमण गर्न लागिएको छ। भारतका पर्यटन व्यवसायी एवं पर्यटन सम्बद्ध संस्थासँग पोखराको पर्यटन प्रवर्द्धन गर्ने प्रयासस्वरूप माघ २२ गतेदेखि २७ गतेसम्म सिलगुडी, गुवाहाटी लगायतका शहरको भ्रमण गर्न लागिएको बताइएको छ। पोखरासँगको पर्यटनमा साझेदारी गर्ने उद्देश्यका साथ पाँच वर्षअघि नेपाल पर्यटन बोर्ड क्षेत्रीय कार्यालय पोखराको पहलमा इष्टर्न हिमालयन ट्राभल्स एण्ड टुर अपरेटर एशोसिएशन, भारत र पोखरा पर्यटन परिषद्बीच सम्झौतापत्रमा संयुक्त हस्ताक्षर समेत भएको थियो।

भ्रमणका क्रममा भारतीय उत्तरपूर्वी ६ वटा राज्यका पर्यटन व्यवसाय सञ्चालन गर्ने व्यवसायीको छाता सङ्गठन इस्टर्न हिमालय ट्राभल एण्ड टुर अपरेटर एशोसिएशनका साथै पर्यटन सम्बद्ध व्यवसायीसँग अन्तर्क्रिया गरिने छ। उत्तरपूर्वी भारतका पश्चिम बङ्गाल, आसाम, सिक्किम, मणिपुर, मेघालय, मिजोरमलगायतका राज्यबाट धेरै पर्यटक धार्मिक रूपले पनि नेपालको भ्रमणमा आउने गर्दछन्।

अफगानिस्तानबाट पाकिस्तान हुँदै शुरू हुने विश्वको पूर्वी हिमाली शृङ्खला भारतको उत्तरपूर्वी राज्य भएर भुटान हुँदै नेपालमा आएर टुङ्गिने भएकाले पर्यटकीय विकास र पर्यावरणीय संरक्षणका दृष्टिले पनि पछिल्लो समयमा यसले चर्चा पाउन थालेको छ। नेपाल आउने विदेशी पर्यटकमध्ये सन् २०१८ मा १७.०९ प्रतिशत भारतीय पर्यटक हवाई मार्गहुँदै आएको छ।

## सूचना

धनुषा जिल्ला अदालतबाट जारी भएको हरिप्रसाद बास्कोटाको छोरा बा.अ. काठमाडौं जिल्ला काठमाडौं म.न.पा. गा.वि.स./न.पा.वडा नं. १० बस्ने अ. वर्ष .... को प्रतिवादी अशोक बास्कोटा नाउँको ३० दिने समाह्वान वा इतलायनामा उप्रान्त ज.अ.जि.ध. जनकपुर उ.प.म.न.पा. गा.वि.स./न.पा. वडा नं. ७ बस्ने रामदेव मण्डलले तपाईको नाउँमा २०७४।१।२४ मितिमा हु.लि.द.व.द. मुद्दामा यस अदालतमा फिरादपत्र दिएको हुनाले सो फिरादपत्रको नक्कल समेत यसैसाथ पठाईदिएको छ। तसर्थ बाटाका म्याद बाहेक तीस दनभित्र प्रतिउत्तरपत्र र कानून बमोजिम आफ्नो लिखतको प्रमाणपत्र समेत लिई अदालत खुल्ने समयमा यस अदालतमा हाजिर हुन आफै आउनु वा कानून बमोजिम वारिस तथा कानूनी व्यवसायी पठाउनु नआएमा कानून बमोजिम हुनेछ। सो म्याद भित्र प्रतिउत्तर पत्र लिई आफू पनि आउनु भएन, वारिस वा कानून व्यवसायी पनि पठाउनु भएन भने कानून बमोजिम मुद्दा फैसला हुनेछ। पछि तपाईको उजुर लाग्ने छैन।

# दाइजोका कारण महिला हिंसामा बृद्धि

स्थलगत रिपोर्ट

राकेश यादव/रौतहट

तराई मधेशमा दाइजो प्रथाको समस्या जटिल बन्दै गएको छ । सामाजिक विकृतिको रूपमा पहिचान गरिएको दाइजो प्रथाको कारण शैक्षिक क्षेत्रमा समेत नकारात्मक प्रभाव परेका छन् । महिला हिंसा, बलात्कार, घरेलु हिंसाका घटना पनि बढेका छन् ।

दाइजोको कारण आर्थिक अवस्था कमजोर बन्दै गएका छन् भने मानसिक तनाव र चिन्ताले मानिस पिरोलिरहेका छन् । छोरीको जनसँख्यामा कमी आउनु पनि दाइजो नै हो । भ्रुण हत्या, लैंगिक विभेद, बाल विवाहको क्रम बढ्नुको कारक दाइजो नै भएको महसूस गरिएको छ । केटा पक्षले बस्तु जस्तो मोलतोल गर्ने, केटी पक्षलाई आर्थिक समस्यामा पर्ने गरिन्छ ।

आधुनिक युगमा शिक्षाको महत्व बढी रहेको भए पनि तराईका जिल्ला खासगरी प्रदेश नंबर २ का जिल्लाहरूमा दाइजो प्रथाले विकराल रूप लिँदै गएको छ । छोरीलाई छोरासरह शिक्षादीक्षा दिनुपर्ने आवाज उठिरहेका बेला दाइजो दिनुपर्ने बाध्यताले छोरीको उच्च शिक्षामा हदसम्म प्रभावित गरिरहेका छन् । जति पढाए लिखाए पनि दाइजो दिनुपर्ने सोचले छोरी प्रतिको चाहनालाई ह्रास गरिरहेका छन् ।

छोरीको जन्म हुने बित्तिकै दाइजोको चिन्ता हुने सर्वसाधारणको कथन रहेका छन् । शिक्षामा पछि परेका प्रदेश २ मा सामाजिक विकासमा लगानी गर्नुपर्ने देखिन्छ । संघीय व्यवस्थापिका संसदले कानून बनाए पनि कार्यान्वयन पक्ष भने दरिलो छैन ।

सामाजिक परम्पराले पनि दाइजो प्रथालाई मद्दत पुऱ्याएको देखिन्छ । पूर्वजले गरेको कार्यलाई निरन्तरता दिने सोचले पनि विकृत्ति बढाएको छ । छोरी राम्रो घरमा जानुपर्ने धारणा रहेको छ भने छोरालाई शिक्षित बनाउनमा लागेका खर्च असुल्ने सोच केटा पक्षका रहेका छन् । भोज भतेरले पनि आर्थिक भार थपिदै आएको छ ।

महिला हिंसा, दाइजो प्रथा, लैंगिक विभेद कहिल्यै समाप्त नहुने अवस्था रहेको बौधिमाई नगरपालिकाका उपमेयर प्रेम लता कुशवाहाको भनाइ रहेको छ । ठूलठूला व्यक्तिको घरमा महिला विभेदको शिकार भैरहेको उहाँको ठहर रहेको छ । सुखी सम्पन्न परिवारले खुलेर दाइजो माग्ने गरेका छन् ।

शिक्षित, सुन्दर, प्रतिष्ठित, केटीको साथसाथै २० देखि ३० लाख रूपैयाँसम्म दाइजो हुनुपर्ने अधिकांशको माग रहेको देखिएको छ । उच्च शिक्षा हासिल गरी जागिर पाएका केटाको बुवाको माग यस्ता किसिमका रहेका छन् । जन्ती पनि संख्यात्मक रूपमा ल्याउने परिपाटीले गर्दा केटी पक्षलाई आर्थिक संकटको सामना गर्नु परिरहेको स्थानीयहरूको विश्लेषण रहेका छन् ।



सबैको चाहना दाइजो प्रथा अन्त्य कसरी हुने भन्ने रहेको छ । तर व्यवहारमा लागू गर्ने केही अपवादको रूपमा मात्रा रहेका छन् । रौतहट जिल्लामा अचल सम्पति नभए पनि दाइजो बढी माग्ने गरेको छ । १० कट्ठा जग्गा हुनेले पनि २० लाख नगद तिलक हुनु पर्ने माग गर्ने गरेका छन् । शिक्षित परिवार हुनु पर्ने सोच कसैमा छैन ।

शिक्षा हासिल गरेका, जागिरे परिवार भएकाले दाइजो प्रथाको बढावा दिएको छ । गरीब परिवार तथा मध्यम परिवारमा सामान्य दाइजो प्रथा लिने गरिएको भएपनि सम्पन्न परिवारले ठूलै दाइजो आश गरी केटालाई बाजारको समान जस्तो बिक्री गर्ने गरेका छन् । दाइजोका कारण कतिपय महिलाको हत्या हुने गरेको छर्लङ्ग छ ।

छोरी जन्माएको खण्डमा महिलाहरूलाई पीडा भोग्नु परिरहेको तथ्यांक छन् । कम दाइजो दिएमा घाटा लाग्ने भन्न पछि हट्ने व्यक्तिहरू पनि छन् । नेपाल सरकारले दाइजो लिएर विवाह गर्नु क़ानूनी अपराध हो भन्ने भनी सके पनि यसमा कमी आएको छैन । भदौ १ गतेदेखि लागू भएका नयाँ मुलुकी ऐनमा स्पस्ट व्यवस्था गरिएको छ । विवाहमा लेनदेन गर्नु हुँदैन ।

मुलुकी अपराध संहिता येन २०७४ को दफा १७३ को उपदफा १ मा २० वर्ष नपुगी कसैले विवाह गर्न गराउनु हुँदैन भनी उल्लेख रहेका छन् । उपदफा ३ ले यस्तो कार्य गरेमा ३ वर्ष कैद र ३० हजार जरिवाना हुने सजायको व्यवस्था रहेको छ ।

दफा १७४ को उपदफा १ मा आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटि, दक्षिणा वा शरीरमा लगाएको एकसरो, गहना बाहेक विवाह गर्ने दूल्हा वा दुल्हीका तर्फबाट कुनै किसिमका चल अचल दाइजो वा कुनै सम्पति माग गरी वा लेनदेन शर्त राखी विबाह गर्नु गराउनु हुँदैन भनी कीटाणी क़ानूनी व्यवस्था गरिएको भए पनि दाइजो प्रथा न्यूनीकरण हुने सम्भावना देखिँदैन ।

**स्थानीय सरकार सक्रिय हुनुपर्छ**

मुलुकमा नयाँ व्यवस्थाअनुसार तीन तहका सरकार कार्यान्वयनमा रहेको अवस्थामा सामाजिक विकृति हटाउन स्थानीय सरकार बढी सक्रिय हुनुपर्ने आवश्यकता देखिएको छ । जननिर्वाचित प्रतिनिधि बहाल भइसकेकोले पूर्वाधारको विकाससँगै सामाजिक रूपमा रहेका समस्याको निराकरण गर्न पनि ध्यान दिनु पर्ने छ । सामाजिक विकृत हटाउन जनचेतना जगाउनु पर्ने छ ।

विकराल रूप लिदै गरेको महिला हिंसा, घरेलु हिंसा, लैंगिक विभेदलाई समाप्त पर्ने जन चेतनाको विकास एक मात्र विकल्पको रूपमा रहेको छ । वडास्तर, विद्यालयस्तरमा बाल विवाह गर्दैन, दाइजो लिँदैन, आदर्श विबाह गर्ने, भ्रूण हत्या अन्त्य गर्ने भनी प्रतिवद्धतामुखी कार्यक्रम सञ्चालन गरेमा यस्ता सामाजिक विकृतिको अन्त्य हुन सकिने आश गर्न सकिन्छ ।

सामुदायिक विद्यालयमा माध्यमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूलाई बाल विवाहले हुन सक्ने मानसिक, शारीरिक असरबारे जानकारी दिनुपर्ने जरूरी छ भने अभिभावकहरूलाई दाइजो लिन, बाल विवाह गर्दैन, भ्रूण हत्या रोक्छौ, छोरीलाई उच्च शिक्षा हासिल गराउँछौ भन्ने संकल्प गराई बेला बखत गराइएको संकल्पको अनुगमन गर्दै जानुपर्छ । संघीय र प्रदेश सरकारले पनि दाइजो सम्बन्धी बनाएको कानूनको कार्यान्वयन पक्षलाई बलियो बनाउनु पर्ने देखिन्छ ।

सबैले सामाजिक विकृति हटाई सभ्य, हिंसामुक्त, दाइजो प्रथामुक्त, बाल विवाहमुक्त समाज बनाउनु पर्ने दृढ संकल्पका साथ अघि बढ्नु जरूरी रहेको छ ।

## संक्षिप्त समाचार

### आचार्यद्वारा पद तथा गोपनीयताको शपथ

काठमाडौं । भारतका लागि नेपाली राजदूतको रूपमा मन्त्रिपरिषद्बाट सिफारिस भएका निलाम्बर आचार्यले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । मन्त्रिपरिषद्बाट भारतका लागि राजदूतमा सिफारिस भएका आचार्यलाई गत मंसिर २३ गते बसेको संसदीय सुनुवाई समितिको बैठकले अनुमोदन गरेको थियो । सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार आचार्यलाई राजदूतमा नियुक्त गरेकी हुन् ।

### मुख्यमन्त्रीद्वारा महायज्ञ स्थलको निरीक्षण

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले धनुषाको लक्ष्मिनियाँ गाउ पालिका वडा नं. १ मा माघ २९ गतेदेखि शुरू हुन लागेको महायज्ञ स्थलको निरीक्षण गरेका छन् । महायज्ञ स्थलको निरीक्षण पछि मुख्यमन्त्री राउतले मुलुकमै पहिलो चोटी हुन लागेको महायज्ञले मानव कल्याणका साथै धार्मिक र सांस्कृतिक महत्वलाई उजागर गरिने विश्वास व्यक्त गरेका छन् । उनले महायज्ञको व्यवस्थापनमा सरकारबाट हुन सक्ने हरेक प्रकारको सहयोग प्राप्त हुने विश्वास दिलाए । महायज्ञमा शेष नागको पेट भित्र एक हजार आठ मूर्तिको निर्माण गरी रामायण र कृष्णलिलालाई प्रदर्शन गरिएको छ । २१ दिन सम्म चल्ने महायज्ञमा राम नाम सकिर्तन , कोटीहोम लगायतको कार्यक्रम राखिएको आयोजकले जनाएको छ ।

### पर्यटन व्यवसायी भारतको सिलगुडीतर्फ

काठमाडौं । पोखरामा भारतीय पर्यटकको आगमन बढाउने उद्देश्यका साथ पोखरेली पर्यटन व्यवसायी भारतको सिलगुडीतर्फ प्रस्थान गरेका छन् । पोखरा पर्यटन परिषद्को आयोजना एवं नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा हिँडेको २२ सदस्यीय टोली भारतको सिलगुडीमा त्यहाँका उत्तरपूर्वी राज्यका पर्यटन व्यवसायीको साझा संस्था इष्टर्न हिमालयन ट्राभल्स एण्ड टुर अपरेटर एशोसिएशन (इथवा)ले आयोजना गर्ने बङ्गाल ट्राभल मार्ट(बिटिएम)मा सहभागी हुनेछ । भारतका उत्तरपूर्वी राज्यबाट पोखरा आउने क्रम पनि वर्षेनी बढ्दै गएको जानकारी दिँदै अध्यक्ष पोखरेलले नेपाली भाषीको बाहुल्य रहेको त्यो ठाउँ नेपालको धर्म संस्कृतिसँग पनि उत्तिकै मिल्ने भएकाले पर्यटकीय साझेदारीका धेरै सम्भावना रहेको छ ।

### मेयर कप प्रतियोगिता सूरू

कपिलवस्तु । बुद्धभूमि नगरपालिकाको दोस्रो मेयर कप खेलकुद प्रतियोगिताको सूरूवात भएको छ । इमिलियाको खेल मैदानमा भएको कार्यक्रममा नगरपालिकाका मेयर केशव कुमार श्रेष्ठले सिटी फुकेर खेलको उद्घाटन गरेका छन् । उद्घाटन गर्दै श्रेष्ठले खेलकुदको विकासका लागि नगरपालिकाले योजना बनाइरहेको बताए । आगामी वर्षमा थप बजेट र प्रतियोगिताहरू नगरपालिकाले संचालन गर्ने बताए । खेलकुद र अनुशासन कायम गर्नको लागी विद्यालय र शिक्षकहरूको दाहित्व रहने हुंदा विद्यालयमा नियमित रूपमा खेलकुद र अत्तिरित्त कियाकलापहरू गर्नु पर्नेमा जोड दिए ।

### जबरजस्ती करणी गर्ने २ पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-८ बस्ने १० वर्षीया बालिका रूमती दासलाई जबरजस्ती करणी गरी घाँटी थिचेर हत्या गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मोरङमा आइतबार आयोजित पत्रकार सम्मेलनमार्फत प्रहरीले अभियुक्तहरूलाई सार्वजनिक गरेको छ । पक्राउ पर्नेहरूमा मोरङ विराटनगर महानगरपालिका-८ बलुवाही बस्ने १९ वर्षीय चन्दु महतो र सोही ठाउँ बस्ने २५ वर्षीय भुट्टु भन्ने अब्वास अन्सारी रहेका छन् । उनीहरू दुबैजना मजदुर हुन् । घटनापश्चाात् जिल्ला प्रहरी कार्यालय मोरङबाट तत्काल अनुसन्धानमा खटिएको प्रहरीले अभियुक्तको खोजी तथा अपराधको गहन अनुसन्धानको क्रममा उनीहरूलाई पक्राउ गरेको हो ।

### डिजल चोरी गर्ने चार जना पक्राउ

मोरङ । नागरिक उड्डयन कार्यालय विराटनगरबाट ४ सय लिटर डिजल चोरी गर्ने ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा विराटनगर महानगरपालिका-४ बस्नेहरू १८ वर्षीय मुकेश यादव, २२ वर्षीय अमित यादव, १९ वर्षीय रामचन्द्र यादव र विराटनगर विमानस्थलमा चौकीदारको रूपमा कार्यरत ४८ वर्षीय भोला यादव रहेका छन् । पक्राउ परेका व्यक्तिहरूमध्ये नागरिक उड्डयन कार्यालयका चौकीदार भोलाले उक्त स्टोरमा डिजल रहेको सूचना दिने गरेको, मुकेशले र अमितले उक्त डिजल नजिकै रहेको गाढामा राखी रातको समयमा नागरिक उड्डयन कार्यालयको पश्चिमतर्फको सिमानामा पुर्याएको तथा रामचन्द्रले डिजल चोरी गर्ने क्रममा सहयोग गरेको अनुसन्धानको क्रममा खुल्न आएको छ ।

### बसमा मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-१ जितगढीस्थित सडकमा लु.१९ प ८१० नम्बरको मोटरसाइकल लु.१ ख ७०६६ नम्बरको बससँग ठक्कर खाँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक सोही उपमहानगरपालिका(६ बस्ने भारत गोरखपुर घर भएका ३५ वर्षीय अल्लाहा ओदिन सेन मन्सुरीको लुम्बिनी अंचल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार २२ वर्षीय गोलु मुसलवानको सोही अस्पतालमा उपचार भइरहेको छ । दुवै सवारी साधन र बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मृत फेला

कैलाली । सुतिरहेकै अवस्थामा एक युवती मृत फेला परेकी छिन् । गोदावरी नगरपालिका-२ स्थित पसल गरी बस्ने चुरे गाउँपालिका-६ घर भएकी २५ वर्षीया चेतना बिष्ट मृत फेला परेकी हुन् । सोही पसलको सुत्ने कोठामा मंगलबार दिउँसो मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

## पूर्वविद्यार्थीहरूले शिक्षकको घर बनाइदिने

कारी महतो, चितवन । कंकाली माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरूले आफूहरूलाई पढाएका शिक्षक पशुपतिलाल कर्णका लागि घर बनाइदिने भएका छन् । विद्यालयको स्वर्ण महोत्सवको अवसरमा पूर्वविद्यार्थी समाजबाट आयोजित पूर्व शिक्षक सम्मान तथा विविध साँस्कृतिक कार्यक्रममा गुरू आवास अभियान कार्यक्रम घोषणा गरिएको हो । सम्पूर्ण पूर्व विद्यार्थीहरूको प्रतिनिधित्व गर्दै समाजका अध्यक्ष अर्जुन लम्साल र उपाध्यक्ष लाल प्रसाद चालिसेबाट संयुक्त रूपमा ब्यानर अनावरण गरेर घोषणा गरिएको हो । कंकाली माध्यमिक विद्यालयमा २०२७ सालदेखि २०६९ सालसम्म ४२ वर्ष निरन्तर सेवा गरेका पशुपतिलाल कर्णले विद्यालयको गेट अगाडि सात धुर बराबरको घडेरी किनेको तर उक्त घडेरीमा घर बनाउन नसकेको कुरा पूर्व विद्यार्थीहरूले जानकारी पाएपछि उनको घर बनाइदिने निर्णय गरेका छन् । कार्यक्रम घोषणा गरिएकै दिन विद्यालयमा उपस्थित पूर्वविद्यार्थीहरूले ६ लाखभन्दा बढी रकम संकलन गरिसकेका छन् । हाल काठमाडौंमा रहने गरेका पूर्वविद्यार्थी विजय बुर्लाकोटीले गुरू आवास अभियानका लागि दुई लाख, हाल क्यानडामा रहने पूर्वविद्यार्थी अमित डल्लाकोटीले पच्पन्न हजार, खैरहनी १, निवासी समाजसेवी पूर्वविद्यार्थी अशोक पाठकले एकाउन्न हजार लगायत उपस्थित पूर्वविद्यार्थीहरूबाट करीब ६ लाख रूपैयाँ संकलन भएको समाजका उपाध्यक्ष लालप्रसाद चालिसेले जानकारी गराए । पूर्व विद्यार्थी समाजले विद्यालयको स्वर्ण महोत्सवको अवसरमा स्वर्ण स्तम्भ समेत निर्माण गरेका छन् । मनोरञ्जनका लागि उपस्थित राष्ट्रिय गायक मिलन लामाले कंकाली माविका पूर्व विद्यार्थीहरूले आफ्ना गुरूप्रति गरेको सम्मान देखेर भावुक हुँदै आफूले पाएको पारिश्रमिक पशुपति सरको आवास निर्माणमा सहयोग गरेका छन् ।

आफूले गीत गाएरै गरीब र पिडितहरूका लागि १२ वटा घर बनाउन सफल भएको बताउँदै चेलाहरूले गुरूप्रति देखाएको सम्मानले आफ्नो मन छोएका बताए । शुक्रबार भएको कार्यक्रममा पूर्वशिक्षकहरू शिवलाल अधिकारी, रमण प्रसाद पाठक, वसन्त प्रसाद लामिछाने, नारायणदत्त उपाध्याय, श्याम बहादुर ढुंगाना, लोकनाथ शर्मा, बालकृष्ण रेग्मी, पंकज कुमारी नेपाल, रामेश्वर पोखरेल, टेकनाथ अधिकारी, चिरञ्जीवी खनाल, चेतनाथ रिमाल, भीम बहादुर थापा, शिवराज चालिसे, अम्बिका लिम्बु लगायत पूर्व शिक्षकहरूलाई पूर्व विद्यार्थी समाजले सम्मान गरेका छन् । साथै स्वर्णस्तम्भ निर्माणका लागि आर्थिक सहयोग गर्ने पूर्व विद्यार्थीहरूलाई पनि सम्मान गरिएको छ ।

## विद्यालय भवन शिलान्यास

धनुषा । नेपाली काङ्ग्रेसका उपसभापति विमलेन्द्र निधिले विद्यालय भवन शिलान्यास गरेका छन् । जापान सरकारको सहयोगमा धनुषाको नगराइन नगरपालिका-६ लगमास्थित आइतबार वासुदेव राष्ट्रिय प्राथमिक विद्यालय भवनको शिलान्यास गरिएको हो । करीब रू एक करोडको लागतमा भवन बन्ने बताइएको छ । शिलान्यास कार्यक्रममा निधिले यस विद्यालयलाई आधुनिक बनाउनु आवश्यक रहेको धारणा व्यक्त गरे ।




**२०७५ साद भदौ १ गते देख लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू:**

**– हिंसक वा अन्य पशुपंक्षी राख्दा पूर्वसावधानी नअपनाई लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,**

**– चौपायालाई यातना दिएमा वा आफूले पालेका पशुपंक्षी रोगी वा वृद्धि भएको कारण सार्वजनिक रूपमा छोडेमा तीन महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# मधेशको विकासका लागि सरकारले काम अघि बढाएको छ : प्रम ओली

सिरहा, १९ माघ । प्रधानमन्त्री केपी शर्मा ओलीले तराई मधेशको विकासका लागि सरकारले विभिन्न क्षेत्रमा काम अघि बढाएको बताएका छन् । शहीद हेमनारायण यादवको १५ औं स्मृतिसभालाई शनिबार सिरहामा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सो कुरा बताएका हुन् ।



प्रधानमन्त्री ओलीले मधेशका बारेमा विभिन्न हल्ला चलाइएपनि सरकारका कामले ती सबै कुराको जवाफ दिने बताए । "मधेशका बारेमा अनेक हल्ला चलाइएका छन् तर सरकारको कामले ती सबै कुराको जवाफ दिन्छ" प्रधानमन्त्री ओलीले भने "हुलाकी सडकको निमार्ण, भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण, तराई मधेश समृद्धि कार्यक्रम सबै तराईकै विकासका लागि सञ्चालन भएका हुन् । केही दिन अघि झापा विमानस्थलमा रात्रीकालीन उडान सेवा सुरू भएको छ । जनकपुरमा केही महिनामा यस्तो सेवा सुरू हुँदैछ ।"

प्रधानमन्त्री ओलीले मधेशलाई काठमाडौंसँग जोड्ने द्रुत मार्ग, निजगढ विमानस्थल, कमला मरिन डाइभर्सनबाट तराईलाई सिचाईं गर्ने योजनाका कामहरू धमाधम भइरहेको बताए ।

यसैगरी तराईका जिल्लाका सदरमुकाम जोड्ने सडकहरूको स्तर वृद्धिका लागि आफू अघिल्लोपटक प्रधानमन्त्री भएका बेला सुरूवात गरिएको र अहिले काम धमाधम भइरहेको प्रधानमन्त्री ओलीले बताए ।

तराईको भौतिक विकास मात्र होइन सामाजिक विकासका लागि पनि आफू क्रियाशील रहेको प्रधानमन्त्री ओलीको भनाइ छ ।

"यस जिल्लाबाट निरक्षरता उन्मूलन गर्नका लागि मैले नै पहलकदमी लिएको छु" प्रधानमन्त्री ओलीले भने "त्यसका लागि गत बैशाख ५ गते यसै जिल्लाका दुई जना बालबालिकालाई विद्यालय भर्ना गरेर मैले अभिभावकत्व पनि ग्रहण गरेको छु ।" प्रधानमन्त्री ओलीले वृद्धवृद्धाका हितका लागि सरकार सकारात्मक रहेको बताएका छन् । अघिल्लो सरकारले देशको ढुकुटी रित्तो पारेकोले अघिल्लो आर्थिक वर्षमा वृद्धभत्ता बढाउन नसकेको प्रधानमन्त्रीको भनाइ छ ।

"वृद्धभत्ता बढेन भनेर निराश हुनुपर्ने अब धेरै दिन छैन" प्रधानमन्त्री ओलीले भने "आउने आर्थिक वर्षमा वृद्धभत्ता अवश्य बढ्छ । सरकारले बढाउने छ ।"

२०६० साल माघ १९ गते तत्कालीन नेकपा (एमाले) सिरहा जिल्लाका अध्यक्ष एवं साँसद हेमनारयण यादवको धनुषा र सिराहाको सिमाना पर्ने कमला खोलामा रहस्यमय हत्या भएको थियो ।

प्रधानमन्त्री ओलीले शनिबार नै नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) जिल्ला पार्टी कार्यालयको शिलान्यास गरेका छन् । यसैगरी चन्द्र माध्यमिक विद्यालय सिरहा नगरपालिका १ मा छात्राबास भवनको पनि प्रधानमन्त्री ओलीले शिलान्यास गरेका छन् ।

# त्रिवेणीधाममा लाग्ने माघे मेलाको महत्व

**रविन्द्र यादव**

नवलपरासी पश्चिम । नवलपरासीको त्रिवेणीमा माघे औसीका दिन विशाल मेला लाग्ने गरेको छ ।

विनयी त्रिवेणी गाउँपालिका वडा नं.६ त्रिबेणी धाममा करिब एक हप्तासम्म चल्ने मेलामा विशेष गरी माघे औशीको दिन त्रिवेणीधामस्थित नारायणी नदीमा स्नान पश्चात सूर्यको अराधना गर्दा पुण्य प्राप्त हुने विश्वास गरिन्छ ।

ऐतिहासिक एव पर्यटकीय क्षेत्र मानिने त्रिवेणीधाममा नारायणी, सोन भद्र र पूर्ण भद्र नदीको संगमस्थल मानिन्छ । त्रिवेणी धाममा माघे औशीको दिन हरेक वर्ष मेला लाग्ने गरेको छ ।

मेलामा नेपाल लगायत भारतको बिहार, उत्तर प्रदेश, झारखण्ड, दिल्ली, गुजरात, लगायत प्रान्तबाट लाखौं श्रधालु भक्तजनहरू आउने गरेका छन् ।

मेला तथा श्रधालु भक्तजनहरूलाई सरल र सुलभ बनाउनका लागी मेलामा करिब साढे २ सय सुरक्षाकर्मी परिचालन गरिएको नवलपरासी बर्दघाट सुस्ता पूर्वका प्रमुख जिल्ला अधिकारी दिपकराज नेपालले जानकारी दिएका छन् ।

नेपालका अनुसार सुरक्षाका लागि थप सहयोग नवलपरासी पश्चिमबाट समेत मागिएको छ । नवलपरासी पश्चिम जिल्लाको महेशपुर, भुजहवा र झुलनिपुर नाका बाट भारतीय श्रृद्धालु भक्तजनहरू बढि आउने गरेकोले भक्तजनको सुरक्षाका लागि ती नाकाहरूमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको पश्चिमका प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेले बताएका छन् ।

साथै उपसमिति, स्वयम्सेवक, ठाउँ ठाउँमा निःशुल्क स्वास्थ्य शिविर, सार्वजनिक शौचालय, ऐम्बुलेन्स, सशस्त्र प्रहरी बल बाट रेस्क्यु टिम, गोताखोर ,रातिको समयमा मेलाको चारैतिर बाट बत्ती, चिसोबाट बच्नका लागि ठाउँ ठाउँमा धुई बाल्ने भक्तजनको लागि व्यवस्था गरिएको त्रिवेणी मेला व्यवस्थापन समितिले बताएको छ ।

त्यसैगरी पानीको सतह स्थिर राख्नका लागि गण्डक ब्यारेज बिहारसँग सम्झौता समेत भएको जनाइएको छ । औशी मेलामा स्नान तथा अवलोकनका लागि करिब ५ लाख श्रधालु भक्तजनहरू आउने वडा अध्यक्ष पृतम बहादुर गुरूङले बताएका छन् ।

सोना, नारायणी र तपसा नदीको संगमस्थलको रूपमा प्रशिद्ध त्रिवेणी धाम पर्दछ ।

त्रिवेणी धामको महत्त्व

यसको महिमागान वराह पुराण र स्कन्द पुराणको हिमवत्खण्डले पनि गरेका छन् । त्रिवेणी धाममा गजेन्द्रमोक्ष, भक्तेश्वर शिव मन्दिर, लक्ष्मी वेंकटेश्वर मन्दिर, नागाबाबा कुटी, राधाकृष्ण मन्दिर, कोटिहोम यज्ञशाला, संस्कृत विद्यालय र सुन्दर बगैंचाहरू छन् ।

यो स्थान प्राकृतिक रूपमा सुन्दर र धार्मिक रूपमा महत्वपूर्ण छ । स्नान, पितृतर्पण, श्राद्ध, उपनयन, कर्णभेदन, अन्नप्राशन, चूडाकर्म तथा अन्य संस्कारहरू सम्पन्न गर्ने उपयुक्त स्थानका रूपमा त्रिवेणी धामलाई नै लिने गरिएको पाइन्छ ।

कात्तिक मेला, कुम्भ मेला, रामनवमी, व्यास पूर्णिमा, होली, छठ र बुद्ध जयन्तीका अवसरमा यहाँ ठूलठूला मेला लाग्दछन् । त्यति बेला तीर्थयात्रीहरूको ठूलो भीड लाग्ने गर्दछ ।

त्रिवेणी धामका मेलामा नेपालका भन्दा भारततिरका श्रद्धालुहरूको ज्यादा घुइँचो हुने गर्दछ । त्रिवेणीको स्नान अति उत्तम मानिन्छ । स्वर्गबाट देवता र अप्सराहरूसमेत यहाँ स्नानका लागि आउने गर्दथे भन्ने जनविश्वास छ ।त्रिवेणी धामको ख्याति जनक वंशदेखि चलेको मानिन्छ ।

तसर्थ यस स्थानको महिमा राम-सीता तथा रामका गुरू वाल्मीकिसँग पनि गाँसिएको छ ।

नारायणी नदीको किनारमा रहेको हुनाले पनि यसको धार्मिक महत्व ज्यादा रहेको हो । नारायणी नदीमा शालिग्राम नदीका रूपमा रहेको कालीगण्डकी मिसिने र शालिग्राम विष्णुको प्रतिरूप मानिने हुँदा त्रिवेणी धाम वैष्णव तीर्थका रूपमा पनि प्रसिद्ध छ ।

नजिकै वाल्मीकि आश्रम, हरिहरक्षेत्र र देवघाट लगायतका अन्य प्रसिद्ध तीर्थहरू रहेकाले पनि त्रिवेणी धामको महत्व बढेको हो ।



## सुदूरपश्चिम महोत्सव सुरू

धनगढी । कैलालीको धनगढीमा सुदूरपश्चिम महोत्सव सोमबारबाट सुरू भएको छ । संघीय प्रहरी कार्यालयको मैदानमा महोत्सवको उद्घाटन सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले गरेका हुन् ।

उद्घाटनका अवसरमा मेला आयोजक कैलाली उद्योग वाणिज्य संघले मुख्यमन्त्री भट्टलाई सुदूरपश्चिमको विकाससँग सम्बन्धित सात बुँदे मागपत्र बुझाएको छ । सुदूरपश्चिमको विकासका सात बुँदे मागप्रति प्रदेश सरकारको ध्यानाकर्षण गराउन मुख्यमन्त्रीलाई मागपत्र बुझाएको संघको अध्यक्ष पुष्पराज कुँवरले बताए ।

## प्रदेश १ को हिउँदे अधिवेशन सुरू

विराटनगर । प्रदेश नं १ प्रदेशसभाको तेस्रो तथा हिउँदे अधिवेशन शुरू भएको छ । सभामुख प्रदीपकुमार भण्डारीले प्रदेश प्रमुख कार्यालयबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्र पढेर सुनाएपछि बैठकमा राजनीतिक दलका प्रतिनिधिले प्रदेश नं १ को राजधानी र नामकरणमा प्रदेश सरकारले ढिलाइ गरेमा जनतामा अविश्वास बढ्ने धारणा व्यक्त गरेका छन् ।

## स्थानीय सम्वाद

# तराई-मधेश समृद्धि कार्यक्रममा पक्षपात गरिएको छ



**जीवन कुमार श्रेष्ठ**
**नगरप्रमुख, भद्रपुर नगरपालिका, झापा**

वि.सं. २००८ सालमा स्थापना भएको यो नगरपालिकामा २०३८/३९ सालमा चन्द्रगढी र महेशपुर गा.वि.सको केही वडाहरूलाई एकीकृत गरी १५ वडामा विभाजन गरिएको छ । त्यसपछि वि.सं.२०७१ साल मंसीर १६ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्)बाट भएको निर्णयबाट भद्रपुर नगरपालिका, महेशपुर र चन्द्रगढी गा.वि.स.समायोजन भई भद्रपुर नगरपालिकाको क्षेत्र विस्तार भई ७३.०२८३२६ वर्ग कि.मि हुन गयो । भने वि स. २०७३ को राज्य पुनर्संरचनामा साविक पृथ्वीनगर गाविस पनि भद्रपुर नगरपालिकामा समायोजन भएको छ ।

---

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आएदेखि के-कस्ता कामहरू गर्नुभयो ?**

– हामीलाई विभिन्न प्रकारका काम र दायित्वहरू लिएर अगाडि बढ्नुपर्ने आवश्क्ता छ । सबैभन्दा महत्वपूर्ण विकास निर्माणका कामहरू छन् । सुशासनलाई कसरी व्यवस्थित गर्ने, जनजीविकासँग सम्बन्धित कामहरू अगाडि बढाउनुपर्ने लगायतका कामहरू छन् । त्यहीअनुसार नै हामी अगाडि बढिरहेका छौं । वर्षौंदेखि रहेका समस्याहरू निराकरण गर्न लागिपरेका छौं ।

**० कामहरू गर्न कस्ता चुनौती महसुस गरिरहनु भएको छ ?**

– धेरै नै चुनौती छन् । जनताका अपेक्षा र आकांक्षा धेरै छन् । हामीसँग साधनस्रोतहरू सीमित छन् । घरदैलोमा सिंहदरबार भनिएको छ तर सिंहदरबार घरदैलोमा भन्ने कुराको महसुस गराउने अवस्थासम्म हामी पुगिसकेका छैनौं । किनभने हामी निर्वाचित भएर आएको करिब २ वर्ष हुन लाग्यो तर अहिलेसम्म कर्मचारी समायोजन हुन सकेको छैन । स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाउनका लागि भनेर विषयगत सरकारी कार्यालयहरू जेजति थिए ती सबैलाई नगरपालिका र गाउँपालिकामा समायोजन गरेर अगाडि जानेभन्दा हामी अलि फरक ढंगबाट गइरहेका छौं । कर्मचारी समायोजन नभएकोले अत्यन्तै धेरै समस्याहरू छन् ।

**० भनेपछि स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भन्ने कुरा नारामा मात्रै सीमित छ ?**

– सम्पूर्ण कुराहरू नारामा मात्रै सीमित छन् भनेर त भन्न सकिँदैन । सिंहदरबारका धेरै अधिकारहरू स्थानीय तहमा आएका छन् । भद्रपुर नगरपालिकाले न प्रहरी चलाउन पाउँछ र न प्रशासन चलाउन पाउँछ । नगरपालिका सरकार हो तर, नगरपालिका सरकारसँग आफ्नै प्रहरी प्रशासन छैन । हामीसँग पुग्दो साधनस्रोत पनि छैन । न त पर्याप्त मात्रामा कर्मचारी नियुक्त गर्न पाउँछौं न त हामीले भनेबमोजिमको दरबन्दी कायम गरिदिने हो सरकारले । त्यसैले, अहिले जटिलता धेरै छन् । संघीयता लागू भएको छ, जनताका केही अधिकारहरू हामीले अभ्यास गरेका छौं । सडक बनाउनेदेखि लिएर पुलपुलेसा बनाउने, विद्युतीकरण गर्ने लगायतका कामहरू हामीले गरिरहेका छौं । तर पनि जनताको आकांक्षाअनुसार पर्याप्तरूपमा पूरा गर्न सकिरहेका छैनौं । त्यसैले, सिंहदरबार गाउँ-गाउँमा नारा त होइन तर नारामै सीमित बनाउन खोजिएको छ ।

**० केन्द्रिकृत मानसिकताले यसलाई नारामा सीमित गर्न खोजिरहेको छ ?**

– केन्द्रिकृत शासन पद्धतिले हामीलाई नारामा सीमित राख्न खोजिएको भन्दा पनि के विषयवस्तु छ जसको कारणले स्थानीय तह र संघ-प्रदेशहरूको बीचमा अधिकारको बाँडफाँडको लडाईमा अहिले पनि स्पष्टता आउन सकेको छैन । किनभने हामी स्थानीय तहमा जनताका दैनिक काममा व्यस्त हुन्छौं । स्थानीय तहलाई बलियो बनाउनका लागि केन्द्रीय तहबाट जुन भूमिका खेलिनुपर्ने हो त्यस्तो भइरहेको छैन ।

**० तराई-मधेश समृद्धि कार्यक्रमबाट कतिको कार्यक्रमहरू पाउनुभएको छ ?**

– भद्रपुर नगरपालिका पूर्णरूपमा तराई-मधेश हो तर, हामीलाई तराई-मधेश समृद्धि कार्यक्रमबाट एउटा पनि कार्यक्रम दिइएको छैन । यो नगरपालिकालाई तराई-मधेश समृद्धि कार्यक्रमबाट बजेट परेको छैन । यो नगरपालिका पूर्णरूपमा तराई-मधेश हुँदा पनि परेन भने यो नगरपालिका तराई मधेश होइन भन्ने व्याख्या हुनुपर्‍यो । हामीभन्दा अलि अवस्था राम्रो भएको नगरपालिकाहरूमा तराई-मधेश समृद्धि कार्यक्रम गयो तर हाम्रो भद्रपुर नगरपालिकामा आउन सकेन ।

**० भद्रनगरपालिका तराई-मधेश समृद्धि कार्यक्रममा किन पर्न सकेन ?**

– यो नगरपालिका पूर्णरूपमा मधेश हो । यहाँ मधेशवासीहरूको बसोबास पनि घना छ । सन्थाल, आदिवासी, राजवंशी, गन्गाई, बंगाली, बिहारी लगायतका समुदायहरूको बस्ती छ । यो पूरानो नगरपालिका पनि हो र सीमानासँग पनि जोडिएको छ । यस्तो अवस्थामा नगरपालिकामा तराई-मधेश समृद्धि कार्यक्रमअन्तर्गत कार्यक्रम माग गरियो, हामीले योजना पठायौं तर पनि हामीले पाउन सकेनौं । अझै पनि पहुँचकै आधारमा विकासको अवधारणा अगाडि जाने हो कि हामीलाई लागेको छ ।

**० भनेपछि, नेकपा निकटका नेता कार्यकर्ताहरूले मात्र लाभ लिइरहेका छन् ?**

– म पनि नेकपाबाटै स्थानीय प्रतिनिधिको रूपमा निर्वाचित भएको हुँ । त्यसैले नेकपाभन्दा पनि व्यक्तिगत पहुँचको आधारमा योजना तथा कार्यक्रमहरू दिइएको हो । यो नगरपालिकामा पक्षपात गरिएको छ ।

**० तपाइँ आफ्नो कार्यकालमा यो नगरपालिकालाई कस्तो बनाउने सोच्नुभएको छ ?**

– हामी निश्चय पनि कुनै राजनीतिक पार्टीको ब्यानरमा निर्वाचित भएर आएका छौं । त्यो स्मरण गरेर हामी रहिरहेका छैनौं । अब हामी जनताका आमरूपमा प्रतिनिधि बनेका छौं । कुनै पनि व्यक्तिगत वा पार्टीगत लहरमा भद्रपुरको विकास अगाडि बढ्न सक्दैन । विकास निर्माणका लागि अगाडि बढ्न हामी केही ठोस गुरूयोजनाहरू निर्माण गर्नुपर्छ । हामीले भिजन मिसन निर्धारण गर्दा 'पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र समृद्धिसहितको भद्रपुर नगर' भनेर योजना बनाएर लक्ष्य तय गरेर गणतव्यमा पुग्ने छौं । हामीले १५ वर्षे आवधिक योजना तयार गरेका छौं जसलाई एकीकृत सहरी विकास योजना पनि भन्छौं । हामी भूउपयोग गुरूयोजना पनि तयार गरिसक्यौं । यस नगरपालिका पर्यटकीयस्थलहरूलाई विकास गर्न विषयगत विज्ञहरूलाई राखेर पर्यटन गुरूयोजना पनि निर्माण गर्‍यौं । भद्रपुर नगरपालिकाको विकास र समृद्धिका लागि मेची रंगशाला, मेची अञ्चल अस्पताल लगायतका पूर्वाधार र संरचनाहरू निर्माण गरिरहेका छौं । हिजोको गतिभन्दा अहिलेको गति हामीले द्रूतगतिमा विकास र समृद्धिको बाटोमा लागेका छौं ।

## विश्व परिवेश

# नेपालमा भारतीय लगानी : उच्च प्रतिबद्धता, ठूला चुनौतीहरूसँग जुध्दै-२



**चिनिया प्रसंग**

आज चीन निश्चित रूपमा एक उस्तो शक्ति बन्न पुगेको छ जसले रणनीतिक र आर्थिक दुवै दृष्टिले भारतको तयारीलाई संघर्षरहित अवस्थामा रहने कुरामा विश्वास गर्दै उत्तरी छिमेकीहरूसँग निसंकोच भएर उसँग आफ्नो नीतिहरू निर्धक्कताका साथ संचालन गर्ने कुरामा विश्वास गर्न थालेको छ । यो उल्लेखनीय छ कि भारत र चीन दुबैले आ-आफ्ना व्यापक हितलाई प्रोत्साहित गर्दै यस क्षेत्र र विश्वमा वृहत् व्यवस्थापनका नीतिहरूलाई अग्रसरित गर्नु परेको छ । यस निश्चितताको लागि चीन आफ्नो पुरानो स्थानलाई तल झार्ने अवस्थामा कुनै सम्झौता गर्ने स्थितिमा छैन वर्तमान अवस्था कत्तिको चुनौतीपूर्ण रहेको कुरो चीनलाई राम्ररी थाहा छ र त्यसै अनुरूप उसले पाकिस्तान जस्तो खस्कँदै गएको भार स्वरूप देशलाई बेवास्ता गर्दै नौलो संगठन बनाउने खोजी गर्दै आएको छ । चीन-पाकिस्तान इकोनोमिक कोरिडोर योजनाको क्रममा पनि चीनले पाकिस्तानलाई क्षेत्रीय शक्तिको रूपमा उस्तै कुनै चासो राखेको छैन ? सि.ई.सी. र बि.आर.आई. सानो महत्वको योजना नभए पनि त्यसलाई सीमा वारपारको सम्बन्ध बढाउने क्रममा कुनै हालतमा मात्र सडक योजनाको रूपमा लिईएको छैन । नेपालले बदलिदो परिस्थितिमा भारत र चीनसँग समस्याहरूलाई समाधान गरी अधिकतम लाभ प्राप्त गरी राम्रो सम्बन्ध कायम गर्नु गरेको छ किनकि त्यसको केन्द्रविन्दु उसले आर्थिक वृद्धिको दिर्घकालिन आधार र समावेशी विकासको प्रणाली प्रश्न आश्वासन नै आफ्नो संरचना सुधार्नु परेको छ। नेपालले वास्तविकतालाई आत्मसात गरी कुनै संगठनलाई अरूको आँखाबाट नहेरी समय खेर नफाल्दै आफ्ना योजनाहरू कार्यान्व गर्ने प्रक्रिया तदनुरूप निर्धारित गर्न परेको छ। यस नौलो परिपेक्ष्यमा आफ्नो हितलाई बेवास्ता नगरी नेपालले नयाँ अवसरहरूको खोजी गर्नु जरूरी छ ।

**चिनियाँ लगानी भारतीय लगानी भन्दा तीन गुणा बढी**

यो वास्तविकता छ कि नेपालको उत्तरी छिमेकी चीनले नेपालमा दक्षिण छिमेकी भारतको तुलनामा बढी लगानी गरेर पारम्परिक भारतीय प्रभुत्वलाई उछिनी सक्को छ । नेपाल सरकारको उद्योग विभाग अनुसार चालू आर्थिक वर्षको पहिलो १० महिनामा भारतीय लगानी भन्दा चिनियाँ लगानी तीन गुणा भन्दा बढी रहेको छ ।एकातिर संख्यात्मक हिसावले चीनले भारतीय लगानीलाई उछिनी सकेको छ । यस अवधि भित्र ने.रू २९.८० बिलियन जतिमा १०८ वटा योजनाहरूमा चीनले लगानी गरी सकेका छन्। नेपाल उद्योग वाणिज्य संघको अध्यक्ष राजेशकाजी श्रेष्ठले भनेका छन् । 'चीनको लगानी नेपालमा बढ्दै गएको छ । तिनीहरू विश्वभरीमा आफ्नो लगानी विस्तार गर्दै गएकाले नेपाल जस्तो छिमेकी देशमा लगानीलाई प्राथमिकता दिनु तिनीहरूका लागि स्वभाविक छ ।' कारोबार दैनिक काडमाडौंमा प्रकाशित एक समाचार प्रतिवेदन अनुरूप उनले कम्पनीहरू दर्ता गरिए पनि सबै लगानी प्रतिवद्धताहरू पूरा नगरिने कुरा थप्दै उनले अनुकुल वातावरण तयार गरेर अतिरिक्त चिनियाँ लगानी आकर्षित गर्नु पर्ने कुरामाथि जोड दिएका थिए । उनले नेपालमा चिनियाँ लगानी अपेक्षा गरे अनुरूप भाषाको कठिनाई र नेपालका बैंकहरूसँग चीनको सम्बन्धको अभावले गर्दा विस्तरित हुन नसकेको समेत स्पष्ट पारेका थिए । उद्योग विभाग अनुरूप जम्मा ३२ कम्पनीहरू त्यस अवधिमा दर्ता गरिए पनि ऊर्जाको क्षेत्रमा सबभन्दा चिनियाँ लगानी रहेको छ । तीन ऊर्जा योजनाहरूमा ने.रू. १९.९३ बिलियन रहे पनि त्यो सेवा क्षेत्रका ३२ कम्पनीहरूमा मात्र ने.रू. ६५६ मिलियन रहेको छ । त्यस्तै २६ पर्यटन कम्पनीहरूमा जम्मा ने.रू ६८५ मिलियन, कृषिको २२ कम्पनीहरूमा ने.रू ६३५ मिलियन, १९ उत्पादन योजनाहरूमा ने.रू. ७७९ मिलियन र ५ खानी उद्योगमा ने.रू १८० मिलियन रहेको छ। चालू आर्थिक वर्षको ११ महिनाको अन्तसम्म जम्मा २४१ ठूला योजनाहरूमा जम्मा लगानी रू.१९७ बिलियन रहेको जम्मा ३२० मझौला कम्पनीहरू र २,३६१ साना कम्पनीहरू रू. २५५ बिलियन संयुक्त लगानी गरेर स्थापित गरिएका छन् । गत वर्ष रू. ९ बिलियनको भारतीय लगानीमा जम्मा ४१ योजनाहरू स्थापित गरिएका थिए । बहुसंख्यक भारतीय लगानी उत्पादन, सेवा, निर्माण र खानी क्षेत्रमा रहेका छन् । चीनको ताइवान र हङ्कङ्को रू. ५५ बिलियन लगानीमा जम्मा ७१६ योजनाहरू स्थापित गरिएका छन् । उद्योग विभाग अनुसार चीनले ऊर्जा, टेलिकम्युनिकेशन, निर्माण, सेवा र पर्यटक क्षेत्रमा बढी लगानी गरेको , जसमा जम्मा ३२,९३२ नेपालीहरूले रोजगारी पाएको छ । हालसम्म रू. ८४ बिलियनको भारतीय लगानी ६८४ योजनाहरू स्थापित भैसकेका छन् र त्यसमा ६३,६०० नेपालीलाई रोजगारी दिने प्रतिवद्धता व्यक्त गरिए पनि त्यस प्रतिवद्धता अनुरूपका उद्योगहरू चालू भैसकेका छन् कि छैनन् त्यसको हालसम्म अनुगमन गरिएको छैन ।

**भारतीय लगानीको समय लम्बिने हुँदा नेपाल चीनतिर हेर्छ**

नेपाली उद्योगपति र सार्क उद्योग-वाणिज्य संघको अध्यक्ष सुरज वैद्यले प्रेस ट्रष्ट अफ इण्डियासँगको एक अन्तरवार्तामा भनेका थिए - 'नेपालले सँधै भारतसँग काम गर्न चाहन्छ तर मेरो विचारमा नेपालमा लगानीकर्ताहरूको अभाव वा शुन्यता रहेकोले भारतले भारतमा नै लगानी गर्न चाहन्छ ।' मार्च १६-१८, २०१८ वीच भएको सार्क उद्योग वाणिज्य व्यवसायी नेताहरूको बैठकमा सुरज वैद्यले यस्तो भनेका थिए - 'यदि कुनै भारतीय लगानी नेपालमा आउँदैन भने हामी अर्को लगानीतिर हेर्छौं चिनियाँहरू विश्वकै सबभन्दा ठूलो लगानीकर्ता बन्न चाहेका छन् । म भारतलाई के भन्न चाहन्छु कि हामी कम्युनिष्ट पार्टी छौं, हामी चिनवादी होइनौं ।' स्पष्ट रूपमा नेपाल भारतको लगानी देशमा चाहन्छ तर चीनलाई व्यापार-बिक्रिको अनुमति वा ईजाजत दिनाले प्रतिकूल असर वा प्रभाव पार्दछ र चीनको लगानी अतिरिक्त उत्साहले आकर्षित गर्ने कार्यले बदनामीलाई प्रश्रय दिन्छ । सार्क अस्तित्वमा आए पछि नेपालका व्यापारिक समुदाय भारतको नेतृत्वदायी भूमिका समीक्षकीय दृष्टिकोणले महत्वपूर्ण हुने कुरोलाई आत्मासात गर्दछ खासगरीकन यस अर्थमा कि विश्वव्यापी स्तरमा संरक्षणीय दृष्टिकोण बढ्दै गएको छ । विगत केही वर्षको अवधिमा संरक्षणवादले अन्तर्राष्ट्रिय व्यापारलाई नराम्ररी प्रभावित गरी सकेको छ । डोनाल्ड ट्रम्पको नेतृत्वदायी भूमिका यति उच्च स्तरसम्म पुग्न गयो कि ठूला-ठूला क्षेत्रीय विकास योजनाहरू सँगै वित्तिय प्रवाह गर्ने निकायहरूको स्तर धेरै तर खस्कन गयो । स्पष्ट रूपले त्यसवाट नेपाल लगायतका देशहरू सँगै क्षेत्रीय सहयोग समेत हाताहत हुन पुगे ।

दक्षिण एशिआई क्षेत्रमा क्षति नियन्त्रण गर्नका निमित्त सार्क, साफ्टा ( साउथ एशियन फ्री ट्रेड एग्रीमेन्ट ), साफ्टा ( साउथ एशियन प्रेफेरेन्सिएल ट्रेड एग्रीमेण्ट) र बिमस्टेक (बे अफ बेंगाल फोरे मल्टीसेक्टरल टेक्निकल एण्ड इकोनोमिक कोअपरेशन ) जस्ता बढी प्रभावकारी क्षेत्रीय र उपक्षेत्रीय संगठनहरू आर्थीक हितका लागि उपयोगी र प्राथमिकता दिने पूर्वाधारहरूलाई पुनर्जीवित गरिए । त्यस्तो परिवर्तनीय कार्यका लागि आर्थिक सुधार र स्वतन्त्र संगठनहरू बीच विश्वासको वातावरण बनाउन वर्तमान स्वरूपलाई पथ-प्रदर्शन गर्ने दृष्टिले प्रदान गरिनु पर्दछ । जे भए पनि क्षेत्रीय र राष्ट्रिय आर्थिक उद्देश्यलाई प्रभावित पार्ने क्षेत्रीय तथा राष्ट्रिय राजनीतिक कारवाही जस्ता अवरोधहरूलाई निरूत्साहित गर्नुपर्दछ । व्यापारिक दृष्टिका लागि सम्यक चिन्तन हुनु पर्छ, जो सम्बद्ध नीति-निर्माताहरूको ठूलो राजनीतिक चाहनामाथि बढी निर्भर गर्दछ र यदि त्यसले सकारात्मक रूपमा कार्यान्वित भयो भने दक्षिण एशिआई क्षेत्रमा व्यापारको स्वतन्त्र संचालन सँगै सीमा वार-पारका जनताहरूले सेवा प्राप्त गर्ने वातावरण सिर्जित हुन जानेछ । ढिलै भए पनि क्षेत्रभित्रका सरकारहरूले द्विपक्षीय सम्बन्धलाई अवरोधित नपार्ने गरी प्रतिस्पर्धी दृष्टिकोणको निर्माण भएपछि त्यसले लाखौं अवसरहरूको वातावरण निर्माण गर्नेछ ।

**काठमाडौंमा बिमस्टेक सम्मेलन र त्यसका गतिविधिहरू**

हालै काठमाडौंमा भएको बिमस्टेकको बैठकले आशावादीहरूलाई केही हदसम्म तत्कालका लागि राम्रो अवसर प्रदान गरेको छ र त्यसो हुनुको कारण भारतीय महासमुद्र रजनीतिक दृष्टिले केन्द्रविन्दु रहेको छ, जहाँ चीन र भारत बीचको प्रतिद्वन्दिता वास्तविकता छ जसलाई आसानी साथ बेवास्ता गर्न सकिन्न । यो पनि ख्याल गर्नु पर्ने कुरा हो कि चीन तेलको कारोबारका लागि भारतीय महासमुन्द्र माथि व्यापक रूपमा निर्भर रहेको छ, जहाँ अमेरिकी वायुसेनाका नियन्त्रण गर्ने प्रभुत्व रहेको छ र त्यसैले चीनको बिमिस्टेकका सदस्य देशहरूमा आफ्ना वैकल्पिक पहुँच बनाई राख्नु जरूरी छ । त्यसैले दक्षिण एसियाको पारस्पारिक दृष्टिले बलियो खेलाडीको रूपमा प्रख्यात रहेको भारतसँग चीनले आफ्नो वर्तमान नीतिहरूलाई पट्याउँदै द्विपक्षिय र त्रिपक्षिय दृष्टिकोणले सहभागी बन्नु पर्दछ । यो पनि एउटा मान्यता रहेको छ कि भारतीय महासमुद्र चीनको सुरक्षाको दृष्टिले 'कुखुराको घाँटी' जस्तै रहेको छ । त्यसैले चीनको यो आधिकारिक सोच रहेको छ कि भारतीय महासमुद्र माथिको नियन्त्रणले अमेरिकाको स्वीकृति भए नभएपनि चीनको शक्ति सुरक्षालाई चुनौती दिन सक्नेछ । यसका अतिरिक्त भारतको 'पूर्वतिर हेर्ने' नीतिलाई चीनको 'मोतीको माला' सम्बन्धी रणनीतिलाई मात दिने रूपमा लिइएको छ । बिमिस्टेकले गर्दा भारतले भारतीय महासुमन्द्रबाट चीनलाई पछि पार्ने अपेक्षा गरेको छ । भारतको अप्रत्याशित हालैको उसको वायु सेनामा गरेको लगानीले चीनको अप्रत्याशित र आक्रामक गतिविधिलाई स्तर पालन गर्ने वातावरण निर्माण गरी सन्तुलित राख्नेछ । यो पनि महत्वपूर्ण कुरा छ कि त्यस्तो अव्यवस्थित अवस्था वा स्थितीमा नेपाल-चीन पारवहन तथा यातायात सम्झौतामा भएको हस्ताक्षरबाट बन्दरगाहसम्म पुग्ने नेपालको पूर्ण स्वतन्त्रतालाई भारतमाथिको निर्भरता अन्त्य गरी दिएको छ । बिमिस्टेक सम्मेलनको क्रममा नेपालबाट त्यस्तो अपेक्षा नगरिएको भएपनि त्यस्तो हुन गएकोले मोदी सरकारले आफ्नो परराष्ट्र मामलाको संचालन गर्ने क्रममा पुनविचार गर्नुपर्ने प्रशस्त कारण तथा आधारहरू खडा गरिदिएको छ । सम्झौता अनुसार चैनले नेपाललाई आफ्नो लैनाझाउ, ल्साहा र झिगात्से भू–बन्दरगाहाहरूसँगै त्यसलाई जोड्ने सडकहरू समेत प्रयोग गर्ने स्वीकृति दिएको थियो । त्यस व्यवस्था अनुसार जापान, दक्षिण कोरिया तथा अन्य उत्तर एशियाई देशहरूबाट नेपालका लागि पठाइदिने मालवहाक जहाजहरू चीन हुँदै जान सम्भव हुनेछ । अहिलेसम्म नेपाल भू-व्यापार तथा तेल र खाना पकाउने ग्याँस जस्ता आवश्यक सामानहरूको आपूर्ति गर्न भारत माथि पूर्ण निर्भर रहेको थियो । कोलकत्ता बन्दगाह जीवनको आधार रहेकोमा परिवर्तित परिवेशमा अब बेइजिङसँग काठमाडौंको बढदो सम्पर्कले गर्दा नेपालले कडा प्रतिस्पर्धीको सामाना गर्नुपर्नेछ । यो पनि उल्लेखनीय छ कि गत वर्ष चीनले नेपालमा अमेरिकी डलर ८ बिलियन भन्दा बढी लगानी भारतलाई पछाडि पार्दैगरिसक्को छ , जो नेपालको सबभन्दा बढी बैदेशिक लगानीकर्त्ता रहेको थियो । हालैका वर्षहरूमा नयाँ दिल्लबिाट गलत अभिप्रायले प्रेरित हस्तक्षेपहरूको क्रममा खासगरी २०१५ मा लगाइएको आर्थिक प्रतिबन्ध, जो नेपालको नयाँ संविधानको विभेदात्मक प्रावधानहरू विरूद्ध भएको जनाउन निमित्त लगाइएको थियो। त्यसले नेपाली समुदायमा शंकाको वातावरण निर्माण गरी शुन्यता पैदा गरेको थियो । त्यस असमानान्तर नोक्सानलाई नयाँ दिल्लीबाट धेरै ढिलो कर्म कदसम्म नियन्त्रण गरिएको थियो । त्यसै बखत चीनले मौकाको फाइदा उठाई व्यापक स्तरमा आफ्नो पक्षमा व्यापक स्तरको शोषण गर्दैनेपालमा ठूलो वर्चस्व स्थापित गऱ्यो । स्पष्ट रूपमा मोदी सरकारको प्यारो 'पहिलो छिमेकी' को विदेश नीति नेपालको चाहना अनुरूप नभई भारतको उद्देश्य पुरा गर्ने खालको रहेन । नियमि कुटनीतिक माध्यम र व्यापर एवं लगानी नीतिहरूको पुनरावलोकन गर्दा भारत अझसम्म मध्यम ने रहन गएको देखिएको छ ।

*क्रमशः..*

# "ड्रैगन"को विस्तारवाद नीति

दक्षिण चीन समुद्रमा करिब ९० प्रतिशत जलक्षेत्रमा आफ्नोतर्फबाट दिएका ऐतिहासिक प्रमाणहरूका आधारमा चीनले आफ्नो स्वामित्वको दाबी गरे पछिको सन्दर्भमा त्यसको विरोधमा ताइवान, मलेसिया र फिलिपिन्स जस्ता देशहरूले त्यो क्षेत्रमा आफ्नो पनि स्वामित्व रहेको दाबी गर्दै आएका छन् । यस सम्बन्धमा फिलिपिन्सले अन्तर्राष्ट्रिय अदालतमा उजुरी दिई सकेको अवस्था छ । चीनको जापानसँग पूर्वी चीन समुद्रलाई लिएर पहिल्यै नै विवाद छ र त्यहाँ भएका टापुहरूमाथिको स्वामित्वको सम्बन्धमा चीन र जापानले परस्पर विरोधी दाबी गर्दै आएका छन् । यस सम्बन्धमा चीनले ती टापुहरूमाथि 'उडान निषेधित क्षेत्र' घोषणा गरेपछि जापान र अमेरिकाले त्यसको विरोध गरे र अमेरिकाले त्यसको प्रतिकारको रूपमा ती टापुहरूमाथि आफ्ना जहाजहरू उडाएर चीनले स्थापित गरेको उडान निषेधित क्षेत्रलाई चुनौती दिई सकेको छ । तैपनि अमेरिकाले दक्षिण चीन समुद्रको सम्बन्धमा आफूले कुनै पक्षको साथ नदिएको र केवल चीनले त्यस क्षेत्रमा सैनिक गतिविधि बढाएमा त्यसले द्वन्द्व निम्त्याउने कुरा गर्दै आएको छ । त्यसैको सिलसिलामा अमेरिकाले दक्षिण चीन समुद्रमा उसले दाबी गरेको जलक्षेत्र नजिकै आफ्ना नौसैनिक युद्धपोतहरू पनि पठाउदै आएको छ । यसै क्रममा चीनले फिलिपिन्ससँग नयाँ सन्धि गरी फिलिपिन्सका समुद्री तटमा आफ्नो सैनिक अड्डा राख्ने र फिलिपिन्सले दावी गरेको क्षेत्रमा चीनले कुनै गतिविधि बढाएमा अकल्पनीय प्रतिरोधात्मक कार्यवाही गरिने धम्की पनि दिएको छ । तथापि, यदि साँच्चै चीनको ठूलो खेल देख्न चाहिएको भने यसको अफ्रिकामा एकदमै राम्ररी नियाल्न सकिन्छ । त्यहाँ गत पाँच वर्षमा यस विषयमा मिडियामा धेरै यस्ता रिपोर्टहरू आएका छन् कि चीनले कसरी अन्य देशहरूको आन्तरिक सम्बन्धमा 'गैर हस्तक्षेपवाद' को नीति लिएको छ र कहिलेकाहिँ यस्तो निर्णयले यसको आफ्नै एजेन्डामा प्रभावकारी असर पनि गर्दछ । यसले ती राष्ट्रहरूको कमजोर राजनीतिक र आर्थिक संरचनामा अधिक देखिन्छ । सन् २०१३ मा राष्ट्रपति भएसँगै सी जिनपिङले एउटा महत्वाकांक्षी योजना 'वान बेल्ट वान रोड' (ओबीओआर) घोषणा गरेका थिए । चिनियाँ विदेश नीति अहिले यसकै सेरोफेरोमा घुमिरहेको छ ।

विशाल समुद्री तट र भित्री भूमि दुवै रहेको चीनले आफ्नो दुवै भौगोलिक पक्षलाई अनुकूलताका रूपमा ओबीओआरमार्फत विकास गर्दैछ । ओबीओआरका दुई मुख्य मार्ग छन् । उत्तरी सिल्क रूट उत्तर–पश्चिम चीनको सियानबाट सुरू भएर मध्य एसिया, मध्यपूर्व हुँदै युरोपसम्म जमिन मार्गबाट पुग्छ । समुद्री सिल्क रूट चीनका पूर्वी र दक्षिणपूर्वी तटीय सहरबाट सुरू भएर हिन्द महासागर हुँदै मध्यपूर्व, पश्चिम अफ्रिका र भूमध्यसागर हुँदै युरोपसम्म पुग्छ । यसको एउटा रूट जापान र कोरिया प्रायद्विपतर्फ पनि मोडिन्छ । तर ओबिओआर त्यत्तिमै सीमित छैन, बरू अन्य ससाना रूटसमेत जोडिन्छन्, जसले यी ठूला रूटलाई सघाउनुका साथै आफ्नै मौलिक स्वार्थमा काम गर्छन् । चीन बाहिर मात्र ६ वटा ठूला आर्थिक कोरिडोर प्रस्ताव गरिएका छन् । साना देशहरूमा यो कार्य प्राय: चिनियाँ दूतावासले विकसित गरेको अर्थव्यवस्थामा सञ्चालन गरिसकेको छ भने, चीनले उनीहरूका प्रभावमा पुग्न चीनको उत्पत्तिको प्रभावको प्रयोग गर्दछ । बेइजिङले अफ्रिकालाई प्रयोगशालाको रूपमा प्रयोग गरेको छ । यसैले जिम्बाब्वे वा सेनेगल वा नामिबिया हो भने, यसले यी देशहरूमा भ्रष्ट नेतृत्वको फाइदा उठाएर प्राकृतिक स्रोत साधनमाथि कब्जा जमाउन चाहेको छ । अफ्रिकामा चिनियाँ भ्रष्टाचारको एउटा लामो रिपोर्ट पनि तयार भएको छ । उदाहरणका लागि, गत दशकमा, चीनको सबैभन्दा ठूलो टेलिकम कम्पनी हुआवेई र जेटीई, १४ भन्दा बढी अफ्रिकी देशहरूमा भ्रष्टाचारका घटनाहरूमा संलग्न छन् । चीनको छिमेकी देशहरू जस्तो कम्बोडिया या पाकिस्तान जस्तै देशहरूबाट वा अर्को देश जस्तो नेपाल दुबै शाब्दिक र रणनीतिक रूपमा रहेको छ । नेपालका अहिलेका कम्युनिष्ट प्रधानमन्त्री केपी ओली चीन परस्त हुन । त्यसो भए, यो आश्चर्यको रूपमा आएको छैन कि हालको समयमा चिनियाँ कम्पनीहरूको संख्यामा आधारभूत परियोजनाहरूलाई सम्मानित गरिएको छ, जसमध्ये धेरैले पनि सिकेका छन । साथै, नेपालमा चिनियाँ दूतावासले राजनीतिक नेताहरू, सरकारी सल्लाहकारहरू र विज्ञहरू पहिचान गरेको छ जसले नेपालमा सबै स्तरहरूका निर्णय गर्ने प्रक्रियालाई प्रभाव पार्न सक्छ । यदि 'ड्रैगन'को विस्तारवादी एजेन्डालाई समयमा रोक्न सकिएन भने सम्भवत: चिनियाँ सपनाले अन्तर्राष्ट्रिय जगतलाई चुनौती दिन सक्छ । *विभिन्न अनलाइनहरूको सहयोगमा*

# हुवावेमाथि अमेरिकी आक्रमण !

काठमाडौं । अमेरिकी प्रशासनले चीनको अग्रणी प्रविधि एवम् दूरसञ्चार कम्पनी हुवावे विरूद्ध फौजदारी आरोप सम्बन्धी विभिन्न अभियोगहरू लगाएको छ ।

अमेरिकी न्याय विभागले हुवावेको व्यावसायिक साझेदारबाट व्यापारिक गोप्य सूचनाहरू चोरी गरेको आरोपका बारेमा अध्ययन गरिरहेको बताएको छ ।

हुवावेको व्यवसायिक साझेदार टी-मोबाइलको स्मार्टफोन जाँच गर्ने रोबोटिक उपकरणको चोरी गरेको विषयमा समेत अनुसन्धान भइरहेको छ ।

चीनसँग बढ्दो व्यापार घाटा नियन्त्रण गर्न २०० अर्ब डलर बराबरका चिनिया सामानमा २५ प्रतिशतसम्म करवृद्धि गर्ने चीनले पनि प्रतिशोध स्वरूप अमेरिकी सामानमा करवृद्धि गरेको छ ।

अमेरिकी प्रविधि क्षेत्रका ठूला कम्पनीहरू हुवावे र जेडटीईमाथि प्रविधिको प्रयोग मार्फत सूचना चोरी गरेकोमा अमेरिकी नेतृत्व सिर्जना गरिएको छ ।

न्याय विभाग दुबैले उक्त समाचारका बारेमा कुनै पनि टिप्पणी गर्न अस्वीकार गरेका छन् । हुवावेले सन् २०१७ मै हुवावे र टी-मोबाइलबीचको विवाद टुङ्गिएको जनाएको छ । तर, टी-मोबाइलले आफ्नो व्यापारिक गोपनीयता चोरी गरेको आरोप हुवावेमाथि लगाएको हो ।

अमेरिकी न्याय विभागको उक्त नयाँ कदमले चीन र अमेरिकाबीच पहिल्यैदेखि जारी व्यापार विवादलाई अझ बढाउने जनाएको छ । हुवावेकी प्रमुख वित्तीय अधिकृत मेङ वान्झाओको क्यानाडामा भएको गिरफ्तारीले चीनसँग अमेरिका र क्यानाडाको सम्बन्धमा समस्या आएको छ । यद्यपी विश्लेषकहरूले चीन-अमेरिका व्यापार वार्ता नियमित रूपमै अघि बढ्ने अनुमान गरेका छन् तर कुनै निश्चित उपलब्धि तत्कालै सम्भव नहुने आशंका पनि बढेको छ । दुबै पक्ष आगामी मार्च १ तारिखभित्रै कुनै सहमतिमा नपुगे करिब २०० अर्ब अमेरिकी डलर बराबरका चिनिया सामानमा हाल लागेको १० प्रतिशत करवृद्धिलाई २५ प्रतिशत पुऱ्याइने अमेरिकाले जनाएको छ ।

'चिनियाँ अधिकारीहरूले वार्तालाई निरन्तरता दिनेछन्,' ब्रुकिङ इन्स्टिच्युसनका वरिष्ठ विश्लेषक डेभिड डोलरले भने, 'उनीहरू अमेरिकी न्याय विभागको कार्यबाट प्रसन्न हुने कुरै छैन, तर मेरो विचारमा उनीहरूले हुवावे मामिलालाई व्यापार वार्तामा उठाउने छैनन् ।'

अमेरिकी व्यापार प्रतिनिधिहरूले अमेरिकी प्रशासनको पछिल्लो कदमले दुबै मुलुकबीच जारी व्यापार वार्ताको वातावरणलाई नोक्सान पुऱ्याउन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

न्याय विभागले हुवावेकी प्रमुख वित्तीय अधिकृत मेङ वान्झाउमाथि पनि अभियोग लगाएको छ । संयुक्तराज्य अमेरिकाले मेङलाई सुपुर्दगी गर्न पनि क्यानाडासमक्ष आग्रह गरेको छ । मेङलाई क्यानाडामा गत वर्ष डिसेम्बर १ मा पक्राउ गरिएको छ ।

ह्वाइट हाउसकी प्रवक्ता सराहा स्यान्डर्समाथि हुवावे विरूद्धको फौजदारी अभियोगको चीन-अमेरिका व्यापार वार्तासँग कुनै सम्बन्ध छ कि भनी सोधिएको प्रश्नमा भने, 'छैन, यी दुबै कुरा परस्पर फरक विषय हुन् ।' दुबै पक्ष यस साता हुने वार्तामा ठोस उपलब्धि हुनेमा खासै आशावादी छैनन् ।

'यस साताको वार्तामा ठोस उपलब्धि होला भन्नेमा विश्वास लागेको छैन,' अमेरिका-चीन व्यापार परिषदका वरिष्ट उपाध्यक्ष एरिन एन्नीसले बताए ।

अमेरिकी व्यापारिक समुदायको समर्थनमा ट्रम्प प्रशासनले चीनमाथि आफ्नो अर्थतन्त्रमा आधारभूत परिवर्तन गर्न दबाब दिइआएको छ । चीनले भने अमेरिकी चाहनालाई अक्षरश: पालना गर्न नसकिने बताउँदै आएको छ । विश्लेषकहरूका अनुसार चीनले अमेरिकी शर्तहरू स्वीकार गरे पनि चिनीया बजारमा प्रवेश त्यति सहज छैन ।

अमेरिकी व्यापार प्रतिनिधि एवं प्रमुख वार्ताकार रोबर्ट लाइटिजरले बौद्धिक सम्पत्तिको राम्रो संरक्षण होस् भन्ने चाहेको बताए । उनले चीनले आफ्ना राज्य नियन्त्रित उद्योग व्यवसायलाई प्रदान गरिरहेको भारी अनुदानलाई कटौती गर्नुपर्नेमा जोड दिए । चिनिया अनुदानले स्वच्छ प्रतिस्पर्धामा जटिलता आएको अमेरिकी भनाइ छ ।

'अमेरिका-चीन इतिहासमै यस पटकको वार्ताको क्षेत्र निकै व्यापक र गहिरो छ,' ह्वाइट हाउसका वरिष्ठ आर्थिक सल्लाहकार ल्यारी कुड्लोले बताइन् । *विभिन्न अनलाइनहरूको सहयोगमा*

## जिल्ला समाचार

### "सप्तरङ" सांगीतिक कार्यक्रम सम्पन्न

धनुषा । जनकपुरधाम उपमहानगरपालिका-१० स्थित जानकी मन्दिरको प्राङ्गणमा ब्रोडकास्टिङ्ग प्रालिको आयोजना तथा प्रदेश प्रहरी कार्यालय प्रदेश नम्बर २ जनकपुर र जिल्ला प्रहरी कार्यालय धनुषाको सहकार्यमा समुदाय-प्रहरी साझेदारी अवधारणा अन्तर्गत'सप्तरङ्ग' सांगितिक कार्यक्रम आइतबार सम्पन्न भएको छ । प्रदेश नम्बर २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा पर्यटनमन्त्री रामनरेश राय, २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायव महानिरीक्षक हरिबहादुर पाल, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कंडेल, जिल्ला समन्वय समितिका अध्यक्ष रामदेव बनरैत, महिला अधिकारकर्मीहरू, बाल क्लवहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू र संचारकर्मीहरूको सहभागिता रहेको थियो ।

### कांग्रेसले गऱ्यो सरकार विरूद्ध विरोधसभा

कपिलवस्तु । नेपाली कांग्रेस कपिलवस्तुले तौलिहवामा सरकार विरूद्ध प्रदर्शन गरेको छ । जिल्लाका विभिन्न स्थानबाट आएका कार्यकर्ताहरूले सदरमुकाम तौलिहवामा नारा जुलुस गरी तौलिहवा बजार परिकमा गरेका थिए । बुद्ध पद्यम माविको खेल मैदानबाट सूरू भएको प्रदर्शन, नयाँटोल, गौढीचौक, भिक्षु चौक परिकमा गरि जिल्ला प्रशासन कार्यालय अगाडी आई सभामा परिणत भएको छ । सभामा केन्द्रीय सदस्य अतहर कमालले वर्तमान सरकारले दुई तिहाइको दम्भले जनता विरोधी काम गरेको हुँदा कांग्रेसले सडक र सदनमा आन्दोलनमा जानु परेको बताए । सरकारले संवैधानिक आयोग जस्ता निर्णयमा प्रतिपक्षको सहभागिता विना नै निर्णय गरी संविधान विरोधी कार्य गरेको आरोप लगाए । पूर्वमन्त्री दीपकुमार उपाध्यायले सरकारले जनताका आधारभूत आवश्यकता पूरा गर्नुको साटो जनतालाई झुटा आश्वासन दिने काम गरेको हुँदा सरकारलाई सचेत गराउन आन्दोलनमा जानु परेको बताए । जिल्ला सभापति सुरेन्द्रराज आर्चायले कृषिमन्त्री कपिलवस्तु जिल्लाकै भएपनि १ बोरा मलखाद्य किसानले पाउन नसक्नुले नै सरकाकरको काम जनताले मुल्याकन गरेको बताए ।

### "पर्यटन नै सुदूरपश्चिमको समृद्धिको आधार"

धनगढी । आइएमई ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्रप्रसाद ढकालले पर्यटन नै सुदूरपश्चिम समृद्धिको आधार भएको बताएका छन् । कैलाली उद्योग वाणिज्य संघले आयोजना गरेको सुदूरपश्चिम महोत्सवलाई सोमबार धनगढीमा सम्बोधन गर्दै अध्यक्ष ढकालले उक्त कुरा उल्लेख गरेका छन् । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टको प्रमुख आतिथ्यतामा सम्पन्न उद्घाटन सत्रलाई प्रदेशका मन्त्रीहरू, स्थानीय जनप्रतिनिधिहरू लगायत राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय उद्योगी व्यवसायीहरूले सम्बोधन गरेका थिए । कार्यकमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले स्थानीय स्तरमा आयोजना गर्ने यस्ता मेला महोत्सवले स्थानीय उत्पादनलाई चिनाउन महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै सुदूरपश्चिमका विद्यमान सम्भावनालाई अधिकतम् उपयोग गर्न नेपालको नीजि क्षेत्र तीनै तहका सरकारसँग सहकार्य गर्न तयार रहेको कुरा दोहोऱ्याए । सुदूरपश्चिम क्षेत्र दक्षिणी छिमेकी मित्रराष्ट्र भारतको सिमानासँग धेरै नजिक रहेकाले यहाँ उत्पादन हुने वस्तुहरूलाई अन्तर्राष्ट्रिय बजारसम्म निर्यात गर्नसमेत तुलनात्मक सहज रहेको कुरा उल्लेख गरे ।

### आस्था गुप्ता उत्कृष्ट

वीरगन्ज । प्याब्सन पर्साद्वारा आयोजित नारायणी रंगशालामा नकआउट फुटबल प्रतियोगिता र विरगंज खेलुकद भवनमा गर्ल्स ब्याडमिन्टनको तेश्रो दिन प्रतिस्पर्धा भएको छ । गर्ल्स ब्याडमिन्टन प्रतियोगिताको सोमवार भएको अन्तिम खेलमा न्यू वेभकी छात्रा आस्था गुप्ताले उत्कृष्ट विजय हासिल गरी प्याब्सन पर्सालाई चकित पारेकी छन् । प्याब्सनअन्तर्गत रहेको विभिन्न विद्यालयका छात्राहरूले खेलकुद भवनमा सोमबार र फाइनल खेलमा प्रतिस्पर्धा गर्ने क्रममा कञ्चनजङ्गा मा.वि, डि.पी.एस मा.वि, न्युवेभ मा.वि, र अल्पाईन मा.वि लगायतले प्रतिस्पर्धा गरेका थिए । सिंगल ब्याडमिन्टन प्रतियोगितामा न्यु वेभ मा.विमा अध्ययनरत आस्था गुप्ताले बेस्ट अफ थ्रीमा लगातार २ गेम जीति उत्कृष्ट खेलाडिको रूपमा प्याब्सन रूपमा गुप्तालाई प्याब्सनद्वारा सम्मानित गरिएको थियो । नकआउट फुटबल प्रतियोगिता-२०७५ को खेलमा प्याबसनअन्तर्गतका १४ वटा विद्यालयहरूले यस प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका छन् ।

### कैदीबन्दीहरू सन्तुष्ट

नेहाल खान, वीरगंज । वीरगंज कारागारको सुरक्षा व्यवस्थाका साथसाथै कैदीबन्दी विगत वर्षको तुलनामा नयाँ आन्तरिक प्रशासन भएदेखि कारागार भित्र रहेका १२ सयको हाराहारीमा कैदीबन्दीहरू सन्तुष्ट देखिएका छन् । विगत केही वर्ष अगाडि कारागारमा प्रत्येक ३-६ महिनामा कुनै न कुनै विवाद भइरहेका कैदीबन्दी आन्दोलनमा उत्रिन बाध्य हुन्थे । अहिले आएका नयाँ जेलर सुनिल खनाल र आन्तरिक प्रशासनका नायिके शेख भोलाको राम्रो व्यवहारले गर्दा कारागारमा रहेका कैदीबन्दीहरू चिन्तामुक्त भएको कारगार श्रोतले जनाएको छ । विभिन्न खाद्य सामग्रीहरू बाहिरको बजारभन्दा कुनै कुनै समानमा बजार र कारागार भित्रका उस्तै उस्तै मूल्य भएता पनि हरियो तरकारीमा बजारभन्दा केही कम दरमा भित्र पाउने गरेको समाचार प्रकाशमा आएको छ । किनकि कारागारमा रहेका आन्तरिक प्रशासनले १२ सय कैदीबन्दीहरूका लागि थोकमा खरिद गरी कैदीबन्दीको सुविधालाई मध्यनजर राख्दै २-४ रूपैयाँ कममा नै हरियो सब्जी तरकारीहरू पाउने गरेको आन्तरिक प्रशासनका नायिके शेख भोलाले जानकारी दिए ।

### रेडक्रसको साधारणसभा सम्पन्न

रौतहट । नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाको ३२औं वार्षिक साधारण सभा राजदेवी नगरपालिका वडा नम्बर ७ मुडवालबामा शनिबार सम्पन्न भएको छ । नेमधारी बासुदेव नमूना माध्यमिक विद्यालयमा भएको वार्षिक साधारण सभामा वक्ताहरूले नि:स्वार्थ भावले मन बचन कर्मले आत्मालाई साक्षी मानेर मानव सेवा गर्नुपर्ने जोड दिएका छन् । मानवीय सेवाभन्दा अरू कुनै धर्म ठूलो नभएको उनीहरूको निष्कर्ष थियो । जिल्ला सभापति संजीव कुमार मल्लिकको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति रौतहटका अध्यक्ष राम एकवाल राय यादवले नेपाल रेडक्रस संस्था सेवामूलक तथा विकासमूलक संस्था भएको बताएका छन् । उनले विपद दु:खमा परेका व्यक्तिको उद्धार स्थापना गर्ने प्रमुख दायित्व रेडक्रसले निर्वाह गर्दै आएको विश्लेषण गरे । अरू संघसंस्थाभन्दा फरक काम कर्तव्य नेपाल रेडक्रस सोसाइटीको रहेकोले यस संस्थालाई सबैले सहयोग गर्नुपर्ने धारणा राखे ।

### लुम्बिनी व्यूरोले दियो चेतावनी

लुम्बिनी । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आफ्नो संगठन विस्तार तथा सुदृढीकरण अभियान संचालन गरिरँहदा बुधबार अर्घाखाँचीको छत्रदेव गाउँपालिका ४ केरूङ्गाबाट अभियानकै क्रममा गुल्मी जिल्ला इन्चार्ज पूर्णबहादुर सिंह, सेक्रेटरी खिमबहादुर खड्का, अर्घाखाँची जिल्ला पार्टी सचिवालय सदस्य पिताम्बर पोखरेल र टुकलाल पुनलाई प्रहरीले गिरफ्तार गरेको छ । पार्टी अभियानको सिलसिलामा संगठन निर्माण तथा विस्तार गर्न पुगेका जिल्ला इन्चार्ज सहितको अभियान टोलीलाई प्रहरीले पक्राउ गरेको हो । देशभर संगठन निर्माणमा तिव्रता दिएको नेकपाले पछिल्लो समय अभियान चलाईरहेको थियो । विनाकारण आफ्ना नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरेको भन्दै नेपाल कम्युनिष्ट पार्टी लुम्बिनी व्यूरोले एक विज्ञप्ती जारी गर्दै तत्काल नछोडे कडा संघर्षमा जाने चेतावनी दिएको छ ।

### बर्दिया राष्ट्रिय निकुञ्जभित्र टाइमकार्ड

बाँके । बर्दिया राष्ट्रिय निकुञ्जभित्र मन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलगायत ठूला उच्च ओहोदाका व्यक्तिले प्रयोग गर्ने सवारी साधनसमेत निकुञ्जले जाँच शुरू गरेको छ । बर्दिया निकुञ्जभित्र सवारी साधनको ठक्करबाट वन्यजन्तु मर्ने घटना बढेपछि नियन्त्रणका लागि प्रशासनले टाइमकार्ड लागू गरेको छ । निकुञ्जको प्रवेश बिन्दुमा दिइने कार्डमा उल्लेख समयभित्र अर्को सुरक्षा पोष्टमा पुग्नुपर्छ समयमा तलमाथि भए जरिवाना तिर्नुपर्छ ।


खेत बाँझो राखे कडा दण्ड जरिबानाको कानुन आउँदैछ । तर, जग्गावाल वा अब त ठेक्कावाल पनि खेतीबाट बिमुख हुँदैछ । यसका कारणहरूको पहिचान हुनुपर्ने र त्यसको निदान भैरहेको छैन । अब यस्तो कानून मात्र आएर जग्गाको खेतिजन्य उपयोग बढ्न सक्ने सम्भावना देखिन्न् । **जेपी गुप्ता**


विभेदकारी नीति विरूद्ध संघर्षरत मधेश केन्द्रित दलहरू पनि सत्ता प्राप्ति पछि सिंहदरबारको मार्ग्चत्र अनुसरण गर्ने क्रममा देखिन्छ । संघीयताको सफल कार्यान्वयन गर्ने र गराउने दायित्व अरू भन्दा बढी मधेश सरकारको हो । स्मरण रहोस्, मधेशी जनताको जनादेश भ्रष्टाचार, जातीयता, अशिक्षा, गरीबी र सामुदायिक विभेद विरूद्धको हो । मधेश सरकारले यी विषयलाई समाधान गरेर देश समक्ष उदाहरण प्रस्तुत गर्न सक्नुपर्छ । **देवेश झा**


मान्छेको २४ घण्टाको एक दिन हुन्छ । इतिहासको १२ बर्षको एक दिन हुन्छ । मान्छेले हरेक बिहान मुख धुन्छ । इतिहासले हरेक १०-१२ बर्षमा मुख धुन्छ । इतिहासले मुख धुनु भनेको क्रान्ती हो । कुसाशन  यती बढ्यो कि देशमा एउटा अर्को क्रान्ती सुस्तरी सर्वत्र महशुस हुन थालेको छ । **डम्बर खतिवडा**


एनसेलबाट पुँजीगत लाभकर असुल गर्ने सर्बोच्चको ठहर स्वागतयोग्य छ । यसका लागि न्यायीक नेत्रृत्वलाई धन्यवाद । अब उच्च स्तरीय न्यायीक आयोग गठन गरी बिगतमा यस बिषयमा गलत र राष्ट्रघाती निर्णय गर्ने न्यायीक र प्रशासनिक क्षेत्रका मानिसहरूलाई कारवाही गर्नुपर्दछ अनि मात्र अरूका लागि सबक हुन्छ । **योगेश भट्टराई**


नमुना नेपालको नाममा उठाइएको आधा करोड भन्दा बढी रकम कुन्जना घिमिरेको व्यक्तिगत खातामा जम्मा गरिएको छ यो कानुन विपरित होइन र वा भ्रष्टाचार होइन र ? अब त्यो थन्क्याएर अर्को सपना बाड्नु धुर्मुसले सत्ताको पहुँचको दुरूपयोग होइन ? को-को छन् यो फाउन्डेसनमा ? एकल व्यक्तिले चन्दा उठाएर फाउन्डेसन चलाउन पाउने ? कानुन हो नेपालको ? बार्षिक लेखा परिक्षण र खर्चको पारदर्शीता खोंइ ? **शेखर ढुंगेल**


पुरानै कार्यशैली, पुरानै प्रवृत्ति अनि पुरानै विचार लिएर वा पुराना मान्छेलाइ देखि नसहेर, यी कुनै तरिकाले पनि वैकल्पिक राजनीति सम्भव छैन । पुरानाको योगदानको कदर गर्दै, मान्छेको अनुहार भन्दा पनि वैकल्पिक बिचार, वैकल्पिक कार्यशैली सहितको वैकल्पिक सङ्गठनले मात्र वैकल्पिक राजनिती गर्न सक्छ । **सागर भुसाल**


अनि नि सडक दुर्घटना, आगलागी लगायत घटनामा ज्यान गुमाउनेहरूको विभत्स तस्वीर नराखे अथवा 'ब्लर' गरेर राखे के हजुरहरूका अनलाइन, टेलिभिजन आदि चल्दैनन ? मृतकसँगै मानवतालाई त मर्न नदिनूस् न हो जान्नेहरू । **गनी अन्सारी**


पहिले राजाका छोरा बन्दूक बोकेर हिँड्थे, कहिल्यै पक्राउ पर्दैनथे । र हामी 'मिलेसम्म' विरोध गऱ्यौं । अहिले नेताका छोरा बन्दूक बोकेर हिँड्छन् । कहिलेकाहीँ पक्राउ पनि पर्छन् । 'पक्राउ परे' भनेर उनीहरू हड्ताल गर्छन् । हामी अहिले पनि मिलेसम्म विरोधै गर्छौं । सबै फेरिए, हामी फेरिन पाएनौं । **केदार शर्मा**


हिजोको दिनमा अनुशासनको पालना गर्न गाह्रो भएर स्वतन्त्रता खोज्दै विधि र व्यवस्थाहरू फाल्दै आन्दोलनमा हुमिएका जनताहरू आज संसद भवनभित्र सम्म पुग्दा न्याय, अनुशासन, नैतिकता,चरित्र स्वाभिमान र सुशासनबाट नाङ्गिएको अवस्था । नेपालमा कम्युनिष्ट सरकारको लुटाहा र निरंकुश प्रवृत्तिले राष्ट्रियता र प्रजातन्त्र धरापमा । **विन्दा गिरी**

## "आचार्यकुलम" स्थापना हुने

काठमाडौं । पतञ्जली आयुर्वेद हरिद्वार भारतका अध्यक्ष तथा प्रबन्ध निर्देशक आयुर्वेद शिरोमणि आचार्य बालकृष्णले पश्चिम नवलपरासीको सुनवलस्थित बाबा बर्दगोरिया धाम क्षेत्रमा 'आचार्यकुलम' स्थापना गर्न लागेका छन् ।

साथै जडीबुटी उत्पादन प्रशोधन तथा आयुर्वेदिक केन्द्र, योग ग्राम स्थापना तथा वैदिक कृषिलगायतका कार्यक्रम सञ्चालनका लागि उनले बर्दगोरिया क्षेत्रको स्थलगत अध्ययन अवलोकन गरे ।

आचार्यकुलम, गुरूकूल शिक्षाका साथै आधुनिक शिक्षा पद्धति अध्यापन हुने आवासीय शैक्षिक संस्था हो । यो शिक्षालय भारतको हरिद्वारमा योगगुरू स्वामी रामदेव र आचार्य बालकृष्णले संयुक्तरूपमा सञ्चालन गरिरहेका छन् । आचार्य बालकृष्णले आफूले नेपालमा लगानी गर्न चाहेको र त्यसका लागि बर्दगोरिया क्षेत्र उपयुक्त देखेको बताए ।

## नेपाललाई अनुदान सहयोग दिने

काठमाडौं । भारतले नेपाललाई यो वर्ष ११ अर्ब २० करोड रूपैयाँ (७ अर्ब भारू) बराबर अनुदान सहयोग दिने भएको छ । भारतका अन्तरिम वित्तमन्त्री पियूस गोयलले सार्वजनिक गरेको आर्थिक वर्ष २०१९/२० को युनियन बजेटमार्फत नेपाललाई ७ अर्ब भारू सहयोगको अनुमान पेश गरेका हुन् । विदेशी मुलुकलाई दिइने ऋण तथा अनुदानको सूचीमा यो रकम उल्लेख छ । बजेटमार्फत उसले पाकिस्तानबाहेकका दक्षिण एसियाली छ मुलुकसहित म्यानमार, मोरिसस, मंगोलियासहित अफ्रिकी, युरेसियन, ल्याटिन अमेरिकी क्षेत्रमा सहयोग गर्ने भएको छ । गत वर्ष झैं विभिन्न आर्थिक तथा क्षेत्रीय संगठनलाई दिइने अनुदान/ऋण सहयोग पनि बजेटमा छ ।

# रेल खरीद प्रक्रिया सुरू

काठमाडौं । जनकपुरको कुर्थादेखि भारतको जयनगरसम्म रेल सञ्चालनका लागि सरकारले खरीद प्रक्रिया अगाडि बढाएको छ । मन्त्रिपरिषद्को गत पुस २९ गते बसेको बैठकले रेल खरीद गर्ने निर्णय गरेकामा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय मातहतको रेल विभागले रेल खरीदका लागि तयारी गरेको हो । सरकारले चालु आर्थिक वर्षको बजेटमा रेल खरीदका लागि रू ५० करोड विनियोजन गरेकामा दुईवटा रेल खरीदका लागि उक्त बजेटले पुग्ने अवस्था नरहेको विभागको भनाइ छ । विभागकाअनुसार दुई वटा रेल र त्यसमा रहने ५ देखि १० वटा डिब्बाका लागि कम्तीमा पनि रू एक अर्ब ५० करोड आवश्यक पर्छ । यसका लागि अर्थ मन्त्रालयबाट थप बजेट उपलब्ध हुने विश्वास लिइएको छ ।

जनकपुरको कुर्थादेखि भारतको जयनगरसम्म रेल सञ्चालनका लागि प्रक्रिया अगाडि बढिरहेका बेला सरकारले सरकारीस्तरबाटै रेलका इञ्जिन खरीद गर्न लागेको हो । सरकारीस्तरमा नै दुई वटा रेल खरीद गरिनेछ । त्यसका लागि विभागले भारतका सरकारी कम्पनीसँग प्रस्ताव गरेको छ । केही प्रस्ताव भने प्राप्त भइसकेको छ । रेलका साथै कर्मचारी तथा प्राविधिक पनि आवश्यक पर्ने भएकाले नेपाली प्राविधिक तथा कर्मचारीलाई तालीम दिन जुन कम्पनीसँग रेल खरीद गरिन्छ त्यसैसँग सम्झौता गर्ने तयारी विभागको छ ।

पहिलो चरणमा कूल ३५ किलोमिटर लामो उक्त रेलमार्गमा रेल चलाउने तयारी भएको छ । रेलमार्गमा एक चरणको परीक्षण सम्पन्न भइसकेको छ । पुनः एक पटक नेपाली प्राविधिकसहित भारतीय प्राविधिकले पनि रेलमार्गको अनुगमन गर्ने भएको छ ।

निर्माण भएको रेलमार्ग भने केही दिनभित्रै भारतीय पक्षले नेपाल सरकारलाई हस्तान्तरण गर्ने जानकारी गराएको छ । भारत सरकारको रू १० अर्ब सहयोगमा उक्त रेलमार्ग निर्माण भएको हो । निर्माण भएको रेलमार्ग ब्रोडगेज हो ।

यस्तै विभागले अगाडि बढाएको केरूङ-काठमाडौं, रक्सौल काठमाडौं रेलमार्ग पनि अध्ययनको क्रममा छ । काठमाडौं उपत्यकामा नै थानकोट- धुलिखेल मेट्रो रेल र सातदोबाटो-बूढानीलकण्ठ मेट्रो रेल निर्माणका लागि अध्ययन भइरहेको छ ।

## "करियर गाइडेन्स सेसन" परामर्श

काठमाडौं । भारतका तीन विश्वविद्यालयका प्रतिनिधिले नेपालका विभिन्न कलेजमा विद्यार्थी र अभिभावकलाई 'करियर गाइडेन्स सेसन' परामर्श सञ्चालन गरेका छन् । नेपालका 'ग्यासियर इन्टरनेशनल', 'ट्रिटन', 'साइपाल', 'लालीगुराँस नेशनल', 'जुब्लियन्ट', बूढानीलकण्ठलगायत कलेजमा परामर्श चलिरहेको आयोजक 'अनट्र्याक कन्सल्टेन्सी' र 'ग्लोबल एजुकेटर्स एण्ड कन्सल्टेन्स'ले जनाएको छ । सेसनका लागि भारतको अनसल विश्वविद्यालयका उपकुलपति डा राज सिंह, एस आरएम विश्वविद्यालयका प्राध्यापक विनित बजाज, बिएमएल मुन्जाल विश्वविद्यालयका सहप्राध्यापक विनायक कल्लुरीलगायत अनसल विश्वविद्यालयका प्रतिनिधि काठमाडौं आएका छन् ।

## सरस्वती पुजा आयोजना गर्दै मैथिल युवा क्लब

काठमाडौं । विगत १३ वर्षदेखि मैथिल युवा क्लबले काठमाडौंको शान्तिनगरमा सरस्वती पुजा महोत्सव गर्दै आएको छ । सोही क्रममा यस वर्ष पनि क्लबले शान्तिनगरस्थित विद्यापति चौकमा आइतबार सरस्वती पुजनोत्सव समारोहको आयोजना गर्दैछ । सरस्वती पुजा समितिका संयोजक ठाकुर ऋतुराजका अनुसार आइतबार बिहान ११ बजेदेखि प्रसाद वितरण गरिने र १२ बजेदेखि सांस्कृतिक कार्यक्रमसमेत हुनेछ । यसैगरी, सरस्वती माताको मुर्ति भसान कार्यक्रम सोमबार दिउँसो १२ बजे सुन्दरीजलमा हुने ऋतुराजले मधेशवाणीलाई बताएका छन् ।

## "जेरियाट्रिक विज्ञ समूह" गठन

काठमाडौं । राष्ट्रिय मानवअधिकार आयोगले ज्येष्ठ नागरिकको अधिकारलाई प्राथमिकतामा राख्न आयोगका पूर्वसदस्य डा गौरीशङ्करलाल दासको अध्यक्षतामा 'जेरियाट्रिक विज्ञ समूह' गठन गरेको छ । आयोगले ज्येष्ठ नागरिकको स्वास्थ्यको अधिकारको संरक्षण गर्ने उद्देश्यले दासको अध्यक्षतामा प्राडा ध्रुवराज अधिकारी, डा दिनेश सापकोटा, डा रमेश कँडेल, डा रचना शर्मा, डा लोचना श्रेष्ठ र डा नरेन्द्रसिंह ठगुन्ना रहेको जेरियाट्रिक विज्ञ समूह गठन गरेको हो । आयोगले ज्येष्ठ नागरिकको अधिकारलाई प्राथमिकतामा राखी देशभरका वृद्धाश्रम तथा ज्येष्ठ नागरिक हेरचाह केन्द्रको अनुगमन गरी प्रतिवेदनसमेत प्रकाशित गरिसकेको छ ।

## आर्थिक समाचार

### एनसेलले ल्यायो "गज्जबको डेटा प्याक"

काठमाडौं । एनसेलका ग्राहकहरूले अब सुलभ दरका नयाँ अल टाइम प्याकहरू मार्फत इन्टरनेट सेवाको फाइदा लिन सक्नेछन् । एनसेल प्राईभेट लिमिटेडले 'गज्जबको डेटा प्याक' नामक आकर्षक नयाँ डेटा प्याक ल्याएको छ, जस अन्तर्गत ग्राहकले आफ्नो आवश्यकता अनुसार ७५ एमबी देखि ३ जिबी सम्मको विभिन्न प्याकहरू सुचारू गर्न सक्नेछन् । यस प्याक अन्तर्गत ग्राहकले एक दिनको समयसिमा रहेको ७५ एमबी डेटा प्याक  मात्र रू १५ (रू १९.१५ कर सहित) मा सुचारू गर्न सक्नेछन् । तीन दिनको समयसिमा रहेको २०० एमबी डेटा प्याक रू ३५ (रू ४४.६९ कर सहित) मा सुचारू गर्न सक्नेछन् । त्यसैगरी ग्राहकले ५०० एमबी डेटा प्याक रू ७५ (रू ९५.७७ कर सहित) मा खरिद गर्न सक्नेछन् । यो प्याकको समयसिमा सात दिनको हुनेछ । धेरै डेटा भोलुम प्रयोग गर्ने ग्राहकले एक महिनाको समयसिमा रहेको तीन जिबी डेटा प्याक मात्र रू ३५५ (रू ४५३.३०) मा लिन सक्नेछन् ।

### इन्स्योरेन्स र बैंकबीच सम्झौता

काठमाडौं । आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र कञ्चन विकास बैंक लिमिटेड महेन्द्रनगरबीच बैंक अस्योरेन्स सम्झौता भएको छ । उक्त बैंक अस्योरेन्स सम्झौतामा इन्स्योरेन्स कम्पनीका तर्फबाट सुदूरपश्चिम प्रदेशका प्रमुख सुमन तिमिल्सीना र कञ्चन विकास बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विरू रामजैशीले हस्ताक्षर गरेका छन् । सो बैंक अस्योरेन्स सम्झौतापश्चात सर्वसाधारण तथा बैंकका ग्राहकहरूले कञ्चन विकास बैंक लिमिटेडको कुनै पनि शाखाबाट छिटो, छरितो र सहज रूपमा आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको जीवन बीमा गराउनका साथै जीवन बीमा सम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन् । आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले हाल ६७ भन्दा बढी शाखामार्फत सेवा प्रदान गर्दै आइरहेको छ भने विभिन्न १० वटा योजनाहरू बजारमा ल्याएको छ ।










## निर्वाण चौधरीलाई वाईपीओ अवार्ड

काठमाडौं । चौधरी ग्रुपका प्रवन्ध निर्देशक निर्वाण चौधरीलाई सामाजिक कार्यमा उत्कृष्ट योगदानका लागि यङ्ग प्रेजिडेंट्स अर्गनाइजेशन (वाई.पी.ओ.) ले सोसियल इन्टरप्राइज नेटवर्क सस्टेनेबिलिटी (सेन) अवार्डद्वारा सम्मानित गरेको छ । चौधरी फाउण्डेसनमार्फत् नेपालको सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानका कारण उनी यस अवार्डका लागि छनौट भएका वाईपीओले जनाएको छ । शिक्षा, स्वास्थ्य, रोजगार, गरीबी निवारण, समानता, वातावरण संरक्षण लगायतका क्षेत्रमा प्रभावकारी कामको नेतृत्व गर्ने सदस्यहरू उक्त अवार्डबाट सम्मानित हुँदै आएका छन् ।

२०१८ मा सेन दिगो अवार्ड प्राप्त गर्ने अन्य व्यक्तित्वमा फेटजर भिनायार्डका सिईओ, गियानकार्लो बियानचेटी (व्यवसाय तर्फ), द वुमानिटी फाउण्डेसनका प्रेसिडेण्ट यान बोर्गस्टेट (समानता तर्फ), द लाईटहाउस व्रिस्टोका प्रेसिडेण्ट एलिजावेथ किन्नी (प्रभाव तर्फ) तथा सोना युक्तिका सिईओ चोको भालिआपा (शिक्षा तर्फ) रहेका छन् ।


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं